# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयप्रवेश

नेपाली साहित्यको क्षेत्रमा साहित्यकार भगवानचन्द्र ज्ञवालीले (२०१३, पाल्पा) कथा, नाटक एकाङ्की, समालोचना, अनुवाद रचना, सम्पादकीय, साहित्यिक र राजनैतिक लेख लेखन जस्ता विविध साहित्यिक र साहित्येतर विधामा कलम चलाएका छन् । आफ्ना विविध रचनाका माध्यमबाट नेपाली भाषा र साहित्यका क्षेत्रमा योगदान दिइरहेका ज्ञवालीको जीवनी र साहित्यिक र साहित्येतर व्यक्तित्वको खोजी गर्न बाँकी रहेको अवस्थामा यो शोध गरिएको हो । २०६१ मा **दोभान** कथासङ्ग्रह प्रकाशनबाट पुस्तकाकार रूपमा देखा परेका ज्ञवालीको त्यस पूर्व धेरै फुटकर रचना विविध पत्रपत्रिकामा छरिएर रहेका छन् । त्यसका साथै सोही समयावधिमा **जब मरेकाहरू ब्यूँझन्छन्** (२०६१) पनि प्रकाशन भएको छ । **असामान्य मनोविज्ञान परिचय** (२०६३) र नेपाली पाठ्यक्रमलाई ध्यानमा राखी **अनिवार्य नेपाली पुस्तक** (२०६१) पनि प्रकाशनमा आएका छन् । यसका साथसाथै उनका सम्पादकीय, समालोचनात्मक लेखहरू, अनुवादित पुस्तकहरू प्रकाशित छन् र यात्रा समालोचनाको (२०६८) समालोचना सङ्ग्रह पनि प्रकाशित छन् । यसका साथसाथै एउटा खण्डकाव्य र उपन्यास प्रकाशनोन्मुख अवस्थामा रहेको बुझिन्छ । यसरी नेपाली भाषा साहित्यमा भगवानचन्द्र ज्ञवालीबाट भएको उल्लेखनीय योगदानको खोजी गर्ने हेतुले यो शोध गरिएको हो ।

## १.२ शोध समस्या

प्रस्तुत शोधकार्यका समस्या निम्नलिखित छन् -

(क) भगवानचन्द्र ज्ञवालीको साहित्यिक जीवनी र व्यक्तित्व कस्तो छ ?

(ख) कृतित्वका दृष्टिले भगवानचन्द्र ज्ञवाली के कस्ता छन् ?

(ग) नेपाली साहित्यमा उनको के कस्तो योगदान छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छ -

(क) साहित्यकार भगवानचन्द्र ज्ञवालीको साहित्यिक जीवनी, व्यक्तित्व पहिचान गर्नु

(ख) साहित्यकार भगवानचन्द्र ज्ञवालीको साहित्यिक कृतित्वको विश्लेषण गर्नु ।

(ग) नेपाली साहित्यमा भगवानचन्द्र ज्ञवालीको योगदानको मूल्याङ्कन गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार भगवानचन्द्र ज्ञवालीका साहित्यिक कृति पुस्तकाकार रूपमा नाटक र कथासङ्ग्रह प्रकाशनमा आएका छन् भने साहित्येतर विषयका अनुवादित कृतिहरू पनि रहेका छन् । उनको **दोभान** कथासङ्ग्रहको समीक्षात्मक लेख **पुनर्जागरण** (२०६३) छापिएको जानकारी शोधनायकबाट प्राप्त भए तापनि सो पत्रिका प्राप्त हुन सकेन । त्यस बाहेक उनका कृतिका सम्बन्धमा अरू कुनै प्रकारको लेख वा समीक्षा र टिप्पणी भएको जानकारीमा आएको छैन । त्यसैले पनि उनका कृतिहरूको विषयमा अध्ययन विश्लेषण गर्न खोजिएको हो ।

## १.५ शोधकार्यको औचित्य

साहित्यकार भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व तथा कृतित्वका सम्बन्धमा अहिलेसम्म अनुसन्धान र अध्ययन नभएको परिप्रेक्षमा यो शोध गरिएको हो । यस अध्ययनले ज्ञवालीको व्यक्तित्वका सम्बन्धमा केही नयाँ जानकारी प्रकाशन गर्नुका साथै यसपछि उहाँको अध्ययन गर्न चाहनेहरूका लागि समेत यो शोधकार्य उपयोगी हुने विश्वास लिइएको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको, अध्ययन यस शोधकार्यको सीमा हो ।

## १.७ शोध विधि

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन पुस्तकाललीय र अन्तर्वार्ता/सम्पर्क दुई विधिबाट गरिएको छ । पुस्तकाललीय विधिअन्तर्गत भगवानचन्द्र ज्ञवालीद्वारा लिखित कृतिहरू प्रमुख सामग्रीका रूपमा रहेका छन् भने सहायक सामग्रीका रूपमा सैद्धान्तिक किताब रहेका छन् । अन्तर्वार्ता अन्तर्गत स्वयम् ज्ञवाली र उनका नजिकका केही व्यक्तिसँग सर्म्पक गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

| | |
|---|---|
| पहिलो परिच्छेद | शोधपरिचय |
| दोस्रो परिच्छेद | भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन |
| तेस्रो परिच्छेद | मूल्याङ्कन र उपसंहार |

# दोस्रो परिच्छेद

## भगवानचन्द्र ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्व

### २.१ जीवनी

### २.१.१ वंश परम्परा

भगवानचन्द्र ज्ञवालीको पुर्ख्यौली मूल थलो कर्णालीको सिञ्जा मानिन्छ तापनि गुल्मीका राजा ले पण्डितका रूपमा ल्याइएका सुमेरु नामका व्यक्तिबाट नै ज्ञवाली वंशपरम्पराको सुरूवात भएको बुझिन्छ । बुढ्यौलीमा विवाह गरेका सुमेरुको मृत्युपर्यन्त उनी यज्ञ गर्ने भएकोले उनकी श्रीमतीलाई यज्ञवाली नामले बोलाइएको र बोलाउने क्रममा अगाडिको **य** कर्तन भई ज्ञवाली बाँकी रहेको अनि त्यसैलाई थरका रूपमा प्रयोग गरिँदै आएको बुझिन्छ । ज्ञवालीको ११ औं पुस्तामा राजाबाट विर्ता पाएर गुल्मीबाट पाल्पाको गोखुङ्गामा बसाई सरी आएका हुन् र हाल ज्ञवालीहरूको मूल थलो पाल्पाको गोखुङ्गा रहेको मानिन्छ । ज्ञवालीका हजुरबुबा भने पाल्पा गाखुङ्गाबाट बसाई सरी बगुवा बेसीमा बस्नु भएको र पछि मात्रै ज्ञवालीको बाबु बगुवा बेसीबाट बसाई सरी पुनः गोखुङ्गामा बस्न थालेको बुझिन्छ (परिशिष्ट : ७२) ।

### २.१.२ जन्म र जन्म स्थान

हजुरबुबा बगुवा बसोवास गर्दै आए पनि भगवानचन्द्र ज्ञवालीको जन्म उनका बाबु बालकृष्ण ज्ञवाली गोसुङ्गा, पाल्पा बसाइ सरेपछि २०१३ साल श्रावण १८ गते मङ्गलबार बिहान ७ : ३० बजे आमा गङ्गादेवीका कोखबाट चौथो सन्तानका रूपमा करेसाबारीमा भएको बुझिन्छ (परिशिष्ट : ७२) । ज्ञवालीको न्वारानको नाम जगदीश ज्ञवाली हो भने उनको राशि धनु हो । शिक्षण पेसामा संलग्न उनका पिता बालकृष्ण ज्ञवालीका जम्मा ८ सन्तान मध्ये उनी अगाडिका ३ दिदीहरू छन् भने पछि चारजना भाइहरू रहेका छन् । भगवानचन्द्र ज्ञवालीका तीन दिदीहरूमध्ये जेठी दिदी शारदा हाल गोखुङ्गा, माहिली दिदी लक्ष्मी गुल्मी र कान्छी दिदी राधा, रूपन्देहीमा विवाहित जीवन व्यतीत गरिरहेका छन् । त्यस्तै ज्ञवाली पछिका चार भाइ क्रमशः लक्ष्मीचन्द्र, ईश्वरचन्द्र, कृष्णचन्द्र र सूर्यचन्द्र ज्ञवाली हाल रूपन्देही, तीनथाना, र अमेरिकामा बसोवास गर्दै आएका छन् । कार्य क्षेत्रमा भगवानचन्द्र ज्ञवाली नामले परिचित उनको साहित्यिक क्षेत्रमा भूषण उपाध्याय, भगवानचन्द्र उपाध्याय, भगनाचन्द्र ज्ञवाली यी तिनै नामले यिनी परिचित छन् । (परिशिष्ट : ७३)

### २.१.३ बाल्यकाल

भगवानचन्द्र ज्ञवालीको बाल्य काल पूर्णतः पाल्पाको गोखुङ्गा र बगुवा बेसीमा नै बितेको बुझिन्छ । बाल्यावस्था मानवजीवनको प्रारम्भिक चरण भएकाले यस उमेरका जुनसुकै बालकहरू पनि बालसुलभ आचरण, मनोरञ्जन तथा खेलकुदमा रमाएर बिताउने गर्दछन् । बाल्यकालमा आइपरेका आपदविपतको सामना गर्नुपर्दा कतिपय व्यक्तिले आफ्नो शारीरिक तथा मानसिक विकास बारे अलग रहनु पर्ने अवस्था आउँछ । वि.सं. २०२३ मा चैत २८ गते अर्थात् १० वर्षको उमेरमा मातृशोकमा परेका ज्ञवालीले आफ्ना शोकको सही प्रस्फुटन **आमा खोई**? नामक कविता लेखेर गरेको बुझिन्छ । त्यसैले उनको साहित्यको बीजारोपण उनको बाल्यकालमै भएको देखिन्छ । कुराकानीका क्रममा ज्ञवालीले आफ्नो बाल्य कालको विषयमा यस्तै अनुभव बताएका छन् । घरमा चौथो नानी र आफूपछि तीन भाइ पनि रहेका, ज्ञवाली सानामा आफ्नो भन्दा भाइहरूको हेरचाह बढि गरेको देख्दा आफू उपेक्षित भएको अनुभव गर्दथे । घरमा पितृसत्तात्मक माहोलको कारण उनी आफ्ना बुबासँग अलि बढी डराउँथे र आमा पनि नरहँदा बढी एक्लो अनुभव गर्ने गर्दथे भन्ने जानकारी हुन्छ । आफ्नै बुबा मुनि बसेर पढेका ज्ञवालीमा अलिकति डर रहेको तर पढाइमा राम्रो गरिरहेका कारण अलि आत्मविश्वास आएको कुरा उनी स्विकार्दछन् भने सामान्य घरको माहोलमा उनी हुर्किएको बताउँछन् । (परिशिष्ट : ७३) ।

### २.१.४ उपनयन

ब्राह्मण, क्षेत्री र वैश्यहरूका उमेर अनुसार आ-आफ्नै उपनयन संस्कार गर्नु पर्ने नियमहरू हाम्रो समाजमा छ । सोही अनुरूप भगवानचन्द्र ज्ञवालीको उपनयन ८ वर्षको उमेरमा पाल्पामा भएको हो (परिशिष्ट : ७३) ।

### २.१.५ शिक्षा दीक्षा

#### २.१.५.१ अक्षरारम्भ

जागिरको सिलसिलामा पिता बालकृष्ण ज्ञवाली पाल्पा गोखुङ्गामा स-परिवार बसोवास गर्ने क्रममा ज्ञवालीको अक्षरारम्भ आफ्नै पिताका हातबाट ३ वर्षको उमेरमा भएको थियो (परिशिष्ट : ७४) ।

### २.१.५.२ विद्यालय शिक्षा

प्रारम्भिक शिक्षा ५ वर्षको उमेरदेखि भगवानचन्द्र ज्ञवालीले आफ्नै पिताले स्थापित गरेको प्राथमिक विद्यालय भिर्बास **बालविनोद विद्यालय** पाल्पामा कक्षा १ बाट कक्षा ५ सम्म अध्ययन गरेका हुन् । तत्पश्चात् कक्षा ६ देखि कक्षा ९ सम्मको अध्ययन खिदिम **हरिहर संस्कृत पाठशाला**मा अध्ययन गरेको बुझिन्छ । ज्ञवालीले वि.सं २०२९ सालमा यू.पि. बोर्ड इलाहाबादबाट एस.एल.सी. उत्तीर्ण गरेको बुझिन्छ (परिशिष्ट : ७४ ) ।

### २.१.५.३ उच्च शिक्षा

वि.सं २०३१ सालमा यू.पि. बोर्डबाट आई.ए. अध्ययन सम्पन्न गरेका ज्ञवालीको उच्च शिक्षाको विवरण निम्नानुसार देखिन्छ :-

| साल | तह | क्याम्पस |
|---|---|---|
| २०३०-३१ | आई.ए. | यू.पि.बोर्ड इलाहावाद, भारत |
| २०३२-३३ | स्नातक | सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, भारत |
| २०३४-३५ | स्नातक | त्रि.वि., नेपाल |
| २०३९-४१ | स्नातकोत्तर नेपाली | त्रि.वि., नेपाल |
| २०३६-३९ | स्नातकोत्तर अंग्रेजी | त्रि.वि., नेपाल |
| २०५२ | बी.एड. | त्रि.वि., नेपाल |

यसरी वि.सं २०३० सालमा उनले सुरू गरेको अध्ययन कार्यमा **सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय**मा रहँदा संस्कृत **नव्य व्यारकण**, नेपाली र अग्रेजी मुख्य विषय बनाई अध्ययन गरेका थिए भने २०३२ सालमा **मेरठ युनिभर्सिटी**मा सुरू गरेको स्नातक भने केही व्यक्तिगत समस्याका कारण पहिलो वर्षमै समाप्त गर्नु परेको बुझिन्छ । त्यस पछि ***त्रिचन्द्र क्याम्पस***को अध्ययन भने उनले दिवा कक्षामा जागिर खाएर रात्रि कक्षामा पढी आफ्नो स्नातक पूरा गरेको बुझिन्छ । नेपाली विषयको स्नातकोत्तर क्याम्पसमै गई पढे तापनि अङ्ग्रेजी विषयको स्नातकोत्तर अध्ययन चाहिँ उनले आफैँले घरमा बसेर गरेको बुझिन्छ (परिशिष्ट : ७४) । यसप्रकार व्यावहारिकता, दिनरातको व्यस्तता र परिवारको आवश्यकताका कारण यिनले मेरठमा सुरू गरेको स्नातक र ल क्याम्पसमा सुरू गरेको बी.एल. भने अधुरो नै रहन गएको देखिन्छ ।

### २.१.६ बसोबास

हरेक मानिसमा आ-आफ्नै इच्छा र आकांक्षाहरू रहेका हुन्छन् । अनेक कल्पनाहरु हुन्छन् साथै अनेक विवशता र बाध्यताहरू पनि रहेका हुन्छन् । आफ्ना जीवनलाई व्यवस्थित बनाउनको लागि मानिसले हरेक प्रयत्नहरु गर्ने गर्छ र यस क्रममा यत्रतत्र चहार्ने गर्छ । चारै तर्फको दौडधुप पछि मानिस एउटा निश्चित टुङ्गामा आइपुग्छ र येनकेन जीवन धान्ने गर्छ । भगवानचन्द्र ज्ञवाली पनि यी कुराहरुबाट अलग रहन सकेका छैनन् । पाल्पा, स्याङ्जा, गोरखा, बनारस, धादिङ, रुपन्देही, वीरगञ्ज, काठमाडौं जस्ता विविध स्थानमा जागिर र अध्ययनका सिलसिलामा बसोबास गरेका ज्ञवाली हाल ललितपुर कुपण्डोलमा आफ्नी श्रीमती र छोरीका साथ डेरामा बसोबास गरिरहेका छन् । पुर्ख्यौली थलो सुरूमा पाल्पा रहे पनि पिता रुपन्देही बसाइँ सरी गएका कारण हाल सम्पूर्ण जायजेथा रुपन्देहीमै रहेको छ । यहाँ आफ्नो कमाइ अर्थात् कामधन्दाले घर परिवार संचालन गरेर ज्ञवाली जीवन व्यतीत गरिरहेका छन् ।

### २.१.७ विवाह, दाम्पत्य जीवन, सन्तान

विवाह समाजको एउटा यस्तो व्यवस्था हो जसले दुई व्यक्तिलाई एउटै सम्बन्धमा बाधेर जीवनयापन गर्न सिकाउँछ । मानव जीवनको अभिन्न अङ्गका रूपमा लिइने विवाहको महत्त्व हरेकको जीवनमा धेरै वा थोरै रूपमा रहेको हुन्छ । भगवानचन्द्र ज्ञवालीको विवाह १९ वर्षको उमेरमा पार्वती ज्ञवाली सँग भएको बुझिन्छ (परिशिष्ट : ७६) । एक रथका दुई पाङ्ग्राझैं जीवन यापनको उकाली ओराली पार गरेका ज्ञवाली दम्पतीको एक छोरा र एक छोरी जन्मिएका देखिन्छन् । ज्ञवालीका छोरा भाष्कर ज्ञवाली हाल जर्मनमा स्नातकोत्तर गर्दैछन् भने छोरी व्यवस्थापनमा स्नातकोत्तर सकेर हाल कुनै एक जापानी प्रोजेक्टमा कार्यरत भएको बुझिन्छ (परिशिष्ट : ७६) ।

### २.१.८ व्यावसायिक जीवन

विद्यालय स्तरको अध्ययन सकेर बानारसमा उच्च शिक्षा अध्ययन गर्ने क्रममा ६ महिना जति हरिद्वारमा कार्यरत रहे पनि पूर्ण रूपमा जागिरे जीवन २०३२ साल चैत्रमा धादिङ, पण्डित पौवा, **जनज्योति मा.वि.** मा गणित, विज्ञान र अङ्ग्रेजी शिक्षकका रूपमा सुरू गरेको बुझिन्छ (परिशिष्ट : ७५) । त्यसबेलादेखि हालसम्म काम गरेको शैक्षिक सङ्घ संस्थाको विवरण तल प्रस्तुत गरिएको छ ।

| क्र.सं. | शैक्षिक सङ्घ संस्थाको नाम | कार्यरत मिति | स्थान |
|---|---|---|---|
| १ | जनज्योति मा.वि. | २०३२ एकवर्ष | पण्डित पौवा, धादिङ |
| २ | बुटवल बोर्डिङ्ग स्कुल | २०३७ एक वर्ष | बुटवल |
| ३ | गजडी मा.वि. | २०४१/१/८<br>०४२/४/२५ | रूपन्देही |
| ४ | संस्कृत मा.वि. | २०४२-०४३ | देउले अर्चले, पाल्पा |
| ५ | बास्तरा चौराली मा.वि. | २०४४-०४५ | स्याङ्जा |
| ६ | **दोभान** मा.वि. | २०४६ | पाल्पा |
| ७ | ठाकुरराम बहुमुखी क्याम्पस | २०४९/८/१८-२०६० | वीरगञ्ज |
| ८ | वीरगञ्ज नर्सिङ्ग क्याम्पस | २०५१ | वीरगञ्ज |
| ९ | रत्न राज्यलक्ष्मी क्याम्पस | २०६१- हाल | काठमाडौं |

यसरी २०३२ सालमा आफ्नो जागिरे जीवन सुरू गरेका ज्ञवालीले हाल २०६९ सम्म यसलाई अगाडि बढाइ रहेको देखिन्छ । शैक्षिक सङ्घ संस्थाका अलवा वि.सं २०३३- २०३४ को समयावधि पण्डित्याईंमा बिताएको बुझिन्छ । सप्ताहा, देवी पुराण, गरुण पुराण भन्ने काममा पनि आफूलाई पारख गर्दै आएका ज्ञवालीले, २०३५ साल असार महिनामा सामान्य प्रशासनमा ना. सु. अस्थायी जागिर समेत खाएको देखिन्छ । वि.सं २०३६ सालमा भएको विद्यार्थी आन्दोलनमा सहभागी भए वापत उनको जागिर खोसिएको थियो भने गजडी मा.वि.मा अध्ययनको क्रममा समेत शिक्षक आन्दोलनमा सहभागी भए वापत उनलाई जागिरबाट निकाला र तीन महिनाको जेल सजाय मिलेको थियो । ठाकुरराम बहुमुखी क्याम्पसमा शिक्षकका रूपमा काम गरिरहेको समयावधिमा २०५८ साल मंसिर २८ गते माओवादीका नाममा उनी जेल चलान भई डेढवर्षसम्म जेल जीवन बिताउन उनी बाध्य भएको बुझिन्छ (परिशिष्ट :७५) ।

यसरी अनेकन उतारचढावबाट अगाडि आएका ज्ञवालीको प्रायः जसो समय शिक्षण पेसामा नै बितेको देखिन्छ । नेपाली, अंग्रेजी, विज्ञान जस्ता विविध विषयको अध्यापनमा सहभागी भएका ज्ञवाली हाल उपप्राध्यापकका रूपमा त्रि.वि. अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयको अध्यापनमा संलग्न छन् ।

### २.१.९ निष्कर्ष

वि.सं २०१३ सालमा पाल्पाको भुवनपोखरीमा जन्मिएका भगवानचन्द्र ज्ञवालीको हाल ललितपुर कुपण्डोलमा बसोबास रहेको छ । यिनको बाल्य काल पाल्पामा बितेको र त्यहीबाट अक्षरारम्भ र माध्यमिक तहसम्म अध्ययन गरेका ज्ञवालीले अध्ययनका लागि केही समय भारत जानुपरे पनि पुनः नेपालमै आएर अध्ययन पूरा गरेको देखिन्छ । जागिरको सिलसिलामा पाल्पा बुटवल, धादिङ, स्याङ्जा, रूपन्देही, वीरगञ्ज र काठमाडौंमा आफ्नो जीवनको लामो भाग खर्च गरे तापनि सोही समयमा साहित्यमा पनि क्रमिक रूपले उनी लागेका छन् । हाल उनी शिक्षण पेसामा रहेर यसै क्षेत्रमा आफ्नो उल्लेखनीय योगदान दिइरहेका देखिन्छन् ।

## २.२ भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व

जीवनका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछन् । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनुरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैँ एकै किसिमको काम मात्र नभई परिवेश अनुसारको एकरूपता भन्ने बुझिन्छ । व्यक्तित्व निर्माणमा कुनै मानिसका जीवन भोगाइमा आउने विविध घटना, आरोह-अवरोह, घात-प्रतिघात, द्वन्द्वप्रति द्वन्द्व, मोड-उपमोड, क्रिया-प्रतिक्रियाहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । साथै व्यक्तित्व निर्माणमा परिवेश, सामाजिक रहन सहन, पारिवारिक पृष्ठभूमि, शिक्षादीक्षा आदिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो । व्यक्तिको निजी व्यवहारसँग सम्बद्ध कुराहरूलाई निजी व्यक्तित्व भनिन्छ । त्यसमा आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । यसैगरी समाज अनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । सार्वजनिक व्यक्तित्वलाई पनि साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ । साहित्यिक व्यक्तित्वकै पनि स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व गरी दुई उपवर्ग भित्र वर्गीकरण गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वभित्र सिर्जना गरिएका साहित्यका विभिन्न विधागत अवस्था देखापर्छन् भने द्रष्टा व्यक्तित्वभित्र समालोचना, समीक्षा सम्पादकीय जस्ता कुराहरू पर्दछन् । साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न कार्यहरूका आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो ।

भगवानचन्द्र ज्ञवालीमा स्रष्टा र द्रष्टा दुबै व्यक्तित्व रहेको छ । एकातर्फ उनी साहित्य सिर्जनामा क्रमशः लागेका छन् भने अर्कोतर्फ उनी अरूका कृति अथवा विषयका

सम्बन्धमा द्रष्टा बनेर समालोचना, सम्पादन लेखमा पनि संलग्न छन् । सिर्जना र समालोचना यी दुबै क्षेत्रमा कलम चलाएका ज्ञवालीको अर्थात् स्रष्टा र द्रष्टा दुबै व्यक्तित्व सफल देखिन्छ । यिनको स्रष्टा, द्रष्टा व्यक्तित्व साहित्यिक व्यक्तित्व अन्तर्गत वर्णन गरिएको छ ।

## २.२.१ निजी व्यक्तित्व

व्यक्तिको आनीबानी व्यवहारसँग सम्बन्धित व्यक्ति धर्म नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले सार्वजनिक व्यक्तित्वमा प्रभाव पार्दछ । निजी व्यक्तित्वले व्यक्तिको आकार प्रकार साथै आन्तरिक आचरण, शील स्वभाव आदिको ज्ञान गराउँछ ।

व्यक्तिको शारीरिक बनोट आकार प्रकार नै बाह्य व्यक्तिसँग सम्बन्धित भएकाले भगवानचन्द्र ज्ञवालीलाई त्यसै अनुरूप हेर्दा यिनी पाँच फिट सात इन्च अग्ला, केही दुब्ला, हँसिलो मुखाकृति भएका, लाम्चो अनुहार, गहुगोरो वर्ण, चुच्चो नाक, जुँघा खौरने गरेका, लामा आँखा, मध्यम आकारका कान, कालो केस, दायाँ गालामा कोठी भएका ५० केजी वजन भएका दुब्ला तर स्वस्थ पढ्नका लागि चस्माको प्रयोग गर्ने व्यक्तिका रूपमा देखिन्छन् । अनावश्यक बातचित गर्न नरुचाउने ज्ञवाली मानिससँग सम्बन्ध निकै समय लगाएर बनाउने र ती सम्बन्ध गाढा वा कालान्तरका लागि रहने बताउँछन् (परिशिष्ट : ७७) । सँधै हँसिलो रहने, चाकडी चाप्लुसी गर्न पटक्कै मन नपराउने, स्वावलम्बी र आत्मनिर्भर बन्ने यिनको सानै देखिको बानी रहँदै आएको बुझिन्छ । उनका अनुसार उनी चित्त नबुझेको कुरामा तर्कवितर्क गर्नुपर्ने र आफ्ना विचार खुला रूपमा राख्ने गर्दछन् र मनमा कुरा लुकाउन सक्दैनन् (परिशिष्ट : ७७) । उनका सहकर्मीसँगको अनौपचारिक कुराकानीको सन्दर्भमा उनी सरल, मिलनसार, उदार विचार उनको विशेषता रहेको बेफजुलको बातचित गर्न नरुचाउने अन्तर्मुखी प्रकृतिको तर सही कुरामा तर्कवितर्क गर्न पछाडि नहट्ने उनको बानी देखिन्छ ।

यस्तै गरी खानपानमा दाल, भात, तरकारी, शाकाहारी र मांसाहार दुबै खाना खान मनपराउने ज्ञवालीलाई साग र गुन्द्रुक असाध्यै मनपर्छ । यिनलाई चिल्लो, पिरो र मसालादार परिकार भने त्यति मन नपर्ने बुझिन्छ । पहिरनमा साधारण शरीर सुहाउँदो सर्ट पाइन्ट लगाउन रुचि राख्दछन् भने फुर्सदको समय साहित्यिक कृति र मार्क्सवादी कृति पढ्न बढीरुचाउँछन् । बेलुका दश, साढे दश बजेतिर सुतेर सबेरै चार या साढे चार बजे उठ्ने बानी उनको रहेको छ (परिशिष्ट : ७७) ।

धर्मप्रतिको आस्थाका विषयमा भन्नु पर्दा यिनी सुरूका समयमा अध्यात्मवादी रहे तापनि पछिल्लो समयमा आफ्नो विचारधारामा परिवर्तन आएको कुरा उनी आफैं स्विकार्छन् । मानवतावादी सोच, डेढ वर्षीय जेल जीवन, राजनैतिक षड्यन्त्रको सिकार साथै विविध परिस्थितिको सामनासँग सँगै संस्कृतको आचार्य प्रथम वर्षसम्मको अध्ययन गरेर पण्डित्याइँ समेत गरेका ज्ञवाली पछिल्लो समयमा आफ्ना लेख रचना, सम्पादकीय, स्तम्भ लेखनमा समसामयिक विषयको, नारी हकहित, राजनैतिक विषयवस्तुप्रति बढी चासो, समाजका अन्याय, अत्याचार, पार्टीको लुछाचुडीमा आम जनताले भोग्नु परेका समस्या जस्ता तत्कालीन विषयमा बढी केन्द्रित हुने गरेका देखिन्छन् । रुढिवादप्रति विश्वास नगर्ने बानी यिनमा पाइन्छ । ५६ वर्षीय लामो जीवनको यात्रा तय गरिसकेका ज्ञवाली समयक्रमानुसार कविता, नाटक, कथा एकाङ्की, निबन्ध, गीत, गजल लेख रचनाप्रति अभिमुख हुँदै आएको पाइन्छ ।

## २.२.२ सार्वजनिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमै घुलमिल भएर बस्न चाहन्छ । व्यक्तिको समाजसँगको व्यवहारले नै सार्वजनिक व्यक्तित्वको निर्माण गर्ने गर्छ । समाजमा रहेर सामाजिक कार्यहरूमा लागिरहँदा त्यसबाट व्यक्तिमा देखापरेको प्रभाव सार्वजनिक व्यक्तित्व अन्तर्गत पर्दछ । व्यक्तिले समाजलाई जुन भाव र प्रेरणा प्रदान गर्दछ त्यही नै सार्वजनिक व्यक्तित्व भित्र पर्दछ (देवान, २०५७:२४) ।

भगवानचन्द्र ज्ञवाली ५६ वर्षको उमेरसम्म आइपुग्दा विभिन्न शैक्षिक सङ्घसंस्थामा कार्यरत देखिन्छन् । हालसम्म यिनले भाषा साहित्यको सेवामा पनि योगदान पुऱ्याइरहेका छन् । यसरी ज्ञवालीको सार्वजनिक व्यक्तित्वभित्र देखिने अनेक महत्त्वपूर्ण पक्षलाई **साहित्य र साहित्येतर** व्यक्तित्वभित्र राखेर चर्चा गर्नु उपयुक्त हुन्छ ।

### २.२.२.१ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको व्यक्तित्व त्यस व्यक्तिको साहित्यिक कृतिको अध्ययन गरेर निर्धारण गर्नुपर्ने हुन्छ । साहित्यका कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदि विविध विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । भगवानचन्द्र ज्ञवालीको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरूका आधारमा बुँदागत रूपले स्पष्ट गर्न सकिन्छ ।

वि.सं २०२५ सालमा हरिद्वार छात्र संघको मुखपत्र **सगरमाथा** पत्रिकामा **सपना** नामक कविता लेखनबाट औपचारिक रूपमा ज्ञवाली नेपाली साहित्यका फाँटमा प्रवेश गरेका हुन् । आफूँ बाँचिरहेको समाज र परिवेशमा मान्छेहरूले भोगिरहेको जिन्दगीको यथार्थता हेरेर साहित्य सिर्जना गर्ने ज्ञवाली नेपाली साहित्यिक फाँटमा कविता, नाटक, कथा, निबन्ध, समालोचनात्मक लेख, एकाङ्की गजल, गीत लेखेर योगदान गरेका छन् । त्यसका साथै उपन्यास खण्डकाव्य, कथासङग्रह जस्ता अप्रकाशित कृतिहरू पनि तयारी अवस्थामा छन् । उनको वर्तमान अवस्थासम्मको सिर्जनशील व्यक्तित्वलाई साहित्यिक व्यक्तित्वभित्र अध्ययन गरिएको छ ।

## कथाकार व्यक्तित्व

साहित्यको पद्य क्षेत्रको तुलनामा गद्य क्षेत्रमा बढी कलम चलाएका ज्ञवालीले साहित्यका विविध विधामा कलम चलाउने क्रममा कथा विधामा पनि उल्लेख्य रूपमा लेख्ने र प्रकाशन गर्ने कार्य गरेका छन् । २०६१ सालमा मात्रै प्रकाशन भएको **दोभान** कथासङ्ग्रह उनको मुख्य पुस्तककार कृति रहेको छ भने फुटकर रूपमा विविध पत्र पत्रिकामा उनको कथाहरू प्रकाशित भएका छन् । **दोभान** कथासङ्ग्रह अन्तर्गत १२ वटा कथा सङ्गृहीत छन् । यसभित्र समेटिएको कथावस्तुले समसामयिक समस्या, यौन समस्या, बाल मनोविज्ञान, सामाजिक समस्यालाई समेट्ने प्रयास गरेको छ । निम्न मध्यम वर्गीय पात्रको प्रयोग, भाषाशैली प्रयोगमा सरलता सहजता र कही कतै संस्कृत संवादको पनि प्रयोग उनका कथामा  पाइन्छ । प्रायः तराई क्षेत्रको परिवेश जीवनशैली, संस्कृतिको चित्रण ज्ञवालीको यस सङ्ग्रहका कथाहरूको विशेषता हो ।

ज्ञवालीका फुटकर रूपमा **नारायणी धारा** साप्ताहिक २०५० वर्ष १, अङ्क १, २७ मा **एकलास** लघु कथा र अङ्क २८ मा **औपन्यासिक गुरु आमा** दुई लघुकथा प्रकाशित छन् । तीमध्ये **औपन्यासिक गुरुआमा** यौन मनोवैज्ञानिक विषय वस्तुलाई लिई राधा नामक पात्रको जीवनशैलीको वर्णन गरिएको छ । स्वतन्त्रता पनि केही हदसम्म फाइदाजनक नहुन सक्छ भन्ने एकातिर बताइएको छ भने अर्कोतर्फ यस्तै विकृत चरित्रका व्यक्ति आज समाज सुधारका अगुवा बनी पनि हिँड्छन् । त्यसैले अब सुधार कसरी हुने हो भन्ने व्यङ्ग्य पनि गरेका छन् ।

त्यस्तै **एकलास** कथा रवि नाम पात्रले एकलासको शान्तिको खोजीमा एकान्तमा जति दुनियाका कुनाकाप्चा धाए तापनि वास्तविक शान्ति आफ्नो परिवार इष्ट मित्रको साथमा नै प्राप्त हुन्छ भन्ने भाव सहित कथा लेखन र प्रकाशन गरेका छन् ।

यसरी नै **मिर्मिरे** मासिक, २५८, पूर्णाङ्क ११ वर्ष २५, २०६३ ११ मा **जेलमा एक रात** नामक कथा पनि प्रकाशित भएको छ । हाल यिनका **दुईसत्ताको कथा** र **सङ्घर्षको बाटो** दुई कथासङ्ग्रह अप्रकाशित रूपमा रहेका छन् ।

## नाटककार व्यक्तित्व

ज्ञवालीको प्रकाशित कृतिहरूमध्ये नाट्य कृति पनि एक हो । **जब मरेकाहरू व्युझन्छन्** नामक नाट्य कृति (२०६१) भित्र **दृष्टान्त** र **स्वप्नभङ्ग** एकाङ्की पनि समावेश गरिएका छन् ।

यस नाटक तथा एकाङ्की सङ्ग्रहभित्र उनको **जब मरेकाहरू ब्युँझन्छन्** नाटक राजनैतिक विषयवस्तुलाई लिएर दुई अङ्क र जम्मा ९ दृश्यमा संरचित छ । समाजमा परिवर्तन र राजनैतिक सचेतताको खाँचो आजका दिनमा छ भन्ने भाव पनि यहाँ प्रष्ट पारिएको छ । त्यसै गरी **दृष्टान्त** एकाङ्की मृत्युपछि जीवनको कल्पना गरी लेखिएको छ जहाँ आफ्नो मृत्युपछि पनि आफूमाथि भएको थिचोमिचोको बदला लिन मृत आत्मा कसरी तत्पर हुन्छ भन्ने कुरालाई अतियथार्थवादी ढङ्गमा देखाइएको छ । यसका साथै **स्वप्नभङ्ग** एकाङ्कीमा पनि दुई पति पत्नीका बीचको संवादलाई नाटकीय रङ्ग दिएको छ । पति प्रवीणका अनुपस्थितिमा अनैतिक काम गरेर हिँडेकी लता पतिबाट छोडिए पछि माफीको आशामा आएको अवस्थासँग यो घटना प्रसङ्ग सम्बन्धित छ । यसरी समाजका सामान्य देखिने तर जटिल परिणाम हुन सक्ने विषय वस्तुलाई समेटेर ज्ञवालीले सीमित पात्रद्वारा सरल सहज रूपमा नाटक सिर्जना र प्रकाशन गराएका छन् ।

## निबन्धकार व्यक्तित्व

पुस्तकाकार रूपमा कुनै निबन्ध प्रकाशित नभए पनि फुटकर रूपमा उनका एक,दुई निबन्ध पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती हुन् :-

**नारायणी धारा** साप्ताहिक (वर्ष १, अङ्क ३५, २०५०) **को अर्थ के ?**

**नारायणी धारा** साप्ताहिक (वर्ष १,अङ्क ३९, २०५०) को **असलीदेखि सावधान** (व्यङ्ग्य निबन्ध)

**छोराको चित्त बुझाउँदा** निबन्ध बालकको सानो प्रश्नको अथाह जवाफ रहेको अवस्थामा बाबुले छोरालाई सन्तुष्ट पार्न नसकेको अवस्थाको वर्णन छ । ब्रम्ह्मण्डको सारा सृष्टि र ईश्वरको आकार कस्तो छ ? सायद त्यसको जवाफ मानिसले आफैँलाई पनि चित्त बुझ्ने गरी दिन सक्दैन भन्ने भाव यसमा समेटिएको छ । यसै गरी **अर्थ के** ? निबन्ध इतिहास विषयकको आत्मपरक निबन्ध हो ।

## कवि व्यक्तित्व

विद्यार्थी जीवनमै **आमा खोई** ?, **सपना** जस्ता कविताबाट आफ्नो कविता यात्रा अघि सार्ने ज्ञवालीका फुटकर रूपमा गद्य कविता, गीत गजल प्रकाशन भए पनि पुस्तकाकार कृतिका रूपमा भने कुनै कविता सङ्ग्रह, गीत गजल सङ्ग्रह प्रकाशित भएको छैन । त्यसैले उनको कवि व्यक्तित्व तिनै फुटकर रचनालाई यहाँ तालिकाबद्ध गरिएको छ ।

| पत्रिकाको नाम | वर्ष | अङ्क | कृतिको नाम |
|---|---|---|---|
| “ऐजेरु” मासिक | १ | ५ ।६ | भूतकाल कविता |
| “नारायणी धारा” साप्ताहिक | १ | २५ | किसान |
| ” | १ | २९ | म चाहन्छु ? |
| ” | १ | ३४ | अन्तर्चक्षु |
| ” | १ | ३६ | युद्ध अझै जारी छ |
| ” | १ | ४३ | शहीदको सम्झनामा |
| ” | २ | २४ | गीत |
| “सिन्धु प्रवाह” बहुभाषिक मासिक पत्रिका | १ | २ | भरिया दाइ -गीत |
| “नयाँ बिहानी” साप्ताहिक | १ | २३ | गजल |
| “नयाँ बिहानी” साप्ताहिक | १ | २३ | उज्यालो मृत्यु -कविता |
| “गौरी नववर्षाङ्क” मासिक पत्रिका | | | मेरो देश -छन्द कविता |

यसरी गद्य, पद्य गीत गजल, हिन्दी कविता रचना अभिप्रेरित रहेका ज्ञवालीका कवितामा देशभक्ति या देशप्रेम र समाज परिवर्तन र क्रान्तिको आवश्यकता जस्ता कुराहरूलाई समेटिएको छ । उनको **वीरभूमि** खण्डकाव्य लेख्न सकिएर प्रकाशनको क्रममा रहेको बुझिन्छ ।

## सम्पादक व्यक्तित्व

व्यक्तित्वलाई स्रष्टा र द्रष्टा दुई रूपबाट हेर्दा भगवानचन्द्र ज्ञवालीमा स्रष्टा व्यक्तित्वको साथसाथै द्रष्टा व्यक्तित्व पनि रहेको देखिन्छ । यसरी हेर्दा उनको सम्पादक, समालोचक व्यक्तित्वलाई द्रष्टा व्यक्तित्व अन्तर्गत अध्ययन गर्नुपर्ने हुन्छ । भगवानचन्द्र ज्ञवालीले विविध पत्रपत्रिकाको सम्पादन र स्तम्भ लेखनको काम पनि गरेका छन् । तीमध्ये **नारायणी धारा** साप्ताहिक (२०५०) मा उनले स्तम्भ लेखन गरेका छन् भने **नव सौगात** साप्ताहिक वीरगञ्जको २०५३ वर्ष १ अङ्क १ देखि १६ सम्म **सम्पादकको कलम** नामले सम्पदकीय लेखन र पत्रिका सम्पादन गर्ने काम गरेका छन् । त्यसमा राजनीतिक लेख, धर्म सम्बन्धका लेख, चुनावी सन्दर्भ, राजनीतिक व्यक्ति आदि जस्ता विविध विषयमा सम्पादकीय पनि लेखेका छन् । **नयाँ बिहानी** साप्ताहिक, वीरगञ्ज २०५४ को प्रधान सम्पादकका रूपमा काम, गरी वर्ष १ अङ्क १ देखि ३२ सम्म पत्रिका सम्पादन सम्पादकीय लेखन पनि गरेका छन् । जम्मा जम्मी एक वर्षको अवधिसम्म गरेको सम्पादनमा मुलुकको तत्कालीन समस्यालाई अगाडि ल्याउने काम गरेका छन् । ज्ञवालीले **कुर्चीमोह, भ्याटको औचित्य, एड्स दिवस, नेपालबन्द, मई दिवस, जन आन्दोलनका कुरा एमालको फुट दुर्भाग्यपूर्ण, कार्यगत एकताका खाँचो, वर्तमान नेपालको अवस्था, वीर सहीदहरूप्रति, मानव अधिकारको अवहलेना** जस्ता विविध विषयवस्तुमा आफ्ना विचार प्रस्तुत गर्नुका साथै जनमानसमा जागृतिको प्रयास पनि गरेका छन् ।

यसरी **प्रतीक** दैनिक पत्रिकामा सम्पादकीय लेखनका क्रममा २०५३-२०५६ वर्ष १० अङ्क १, २५६, २७७ र वर्ष १३, अङ्क ३० मा नेपाली भूमिमा भारतीय हस्तक्षेप विषयमा विविध लेखहरू लेखी नेपाल भारत सीमाको नाजुक मामलालाई पनि अगाडि ल्याउने कोसिस गरेका छन् भने **प्रतीक** दैनिक पत्रिका वर्ष १४, अङ्क ३१२ मा **विश्व साम्राज्यवाद र दरबार हत्याकाण्ड,** अङ्क ३३९ र ३४० मा क्रमशः **नेपाली जनताले बुझ्नुपर्ने कुरा १, नेपाली जनताले बुझ्नुपर्ने कुरा २,** जस्ता लेख पनि प्रकाशन गरेका छन् । यसरी पत्रपत्रिकाको सम्पादन, लेख, स्तम्भ लेखन जस्ता कार्य मार्फत नेपाली जन मानसमा जागृतिको किरण छर्ने प्रयास उनले गरेको कुरा मान्नै पर्ने हुन्छ ।

## समालोचक व्यक्तित्व

अन्य विधा जस्तै उनले समालोचनाका क्षेत्रमा पनि कलम चलाएका छन् । उनका फुटकर समालोचना विविध पत्र पत्रिकामा प्रकाशित छन् । **मधुपर्क** २०६४ पुस अङ्कमा

**संस्कृत लोक संस्कृति र लोक विश्वासको अन्तःसम्बन्ध** नामक लेख प्रकाशित छ । रत्न राज्यलक्ष्मी क्याम्पसद्वारा वार्षिक रूपमा प्रकाशित हुने **उन्मेष** पत्रिकाको (२०६६) अङ्क १० मा **मनोविज्ञानको नजरभित्र मसानको स्वरूप** समालोचनात्मक लेख प्रकाशित छ भने २०६८ को अङ्क १२ मा **तासको जामा नाटकमा द्वन्द्वको अवस्था** लेख पनि प्रकाशित छ । यस्तै गरी पुस्तकाकार रूपमा उनको **यात्रा समालोचनाको** पुस्तक प्रकाशित छ ।

### अनुवादक व्यक्तित्व

ज्ञवालीले विविध विधामा कलम चलाउने क्रममा अनुवाद रचनाका क्षेत्रमा पनि आफ्नो योगदान दिएका छन् । उनको अनुवाद लेखन अन्तर्गत **आधुनिक चीनको आवधिक इतिहास** (२०६४) **विश्वचर्चित पश्चिमेली उपन्यासहरूको कथासार** (२०६४) **मार्क्सदेखि माओत्सेतुङसम्म** (२०६३) प्रकाशित छ । यी पुस्तकाकार कृतिहरूलाई हेर्दा उनीभित्र एक सचेत अनुवादक व्यक्तित्व रहेको प्रष्ट देख्न सकिन्छ ।

## २.२.२.२ साहित्येतर व्यक्तित्व

भगवानचन्द्र ज्ञवाली बहुमुखी प्रतिभा भएका व्यक्ति हुन् । यिनले साहित्यका साथै साहित्येतर सृजनाका क्षेत्रमा पनि योगदान दिएका छन् । यहाँ उनको त्यही साहित्येतर व्यक्तित्वको अध्ययन गरी चर्चा गरिएको छ । उनको मनोविज्ञान सम्बन्धी **असामान्य मनोविज्ञान परिचय** (२०६३) पुस्तक पनि प्रकाशित छ । त्यसको साथै बी.एड. तीन वर्षे स्नातक तहको **अनिवार्य नेपाली** पाठ्यपुस्तक (२०६१) पनि प्रकाशित छ । जुन उनको साहित्येतर लेखनको परिचय दिन काफी छ ।

वि.सं २०३२ देखि हाल २०६८ सम्म पनि उनी शैक्षिक संस्थामा कार्यरत रहेर आफ्नो योगदान पुऱ्याइ रहेका छन् । नोकरीको अधिकांश समय राजधानी भन्दा बाहिर बिताउने ज्ञवाली केही साल यता राजधानीको रत्न राज्यक्याम्पसमा उपप्राध्यापकको रूपमा कार्यरत छन् ।

भगवानचन्द्र ज्ञवाली नेपाली भाषा बाहेक अंग्रेजी, हिन्दी आदि भाषाको पनि ज्ञाता भएकाले उनको व्यक्तित्व बहुभाषिक देखिन्छ । उनी आफूले सकेको सहायता गर्न रुचाउने, आफ्नो शरीरको अङ्ग पनि आफ्नो मृत्युपर्यन्त दान दिने चाहना भएका ज्ञवालीले आफ्नो नेत्र दान दिइसकेका छन् । त्यसबाट उनको समाजसेवी व्यक्तित्व पनि प्रष्ट झल्किन्छ । वामपन्थी विचारधारा भएका ज्ञवालीको राजनीतिक व्यक्तित्व अर्को पाटो हो । करिब डेढ

वर्ष जेल जीवन व्यतीत गरिसकेका ज्ञवाली राष्ट्रको प्रगति र विकासको चाहना राख्छन् । यी सम्पूर्ण व्यक्तित्वहरूलाई हेर्दा भगवानचन्द्र ज्ञवालीलाई बहु व्यक्तित्वका धनी भन्न सकिन्छ ।

### २.२.२.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तः सम्बन्ध

भगवानचन्द्र ज्ञवालीको करिब ६ दशक लामो विभिन्न परिवेशका माझबाट गुज्रेको देखिन्छ । यही लामो अवधिको जीवन भोगाइका क्रममा अनुभव गरेका सरल तथा जटिल परिस्थितिहरूले उनलाई एउटा निश्चित मार्गदर्शन गर्दै लागेको कुरा जीवनी अध्ययनबाट नै स्पष्ट हुन्छ । अध्ययन गर्दाको अनुभव, विभिन्न संघसंस्थामा कार्य गर्दाको ज्ञान एवम् सीप जागिरको सिलसिलामा काम गर्दाको क्षण, बाल्यकालदेखि हालसम्मको बसोवासको आरोह अवरोह आदिले पनि यिनको साहित्यिक व्यक्तित्व निर्माण भएको छ । उदार चित्त र सहृदयी व्यक्तित्व भएका भगवानचन्द्र ज्ञवाली मूलतः नाटककार र कथाकारका रूपमा देखापर्दछन् । यिनका कथा र नाटकमा समाजका कुरीतिप्रति व्यङ्ग्य गर्दै समाज सुधारको भावना पोखिएको पाइन्छ । विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारका कृति र आफ्नो जीवन भोगाइका क्रममा सम्पर्कमा आएका साहित्यकारहरूको प्रोत्साहन नै यिनको साहित्य लेखनका प्रेरक तत्व बनेका छन् । साहित्यका विविध सर्जक **लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, युद्धप्रसाद मिश्र, वि.पी. कोइराला**प्रति यिनी श्रद्धावान देखिन्छन् भने उनीहरूको रचना कौशलबाट यिनमा प्रभाव परेको देखिन्छ । यसै गरी नेपाली भाषाका साहित्यकारका अतिरिक्त पाश्चात्य हिन्दी र संस्कृत साहित्यका विशिष्ट साहित्यकारहरूको पनि यिनमा आंशिक रूपमा प्रभाव परेको देखिन्छ ।

गाउँदेखि सहरसम्मको सामाजिक जीवन भोगिसकेका ज्ञवालीले ग्रामीण एवम सहरी परिवेशलाई हेरी साहित्य सिर्जना गरेका छन् । यिनका साहित्यिक रचनामा ग्रामीण एवम् सहरी जीवनको विकृति, चाकडी चाप्लुसी, सामाजिक विकृति विसङ्गतिप्रति तीव्र रोष तथा व्यङ्ग्य पाइन्छ । साथै नारीप्रति सद्भाव, नारीमनको चित्रण, राष्ट्रप्रेम, गरिबी अशिक्षा, प्रेम, यौन, राजनीति आदि विषयहरू पनि आएका छन् ।

मध्यमवर्गीय परिवार अध्ययनको क्रमिकता, जागिरे जीवन आदिको माझमा साहित्यमा जागरुक रहेका ज्ञवाली आफ्नो बाल्यकालदेखि नै साहित्यमा झुकाव राख्ने र बढ्दो उमेरसँगै बढ्दै जाँदा साहित्य लेखनमा क्रमिकता बढेको कारणले यिनको जीवन र साहित्य लेखनबीच अन्तः सम्बन्ध रहेको देखिन्छ ।

## २.३ भगवानचन्द्र ज्ञवालीका कृतित्वको अध्ययन

### २.३.१ सृजनाको प्रेरणा र प्रभाव

जुनसुकै साहित्यकारहरूमा कुनै लेख, रचना, कविता, गीत आदि सिर्जना गर्दा कसैको प्रभाव र प्रेरणा रहेको वा परेको हुन्छ । यसका अतिरिक्त प्रसिद्ध साहित्यकारहरूका कृतिको अध्ययन गरेर पनि कतिपय साहित्यकारले साहित्य सिर्जना गरेको पाइन्छ । भगवानचन्द्र ज्ञवालीको लेखन कार्यप्रतिको जागरुकता पनि यस्तै विभिन्न क्षेत्र एवम व्यक्तित्वबाट प्रभाव र प्रेरणा प्राप्त गरेर अघि बढेको देखिन्छ ।

ज्ञवालीको साहित्यिक जीवन निर्माणमा उनको बाल्यकाल बितेको पाल्पा र वरपरको प्राकृतिक वातावरण, त्यहाँको मानिसहरूको जीवनशैली कारक बनेको पाइन्छ । त्यसको साथसाथै १० वर्षको उमेरमा नै सहन गरेको मातृशोकले पनि उनलाई साहित्यिक प्रेरणा दिएको बुझिन्छ । मोदनाथ प्रश्रितद्वारा लिखित **बुबा खोई** ? कविताबाट प्रेरित भई सोही समयमा उनले **आमा खोई** ? भन्ने कविता ६० श्लोक लेखन गरेका थिए । पछि गएर **लियो टोल्सटोय, हेनरिक इब्सेन, माक्सिम गोर्की** जस्ता पाश्चात्य साहित्यकारका कृति विशेष अध्ययन र नेपालका साहित्यकारमध्ये **लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, युद्ध प्रसाद मिश्र**जस्ता साहित्यकार र तिनका साहित्यिक कृतिबाट यिनी आफू प्रभावित भएको मान्दछन् (परिशिष्ट : ७६) ।

यसरी पूर्वीय र पाश्चात्य साहित्यको अध्ययनको प्रभाव र प्रेरणा स्वरूप हाल उनको कतिपय कृति फुटकर रूपमा कतिपय पुस्तकाकार रूपमा र कतिपय कृति अप्रकाशित अवस्थामा रहेको बुझिन्छ ।

### २.३.२ लेखनकार्य


उल्लिखित **आमा खोई** ? कविताबाट नै उनको लेखनकार्यको आरम्भ भए तापनि विधागत ज्ञान र उमेरको परिपक्कतालाई हेर्ने र प्रकाशनको हिसाबले उनको हरिद्वार छात्र संघको मुखपत्र **सगरमाथा** पत्रिकामा प्रकाशित **सपना** कविता वि.सं. २०२५ लाई उनको प्रथम प्रकाशित रचना मान्नुपर्ने हुन्छ (परिशिष्ट : ७६) ।

यसपश्चात वि.सं २०४८ सालमा **नवस्रष्टा** पत्रिकाको सम्पादनको क्रममा सोही पत्रिकामा **'बादल'** नामक एकाङ्की पनि प्रकाशित गरे । यसै क्रममा **ऐजेरु** मासिक वर्ष १, अङ्क ५-६ मंसिरमा **'भूतकाल'** नामक कविता प्रकाशन गरेका थिए ।

वीरगञ्जमा बसोवास गर्न थालेपछि भने उनको छिटफुट रचना पत्रिकामा प्रकाशित हुन थाल्यो तर पुस्तकाकार कृति भने प्रकाशनमा आएको थिएन । २०५० सालको **नारायणी धारा साप्ताहिक**, **नव सौगात**, **नयाँ विहानी**, **प्रतीक** आदि पत्रिकामा भूषण उपध्याय, भगवानचन्द्र ज्ञवाली विविध नामले उनको कथा, एकाङ्की, निबन्ध, समालोचना, गीत, कविता, आदि रचना प्रकाशन भएको बुझिन्छ भने पुस्तकाकार कृति २०६१ पछि मात्र अगाडि आएका देखिन्छन् ।

### २.३.३ कृतिहरूको परिचय र वर्गीकरण

भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व बाल्यकालदेखि नै कवि व्यक्तित्वबाट सुरू भई कथाकार, नाटककार, समालोचक, सम्पादक, अनुवादक, निबन्धकार आदि व्यक्तित्वको क्रममा विकास भएको पाइन्छ । लेखनका दृष्टिले फुटकर रूपमा रचनाहरू प्रकाशन भइरहे तापनि ज्ञवालीका पुस्तकाकार कृतिको प्रकाशनको दृष्टिले २०६१ सालपछि मात्र पुस्तकाकार रचना प्रकाशित भएका छन् । उनको प्रकाशित कृतिहरूलाई निम्न लिखित रूपमा वर्गीकरण गर्न सकिन्छ :




भगवानचन्द्र ज्ञवालीका कृतिहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरिएको छ । साहित्यिक अन्तर्गत गद्य विधामा एउटा नाटकसङ्ग्रह र एउटा कथासङ्ग्रह प्रकाशित छन् र केही रचना फुटकर रूपमा पत्रिकामा प्रकाशित छन् । पद्य विधा अन्तर्गत पनि पुस्तकाकार कृति नरहेका कारण फुटकर रचनालाई अन्त्यमा सूचीको

रूपमा प्रस्तुत गरिएको छ । तीन अनुवाद सङ्ग्रह, एक **अनिवार्य नेपाली** पाठ्यपुस्तक र **असामान्य मनोविज्ञान** विषयक पुस्तकको लेखन र प्रकाशन उनले गरेका छन् ।

### २.३.३.१ साहित्यिक कृति

ज्ञवालीको साहित्य क्षेत्र विविध विधामा कलम चलाए तापनि कृति पुस्तकाकारमा कथासङ्ग्रह र नाटकसङ्ग्रह मात्र प्रकाशित छ । बाँकी निबन्ध, समालोचना, सम्पादकीय एकाङ्की, कविता, कथा फुटकर रूपमा प्रकाशित छ । त्यसैले फुटकर रचनाको उल्लेख कृति परिचयको अन्त्यमा सूची प्रस्तुत गरिएको छ । उनको तीन साहित्यक कृतिहरू **दोभान** कथासङ्ग्रह, **जब मरेकाहरू व्युँभन्छन्** नाटकसङ्ग्रह र **यात्रा समालोचनाको** सामान्य परिचय गरिएको छ ।

**दोभान** कथासङ्ग्रह

भगवानचन्द्र ज्ञवालीको **दोभान** कथासङ्ग्रहका कथा केही २०५२/५३ तिर लेखिएका र केही २०५९ सालमा जेलमा रहेको अवस्थामा लेखिएको कथासङ्ग्रह हो (परिशिष्ट : ७७) । यसको प्रकाशन **विवेक सिर्जनशलि प्रकाशन** प्रा.लि. काठमाडौं ले भदौ २०६१ मा प्रकाशन गरेका छन् । प्रस्तुत सङ्ग्रहको बाह्य संरचना ६४ पृष्ठमा संरचित छ भने यसमा जम्मा १२ वटा कथा समेटिएको छ । समसामयिक विषयवस्तु समेटिएका यस सङ्ग्रहका कथाहरू छोटो लघु आकारका छन् ।

**जब मरेकाहरू व्युँभन्छन्** नाटक

ज्ञवालीको प्रस्तुत नाटकको रचना २०५१ सालतिर भए पनि प्रकाशन भने २०६१ मा विवेक सिर्जनशील प्रकाशनले नै प्रकाशित गरेको हो (परिशिष्ट : ७७) । प्रस्तुत नाटकमा दुई एकाङ्की पनि समेटिएको छ **स्वप्नभङ्ग र दृष्टान्त** । प्रस्तुत सङ्ग्रहको बाह्य संरचना ६४ पृष्ठमा संरचित छ । यसरी यस सङ्ग्रहमा **स्वप्नभङ्ग दृष्टान्त** एकाङ्कीहरू र **जब मरेकाहरू व्युँभन्छन्** नाटक समेटेर नाटक एकाङ्की सङ्ग्रहको रूपमा प्रस्तुत गरिएको छ ।

**यात्रा समालोचनाको**

ज्ञवालीको प्रस्तुत पुस्तक २०६८ साल आश्विनमा **स्वदेश** प्रकाशन प्रा.लि. ले प्रकाशन गरेको छ । यसको सुरूको पृष्ठमा गाढा नीलो रङको प्रयोग गरिएको छ भने मुखपृष्ठको मध्य भागमा पहेलो अक्षरले **यात्रा समालोचनाको** भनी लेखिएको छ । आमाबुवामा समर्पण भनी दोश्रो पृष्ठमा लेखिएको छ भने प्रा.डा. दयाराम श्रेष्ठ 'सम्भव'को मन्तव्य रहेका छ । प्रस्तुत संग्रहको बाह्य संरचना १३९ पृष्ठमा संरचित छ । जम्मा १४

वटा समालोचनात्मक लेखहरू समेटिएको प्रस्तुत संग्रहका केही लेखहरू भने पहिले नै पत्रपत्रिकामा फुटकर रूपमा छापिइ सकेका छन् । त्यस्ता लेखहरूमा **'तासको जामा' नाटकमा द्वन्द्वको अवस्था, 'श्रीमैयाको इयर्लिङ्ग' माथि मेरो नजर, 'स्वर्ग र देवताको' स्थूल विवेचना, 'अन्धवेग' नाटकमा असामान्य मनोदशाको अभिव्यक्ति, 'स्मृतिको पर्खालभित्र' चियाएर हेर्दा** आदि पर्दछन् । यी बाहेक उनका अन्य लेख नेपाली भाषा, क्रान्ति गीत र थारु जातिको उत्पति र साहित्यिक लेखहरू पनि प्रकाशित छन् ।

**'निसाना'का आवरणभित्र, 'रक्तक्रान्तिका गीतहरू'मा क्रान्तिको गहनता, होमरको रचनामा एक दृष्टि, लङ्गडाको साथीसँगको मेरो अनुभूति, पश्चिमेली रङ्गमञ्चका इतिहासमाथि एक दृष्टि, नेपाली भाषाको अध्ययन र शब्दसङ्ग्रहः एक सिंहावलोकन, थारु जातिको उत्पति र हाम्रो समाज, भानुभक्तबारे** आदि पनि ज्ञवालीका प्रकाशित समालोचनात्मक लेख रचनाहरू हुन् ।

### २.३.३.२ साहित्येतर कृति

भगवानचन्द्रका साहित्येतर कृति का रूपमा तीन अनुवाद रचना क्रमशः **मार्क्सदेखि माओत्सेतुङसम्म**
**(२०६३), आधुनिक चीनको आवधिक इतिहास** (२०६४) **विश्वप्रसिद्ध पश्चिमेली उपन्यासहरूको कथासार** (२०६४) प्रकाशित छन् । त्यसका साथै उनका तीनवर्षे बी.एड. पाठ्यक्रम अन्तर्गतको **अनिवार्य नेपाली पुस्तक** (२०६१) र **असामान्य मनोविज्ञान परिचय** ( २०६३) जस्ता साहित्येतर विषयका कृतिहरू प्रकाशित छन् । यसका साथै उनका फुटकर लेखहरू अन्त्यमा सूचीकृति रूपमा प्रस्तुत गरिनेछ । उनका पाँच साहित्येतर पुस्तकको सामान्य परिचय तल प्रस्तुत गरिएको छ :-

**अनिवार्य नेपाली पुस्तक**

ज्ञवालीको प्रस्तुत पुस्तक २०६१ सालमा बालचन्द्र पुस्तकालय, (भुवनपोखरी ९ पाल्पा) ले प्रकाशित गरेको हो । त्रि.वि.द्वारा निर्धारित तीन वर्षको (बी.एड. तहको नयाँ पाठ्यक्रम अनुसारको अनिवार्य नेपाली पुस्तककारूपमा यसको प्रकाशन गरिएको छ । प्रस्तुत पुस्तकको बाह्य संरचना ३९४ पृष्ठमा संरचित छ । बाह्र एकाईमा विभाजन गरिएको यस पुस्तकमा व्याकरण सम्बन्धी विषयको विश्लेषण एकाइ ७ सम्म गरिएको छ भने एकाइ ८ देखि बोध र अभिव्यक्ति सम्बन्धका विषयको विश्लेषण छ र एकाइ १२ कृति समीक्षामा केन्द्रित छ ।

**असामान्य मनोविज्ञान परिचय**

प्रस्तुत पुस्तक ज्ञवालीले २०६३ सालमा **विद्यार्थी पुस्तक भण्डार** भोटाहिटी काठमाडौंबाट प्रकाशित गरेका हुन् । पुस्तकको बाह्य संरचना जम्मा ३३४ पृष्ठमा समेटिएको छ भने ज्ञवाली मनोविज्ञानका सम्बन्धमा **फ्रायड, एडलर र युङ्गका** विचारहरूलाई लिई असामान्य मनोविज्ञान विषयलाई खुलस्त बनाउने प्रयास गरेका छन् । जम्मा एघार अध्यायमा समेटिएको यस पुस्तकमा मानिसमा हुने असामान्य स्थितिलाई मनोविज्ञानका दृष्टिले व्याख्या र विश्लेषण गरिएको छ भने मनोविज्ञानका विविध सिद्धान्तको व्याख्या र विश्लेषण गरिएको छ । त्यसैगरी मनोविज्ञानका विविध सिद्धान्तको व्याख्या र विश्लेषण पनि यसमा भएको छ ।

**मार्क्सदेखि माओत्सेतुङसम्म**

प्रस्तुत पुस्तक भगवानचन्द्र ज्ञवालीको अनुवाद रचना हो । उनले जर्ज थोम्सनले लेखेको पुस्तकको अनुवाद नेपालीमा गरेका छन् । यसको प्रकाशन वि.सं. २०६३ सालमा **विविध पुस्तक भण्डार** काठमाडौंले गरेको छ । जम्मा ११२ पृष्ठमा समेटिएको प्रस्तुत पुस्तक जम्मा ८ अध्यायमा विभाजित छ । यहाँ विविध समयमा भएको क्रान्तिहरूको चर्चा परिचर्चा गरिएको छ । मार्क्सदेखि सुरू भएको क्रान्ति माओत्सेतुङसम्म कुनकुन रूपमा अगाडि बढ्यो भन्ने विषयको चर्चा यहाँ गरिएको छ ।

**आधुनिक चीनको आवधिक इतिहास**

प्रस्तुत पुस्तक **सु काइमिङ**द्वारा लिखित रचनाको अनुवाद हो । यसका अनुवादक **भगवानचन्द्र ज्ञवाली** हुन् । यस पुस्तकको प्रकाशन **ऐरावती** प्रकाशन प्रा.लि.ले वि.सं. २०६४ मा प्रकाशन गरेको हो भने यसमा चीनका आरम्भका दिनदेखि चीनको आजसम्म भएका राजनैतिक उथलपुथल, चीनको विकास, टुट्दै उठ्दै गरेको चीन र त्यहाँका जनताको अथक प्रयासको चर्चा यहाँ गरिएको छ । यस पुस्तकले पाठकलाई आजको चीनका जनता र घटनाबारे गहन जानकारी हासिल गर्न सहयोग पुऱ्याउने केही तथ्यहरू उपलब्ध गराउँछ (पृष्ठ : ५) ।

**विश्वचर्चित पश्चिमेली उपन्यासहरूको कथासार**

प्रस्तुत पुस्तकमा पाश्चात्य उपन्यास क्षेत्रमा देखा परेका चर्चित ९ लेखकका ९ उपन्यासको कथासार अनुवाद गरिएको छ । **नव दीप प्रकाशन प्रा.लि**. ले वि.सं. २०६४ मा

यस पुस्तकको प्रकाशन गरेको छ भने यसको बाह्य संरचना जम्मा १७६ पृष्ठको रहेको छ । **रुस, फ्रान्स, ब्रिटेन, पोलैण्ड, अमेरिका र स्वीडनका** उपन्यासकाहरूको उपन्यासको यहाँ अनुवाद गरिएको **अनरे द बाल्जाक, एमिल जोला रोम्या रोलाँ, अलवर्ट कामु, हेनरिक सिङकीविक्ज, जेन अस्टिन, सर वाल्टर स्टक, एडवार्ड बुलवार लिटन, एमिली ब्रोटे, चार्ल्स डिकेन्स, रिचर्ड सी ब्ल्याकमूर, विलियम समरसेट मम, डि.एच. लरेन्स, मेरी डब्लू शेली, विल्की कोलिन्स, क्लर्क स्थिम, पर्ल एस वक, सेलमा लागारलोफ** जस्ता उपन्यासकारका उपन्यासहरूका कथासारको अनुवाद यहाँ गरिएको छ ।

### २.३.३ फुटकर रचनाहरूको प्रकाशन विवरण

भगवानचन्द्रका पुस्तकाकार कृतिहरूका अतिरिक्त फुटकर रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा छरिएर रहेका छन् । तिनीहरूलाई पनि समेट्ने प्रयास यहाँ गरिएको छ । उनको फुटकर कविता, गीत, गजल, कथा, निबन्ध, एकाङ्की, सम्पादकीय, लेख आदि विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । ती रचनाहरूको प्रकाशन विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :-

**कविता**

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | कालक्रम |
|---|---|---|---|---|---|
| १ | भूतकाल | ऐजेरु | १ | ५-६ | २०४९ |
| २ | किसान | नारायणी धारा | १ | २५ | २०५० |
| ३ | म चाहन्छु ? | " | १ | २९ | २०५० |
| ४ | अन्तचर्क्षु | " | १ | ३४ | २०५० |
| ५ | युद्ध अझै जारी छ । | " | १ | ३६ | २०५० |
| ६ | शहीदको सम्झनामा | " | १ | २४ | २०५१ |
| ७ | उज्यालो मृत्यु | नयाँ बिहानी | २ | ३२ | २०५५ |
| ८ | मेरो देश | गौरी | १ | नववर्ष अंक | २०६३ |
| ९ | घोडाका सिङ्ग आउँदा | नयाँ बिहानी | २ | २० | २०५५ |

**गीत/गजल**

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | कालक्रम |
|---|---|---|---|---|---|
| १ | भरिया दाइ, गीत | सिन्धु प्रवाह | २ | २ | २०५३ |
| २ | गीत | नारायणी धारा | २ | २४ | २०५१ |
| ३ | गजल | नयाँ बिहानी | १ | २३ | २०५४ |

## कथा

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | पूर्णाङ्क | कालक्रम |
|---|---|---|---|---|---|---|
| १ | एकलास | नारायणी धारा | १ | २० | | २०५० |
| २ | औपन्यासिक गुरुआमा | नारायणी धारा | १ | २८ | | २०५० |
| ३ | जेलमा एकरात | मिर्मिरे मासिक | ३५ | ११ | २५८ | ०६३ |
| ४ | सङ्घर्षको बाटो | **दोभान** | ७ | ३ | - | - |
| ५ | सम्झौता | - | - | - | - | - |
| ६ | सत्ताका आँखाहरू | नयाँ बिहानी | २ | १७-१९ | २ | - |
| ७ | जासुस लडाकुको डायरी | उन्मेष | | ८ | | २०६१ |

## निबन्ध

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | कालक्रम |
|---|---|---|---|---|---|
| १ | अर्थ के ? | नारायणी धारा | १ | ३५ | २०५० |
| २ | छोराको चित्त बुझ्काउँदा | नारायणी धारा | १ | ३९ | २०५० |
| ३ | असलीदेखि सावधान | प्रतिभा | १ | १ | २०५४ |

## लेख

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | कालक्रम |
|---|---|---|---|---|---|
| १ | जनआन्दोलन र एकतन्त्र | नारायणी धारा | १ | ३७ | २०५० |
| २ | नेपाल भारत सीमा समस्याहरू | प्रतीक | १० | १ | २०५३ |
| ३ | वर्तमान राजनीतिमा नैतिकता ..... | प्रतीक | | नमूनांक | २०५४ |
| ४ | अस्तित्वको खोजी | ” | १० | २६५ | २०५० |
| ५ | भारतीय प्र.म. गुजरालको नेपाल... | ” | १० | २७७ | २०५० |
| ६ | नेपाली भूमि र भारतीय भ्रम खेती | ” | १३ | ३० | २०५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | नेपाली जनताले बुझ्नुपर्ने कुरा-१ | ” | १४ | ३३९ | २०५५ |
| ८ | नेपाली जनताले बुझ्नुपर्ने -२ | ” | १४ | ३१२ | २०६३ |
| ९ | विश्व साम्राज्यवाद र दरबारकाण्ड | ” | ९ | | २०५५ |
| १० | मनोविज्ञानका नजरभित्र ‘मसान’ को स्वरूप | उन्मेष | १० | | |
| ११ | ‘तासको जामा ’ नाटकमा द्वन्द्वको अवस्था | ” | ११ | | |
| १२ | संस्कृत लोक संस्कृति र लोक विश्वासको अन्तःसम्बन्ध | मधुपर्क | ४० | ८ | २०६४ |
| १३ | स्वर्ग र देवता कविताको विश्लेषण | गौतम | १ | १ | २०५५ |

**सम्पादकीय**

| सि.नं. | शीर्षक | पत्रिका वा पुस्तक | वर्ष | अङ्क | कालक्रम |
|---|---|---|---|---|---|
| १ | सम्पादकको कलम पत्रकारिता विषयक | नव सौगात | १ | १ | २०५३ |
| २ | सम्पादको कलम राजनैतिक विषयक | नव सौगात | १ | २ | २०५३ |
| ३ | उम्मेदवारी कस्तालाई | नव सौगात | १ | ४ | २०५४ |
| ४ | सम्पादकको कलम- हिन्दूधर्म सन्दर्भ | नव सौगात | १ | ३ | २०५४ |
| ५ | सम्पादकको कलम- पासाङ ल्हामु शेर्पा | नव सौगात | १ | ५ | २०५४ |
| ६ | सम्पादकको कलम- राजनैतिक मामला | नव सौगात | १ | ६ | २०५४ |
| ७ | सम्पादकको कलम- राजनीतिक व्यक्तित्व | नव सौगात | १ | ७ | २०५४ |
| ८ | सम्पादकीय कलम- राजनीतिक | नव सौगात | १ | ९ | २०५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यक्तित्त्व | | | | |
| ९ | सम्पादकीय -चुनाव राजनीति | नव सौगात | १ | १० | २०५४ |
| १० | सम्पादकीय कलम- राजनीतिक लेख | नव सौगात | १ | ११ | २०५४ |
| ११ | सम्पादकीय कलम - एस.एल.सी नतिजा | नव सौगात | १ | १२ | २०५४ |
| १२ | सम्पादकीय कलम - राजनीतिक | नव सौगात | १ | १३ | २०५४ |
| १३ | सम्पादकीय कलम -चुनाव सन्दर्भ | नव सौगात | १ | १४ | २०५४ |
| १४ | सम्पादकीय कलम - आदिकवि भानुभक्त .. | नव सौगात | १ | १६ | २०५४ |
| १५ | विशुद्ध सेवाको लक्ष्य | नयाँ बिहानी | १ | १ | २०५४ |
| १६ | दसैंको रन्को | नयाँ बिहानी | १ | २ | २०५४ |
| १७ | सत्ताको लुछाचुडी र नेपाली राजनीति | नयाँ बिहानी | १ | ३ | २०५४ |
| १८ | सम्पादकीय - राजनैतिक लेख | नयाँ बिहानी | १ | ४ | २०५४ |
| १९ | महाकवि देवकोटाको सम्झनामा | नयाँ बिहानी | १ | ५ | ०२५४ |
| २० | कुर्ची मोह | नयाँ बिहानी | १ | ६ | २०५४ |
| २१ | श्रद्धाञ्जलि : डा बरालप्रति | नयाँ बिहानी | १ | ७ | २०५४ |
| २२ | भ्याटको औचित्य | नयाँ बिहानी | १ | ८ | २०५४ |
| २३ | सन्दर्भ : एड्स दिवस | नयाँ बिहानी | १ | ९ | २०५४ |
| २४ | जैन आयोग र भारतीय वक्रदृष्टि | नयाँ बिहानी | १ | १० | २०५४ |
| २५ | कांग्रेस सत्तामा पुग्नु मुलुकका लागि दुर्भाग्य | नयाँ बिहानी | १ | ११ | २०५४ |
| २६ | शब्द श्रद्धाञ्जलि | नयाँ बिहानी | १ | १३ | २०५४ |
| २७ | मध्यावधि ? | नयाँ बिहानी | १ | १६ | २०५४ |
| २८ | वीर सहिदहरूप्रति | नयाँ बिहानी | १ | १७ | २०५४ |
| २९ | एमालेका विभाजनले पार्न सक्ने | नयाँ बिहानी | १ | २० | २०५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रभाव | | | | |
| ३० | शिक्षा दिवसको औचित्य | नयाँ बिहानी | १ | २१ | २०५४ |
| ३१ | मानवअधिकारको अवहेलना | नयाँ बिहानी | १ | २२ | २०५४ |
| ३२ | एकालेको फूट दुर्भाग्यपूर्ण | नयाँ बिहानी | १ | २३ | २०५४ |
| ३३ | प्रगतिशील प्राध्यापक संगठन साझा मञ्च हो | नयाँ बिहानी | १ | २४ | २०५४ |
| ३४ | क्षयरोग दिवस | नयाँ बिहानी | १ | २५ | २०५४ |
| ३५ | कार्यगत एकताको खाँचो | नयाँ बिहानी | १ | २६ | २०५४ |
| ३६ | नेपालबन्द | नयाँ बिहानी | १ | २७ | २०५४ |
| ३७ | २०५५ को शुभकामना | नयाँ बिहानी | १ | २८ | २०५४ |
| ३८ | मई दिवस | नयाँ बिहानी | १ | २९ | २०५५ |
| ३९ | जनआन्दोलनका कुरा | नयाँ बिहानी | १ | ३२ | २०५५ |

## २.३.४ भगवानचन्द्र ज्ञवालीका पुस्तकाकार साहित्यिक कृतिको समीक्षा

### २.३.४.१ 'दोभान' कथासङ्ग्रहको समीक्षा

**दोभान** २०६१ भगवानचन्द्र ज्ञवालीको पहिलो कथासङ्ग्रह हो । कथासङ्ग्रहको सुरूआत लेखकको आफ्नै भनाइबाट सुरू गरिएको छ भने यो सङ्ग्रह जम्मा ६४ पृष्ठमा संरचित छ । आफ्ना स्वर्गीय माता पितालाई समर्पण गरी लेखिएको यस सङ्ग्रहको बाहिरी आवरण पृष्ठमा एक पुरुष र स्त्रीको मुखाकृतिको माझबाट बनेको एक बालक मुखाकृति बनेको देखाइएको छ भने माथिल्लो भागमा **दोभान** लेखिएको छ र अन्तिम बाहिरी आवरणमा लेखक परिचय समेत राखिएको छ ।

**कथानक**

आख्यानात्मक कृतिमा पाठकलाई ध्यानाकर्षित गर्न तथा रुचि एवम् संशय जगाउन चयन गरिएका घटनाहरूको विन्यास र अन्तः सम्बन्धलाई कथानक भनिन्छ । लेखकले कृतिमा इच्छित प्रभाव प्राप्त गर्नका लागि सावधानी पूर्वक गरिएको घटनाहरूको विन्यास नै कथानक हो । कथानक साहित्यिक कृतिमा घटित घटनाहरूको शृङ्खलाभन्दा बढी कुरा हो र

यसलाई लेखकको अन्तः सम्बन्धित कार्यव्यापारको सुविचारित छनोटको परिणाम, विन्यासको चयन र द्वन्द्वको आयोजना पनि मानिन्छ (लुइटेल, २०६०: ७९) ।

यस **दोभान** कथासङ्ग्रहमा सङ्कलित १२ वटा कथाहरूको कथानकलाई सङ्क्षिप्त रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

यस **बुढेसकालको लौरो** कथामा मुख्य दुई पात्र म र गोविन्द रहेका छन् । बुढेसकालमा छोराको कमाइ खाएर बसेको अवस्थामा वृद्ध मनमा पर्ने चोट र अत्यासको वर्णन एकातिर छ भने अर्कोतर्फ अहिलेका पुस्तामा आएको विकृति, अनैतिक सम्बन्ध र नारीहरूको बिग्रँदो चरित्रको प्रतीक म पात्रको घरमा बहाल बस्ने नारीहरूको चरित्र र बातचितबाट प्रष्ट पारिएको छ । म पात्रले मित्र गोविन्दसँग आफ्नो दुख पोख्न सुरू गरेदेखि कथानक सुरू भई सोही कोठामा गफगाफको अन्त्यसँगै कथानक टुङ्गो लागेको छ ।

यस्तै गरी प्रस्तुत **दुई अनुत्तरित प्रश्न** कथामा म पात्र रुरु क्षेत्रमा रहेको रिडी कालीगण्डकीको बगरमा साँझको समय मसानघाटको बाटो हुँदै मातृ शोकमा परेका दिनको सम्झना गर्दै हिँडिरहेको हुन्छ । सोही क्षणमा आफूमाथि आक्रमण गर्ने ऊ पात्रसँग भएको आमना सामना र बातचितमा यो कथानक अघि बढेको छ र ऊ पात्रले अन्त्यमा दुई प्रश्न राखेको छ । १५ वर्षे उमेरदेखि पाएको आघातको सम्झना उसले यहाँ गरेको छ । भूकम्पमा बाबुआमा बित्नु, दिदीको बलात्कार हुनु र सोही पीडामा सन्यासी बन्दै हिडनुले ऊ पात्र मानवको कठोर व्यवहार र विचारले आहत छ भने उसले क्रोधमा मानिसलाई नै आफ्नो आहार बनाउने नरभक्षी सोच बनाएको छ । मृतकलाई आफ्नो आहार बनाउने ऊ पात्र म पात्रको कलेजो खाने इच्छा व्यक्त गर्दछ र सोही क्रममा निराश बनेको उसको मनको चित्र म पात्र ऊ मा देख्छ र ऊ पात्रको दुई प्रश्न सुनिरहन्छ । यो सबै जानेर के गर्छौ तिमी यस भट्टिलाई चिल्लो घसेर सजाएर के गर्छौ ? जसको उत्तर म पात्रसँग हुँदैन त्यसैले ऊ अनुत्तरित अवस्थामै त्यस ठाउँबाट फर्किन्छ र कथा टुङ्गिन्छ ।

**दोभान** कथासंग्रहमा संगृहीत अर्को कथा **किस्तीको मन**मा पुतली, उसको छोरा र छोरी जुना र चिञ्चीका साथमा बस्छन् । उसको पति विदेसिएको लगभग तीन वर्ष हुन्छ । पतिको वियोगमा मनमा आउने अनेक कुराका माझ ऊ पतिको साथको तीव्र आकाङ्क्षामा यति लिप्त हुन्छे कि उ सेतेसँग पिरती गास्न पुग्छे । फगत आवेग तुष्टिका लागि उ बाबु आमा नमर्दै सन्तानलाई टुहुरा तुल्याउँछे र भाग्छे । नारी मन किस्तीमा भरिएको पानी जस्तै बेभर अलिकति ढलपलाउँदैमा पोखिन्छ भन्दै कथानकको अन्त्य गरिएको छ ।

त्यस्तै **आत्मविश्वास** कथामा मुख्य बाल पात्र नितेशले आफ्नो इञ्जिनियर बाबु निर्मलको कम्प्युटरका सामान घरमा खुल्ला अवस्थामा भेट्दा त्यसको प्रयोग कहाँ कसरी हुन्छ अनि खोलखाल गरी हेर्ने सन्दर्भमा कथा सुरू हुन्छ । सधैँ बन्द रहने बाबुको कोठा खुल्ला हुन्छ । आमा राधा, दिदी चिञ्ची छिमेकमा गएका हुन्छन् । बाबु पनि घरमा नहुँदा स्कुलबाट फर्केको नितेशको बालसुलभ हृदय नयाँ खोजमा तल्लीन हुँदै कम्प्युटरका सामान छरपष्ट पार्दछ । घरका सबै जना फर्केर घर आउँदा सामानको हालत देखेर आत्तिन्छन् । तर सानै उमेरमा विज्ञानप्रतिको चासो र लगनशीलता देखेर खुसी हुन्छन् र नितेशलाई स्यावासी दिन्छन् ।

सोही संग्रहमा समाविष्ट प्रस्तुत **सम्मोहन** कथामा किशोरावस्थामा पुगेका किशोरीहरू लक्ष्मी रूपा, शोभा, नीरा, सीता, रुचि, रामा जस्ता पात्रहरूको मनमा विवाह प्रतिको चाख र मंसिर नै महिना भएका कारण साथी, मित्र, आफन्तमा भएका विवाह, बनेका दुलाहा र राम्रा नराम्रा कस्ता छन् भनी आ-आफ्ना विचार पोख्दै हस्यौली गर्दै कथाको आरम्भ हुन्छ । त्यसमा लक्ष्मी केही उच्छृङ्खल, चञ्चल स्वभावकी हुन्छे र साथी रूपाको विवाहको खबरसँगै सँधै भेट्न जान्छे । विवाहको दिनमा मण्डपमा मूर्छित भएकी लक्ष्मीलाई डा. बेलवासेले सम्मोहन भएको अडकल गरी विवाहको सुझाव दिन्छ । बिरामी कुर्न बसेका विष्णु र अर्जुन भने लक्ष्मीलाई एकोहोरो हेर्दछन् र दूधको साक्षी बिरालो ठहरिएका यी दुई पात्र र लक्ष्मीका बीच शारीरिक सम्बन्ध भएको घटना अन्त्यमा साङ्केतिक रूपले प्रस्तुत गरी कथानक टुङ्ग्याइएको छ ।

अर्को कथा **सतिसाल**मा मुख्य पात्र राधाको १० वर्षको उमेरमा १२ वर्षीय रामबाबुसँग विवाह हुन्छ । पतिमाथि विजयको अहम् र चारित्रिक दुर्वलताका कारण विविध व्यक्तिसँगको अनैतिक सम्बन्धले श्रीमान् रामबाबु १० वर्षे छोरा र १२ वर्षीय छोरी लक्ष्मी, श्रीमती राधा र आफ्नो जागिर छोडी लुप्त हुन्छ । बानी नसुध्रेकै कारण सधै फाइदा लिने इष्टमित्र सँधै आइरहन्छन्, कुरा काट्ने बढ्दै जान्छन् । यसै क्रममा भक्तबहादुरले १२ वर्षीय छोरीको बलात्कार गर्दछ । पछि त्यही छोरी हलीसँग भागेर जान्छे छोरो भक्तबहादुरकी नातिनीसँग भागेर सहर पस्छ । राधा एक्लै त्यहीँ रहन्छे ।

प्रस्तुत **विचलन** कथाकी मुख्य पात्र सावित्री र बोलाउने नाम लक्ष्मीको जीवन कथा हो । सानैमा काली, पुड्की भई कसैले हेर्दैनन् भन्ने भनाइ सुन्दै हुर्केकी सावित्री भित्रको हीनता ग्रन्थिले उसलाई यति हीन तुल्याउँछ की आफू राम्री छु र सबैले रुचाउँछन् भन्ने

कुराको पुष्टिका लागि स्कुले केटाहरूले पिकनिक, भोज सिनेमा जता बोलायो त्यतै गएर आफूलाई होच्याउनेहरूको मुख बन्द गर्ने प्रयास गर्छे । शिक्षाका क्षेत्रमा काम गरे पनि सम्बोधनको अभावमा जागिरे र हाकिमका साथ अनैतिक सम्बन्ध राखी हाइहाइ पाउँदै हिँड्छे । त्यस क्रममा एकदिन त आफ्नै काकासँग भागेको कुरा साङ्केतिक रूपले कथाको अन्त्यमा देखाइएको छ । कथाको सुरू हीनता ग्रन्थिबाट भएको छ भने कथाको अन्त्यसम्म उसले आफूलाई र समाजलाई त आफू काली भए पनि राम्री र आकर्षक छु र भन्ने पुष्टि गरे पनि समाजमा गर्न नहुने अनैतिक कामको खाल्डोमा आफूलाई डुबाएकी छ ।

**साविती पत्र** कथा चिठीका रूपमा प्रस्तुत गरिएको मुख्य पात्र गुणाखर पौडेल जेलमा रहेर न्यायाधीशलाई आफू निर्दोष भएको साविती पत्र लेखेका छन् । सौतेलो दाजुले लगाएको भतिजाको दुलहीसँगको अनैतिक सम्बन्धको आरोप स्वरूप जेल जीवन बिताइ रहेका गुनाखरले सो आरोप झूटो रहेको बरु आफूले गरेको अर्को अपराधको खुलासा गरी हालको आरोप सम्बन्धमा छानविन गर्ने सिफारिस गरेको छ । आफू २४/२५ वर्षको उमेरमा सिन्ते कामीको छोरोलाई रुखबाट खसाली मारेर गाउँका भद्र भलादमी राखी मामला रफ्फादफा गरिएको र जिल्ला प्रशासनमा पनि सही छाप लगाएको उल्लेख उसले गरेको छ भने हालको आरोपमा पनि आफ्नो कुनै गल्ती नभएको उनी बताएर ऊ पत्रको अन्त्य गर्छ ।

सम्पूर्ण कथा संग्रहको नाम दिइएको प्रस्तुत **दोभान** कथामा मुख्य पात्र अनुराधा परीक्षा दिन हिँडिरहेको अवस्थाबाट कथानक सुरू हुन्छ । बाटामा जाँदा जाँदै खुट्टा लुगाको पोकामा ठोकिनु, हेर्दा अनाथ बालक भेट्नु सो बालकलाई बालमन्दिरमा सुम्पनु र बारम्बार यस बालकलाई भेट्न जानु जस्ता कार्यकलाप हुन्छन् । यसै बीचमा रमेश अनुराधाको सहकर्मी पनि बालक बल्लभप्रति आकर्षित हुनु, स्वच्छन्द भावले दुबैले बालकलाई आमाबाबुको प्रेम दिनु र बालकलाई शिक्षा दीक्षा दिनु जस्ता कुराहरु हुन्छन् । एकदिन बल्लभको प्रमाणपत्र प्रवेशिकाको सुरूमा अभिभावक भेटका लागि बल्लभले रमेश मोहन र अनुराधालाई आफूसँग आउन भन्नु, समाजमा अविवाहित जीवन बिताए तापनि बल्लभप्रतिको प्रेमले दबै जना उसका साथमा जानु र फाराम भर्नु, नदीका दुई किनार बनी बसेका अनुराधा र रमेशलाई पुल जस्तै काम गरी बल्लभले मिलन गराउनु जस्ता कुरा हुन्छन् अर्थात्, नदीको मिलन गराई **दोभान** अर्थात् दुई नदीको धारलाई मिलाएर कथानकको अन्त्य हुन्छ ।

यसै संग्रहको अर्को कथा **बेष्ट पाटर्नर** को कथानकको सुरूवात प्रसङ्ग लच्छिमासँग म पात्रको विवाहबाट हुन्छ । विवाह पूर्व कुराकानीको पहिलो भेटमै म पात्रले लच्छिमालाई देखे देखे लागे पनि उसलाई सम्झना हुँदैन । विवाह पश्चात् पनि केटीको माइत बुटवलको कुरा गर्दा हिचकिचाउने श्रीमान्सँगको सम्बन्ध त्यति बलियो बन्ने स्थिति रहँदैन तर पनि दसैंको अवसरमा लच्छिमासँग म पात्र पनि जानुपर्ने बाध्यतावश जाँदा बस काउन्टरबाटै होटलको चावी पाएकी लच्छिमाको हाउभाउले उसलाई आफू बी.ए. पढ्दाको दिनको सम्झना गराउँछ । जहाँ ऊ बुटवल पुगेको हुन्छ र संयोगबस सावित्रा नामकी केटीलाई एक रातको लागि वेड पार्टनर बनाउँछन् । रातभरिको कार्यकलाप, सावित्राको भाइको खर्च धान्नु पर्ने बाध्यतावश सुरू गरिएको यो कामको सुरूवात उसैको साथ भएको जानकारीबाट सावित्राको बाध्यतालाई विचरा भनिदिए पनि आज सोही नामले उसकी श्रीमती लच्छिमालाई बोलाउँदा पुराना घटना र नयाँ सम्बन्धको कडी जोडिएको देखाइएको छ भने वेड पाटर्नर बन्दाको सहानुभूति आज श्रीमतीको रूपमा रहने हो वा होइन अर्थात् वेष्ट पाटर्नर हुने हो वा होइनको शङ्कामा कथाको अन्त्य भएको छ ।

त्यस्तै **आँच** कथामा चार व्यक्ति म पात्र, ड्राइभर, खलासी र भूषण गाडीमा यात्रारत छन् । भूषण आफ्नो कथा सुनाउँछ । चुपचाप गृहिणीका रूपमा रहने स्त्रीको चरित्रमा आएको विचलन र त्यसमा उसका साथी मित्रले गरेको गलत सहयोगले भूषणको वैवाहिक जीवन भाँडिन्छ भने छोराछोरी आमा छँदाछँदै मातृत्व विहीन रहन्छन् र अन्त्यमा समाजले नै त्यस स्त्रीलाई अस्वीकार गर्दछ र भूषणको जीवनबाट निकाल्छन् । गलत सङ्गतको सानो आँचमा बल्दै गरेको स्त्री मन परिवर्तन हुँदै आफू र परिवार अस्तव्यस्त हुन्छ । घटना वर्णनको अन्त्यसँगै यात्रीको गन्तव्य आउँछ र कथाको अन्त्य हुन्छ ।

यस संग्रहको अन्तिम कथा **अन्तर्वार्ता**मा माइलो भाइले बाबु छदाँछँदै जेठो दाजुको विरुद्ध अंश मुद्दा हालेको र म पात्र मुद्दाको फैसला गर्न छानविन गर्ने ध्येयबाट सो ठाउँमा निरीक्षणका लागि गएकोबाट सुरू हुन्छ । जेठो दाजु भुवन साम्फाकी श्रीमती, पारुहाङका दाजु ताराहाङ नै प्रतिवादी अर्थात् भुवन साम्फाको असल मित्र रहेको थाहा पाएर वादी माइलो भाइले बुबालाई हाल्नु पर्ने मुद्दा जेठो दाजुलाई किन हाल्यो भनेर सोध्न ताराहाङसँग कुराकानी गरी उसको बोल्ने शैलीको नक्कल म पात्र गर्दछन् र ताराहाङ नै बनेर फोन अन्तर्वार्ता प्रतिवादीसँग लिन्छन् । प्रतिवादी भुवन साम्फासँग कुरा गर्दा के पत्ता लाग्छ भने मुख्य मुद्दा अंशवण्डाको नरही अरू नै रहेको र सो आरोपबाट बच्न पहिले नै यो मुद्दामा

फसाइएको ताकि पछि भाउजूसँगको अनैतिक क्रियाकलापको मुद्दा हाल्दा अंशवण्डा गरी मागेको कारण यसो गरेको हो भनी स्पष्टीकरण स्वरूप यो मुद्दा हालेको हुन्छ । जेठो दाजु भुवन साम्फा विवाह गरे पनि वैवाहिक सम्बन्धपूर्व नै घरबाट निस्कनु, श्रीमती गाउँमै रहनु, एकदिन एक मानिसले पारुहाङ पुष्पवती भएको खबर सहित ल्याइ पुऱ्याउनु, दुई तीन दिन आफ्नो साथ राखेर घर फिर्ता पठाउनु अनि पूरा महिनै नपुगी सन्तान जन्माउनुले भुवन साम्फालाई सो बच्चा आफ्नो नरहेको शङ्का हुन्छ । भाउजूले बोकेको पेटको नानी दाजुकै हो भनी वैधता दिन दाजु भएको ठाउँमा केही दिनका लागि पठाए पनि दाजुलाई घरमा देवर भाउजूप्रति देखिने वातचित र कार्यकलापले सन्देह रहेको हुन्छ । म पात्र यी सबै कुरा गरेपछि फोन राख्दछन् र हातमा लिएका मुद्दाको फैसला नलिने निर्णय गर्दछ ।

यसरी **दोभान** कथासङ्ग्रहका कथाहरूको अध्ययन गर्दा **बुढेसकालको लौरो** अलि लामो आयाममा विस्तारित भएको पाइए तापनि **बेष्ट पाटर्नर, दोभान**, **आँच** मझौला आयाम मै संरचित छन् बाँकीका आठ कथा लघु आयाममा संरचित छन् ।

यिनको सबैजसो कथाहरूमा आदि, मध्य र अन्त्यको क्रमिक वितरण पाइन्छ । प्रायः वर्णनात्मक ढङ्गबाट कथाको प्रारम्भ गरी लगभग उही तरिकाले कथानकको विस्तार गर्दै समापनको विन्दुमा पुऱ्याउने परिपाटी यिनका सबैजसो कथामा भेटिन्छ ।

यिनको **बुढेसकालको लौरो, दुई अनुत्तरित प्रश्न, किस्तीको मन, सम्मोहन, सतिसाल, साविती पत्र, आँच, अन्तर्वार्ता** जस्ता कथाहरू सामाजिक जीवनमा देखिएका विकृति र विसङगति प्रस्तुत गरिएको छ भने सामाजिक समस्या वा विसङ्गतिले मानिसको मन र जीवनमा पार्ने प्रभावलाई मनोवैज्ञानिक ढङ्गले विश्लेषण गरिएको छ । **बेष्ट पाटर्नर, विचलन, सतिसाल** जस्ता कथाले यौन मनोविज्ञानका विविध पक्षलाई समेटेको छ भने एकरात बिताउँदा सोही केटीप्रति सहानुभूति जागे तापनि समाजमा अधिकार दिलाएर श्रीमतीका रूपमा राख्नु पर्दाको मानसिक स्थिति र सोचाइको विश्लेषण यहाँ भएको छ । त्यस्तै गरी **विचलन** कथामा हीनता ग्रन्थिले ग्रस्त व्यक्तिको जीवन कस्तो प्रकारको हुन्छ भन्ने व्याख्या छ । त्यस्तै आत्मविश्वास बाल मनोविज्ञानसँग सम्बन्धित छ भने **दोभान** कथा नौलो विषय लिएर अगाडि बढेको छ । मातृत्व वा पितृत्व भाव विवाह पश्चात् जन्मेको सन्तानका लागि मात्र नरहेर आजन्म आफ्नै साथमा रहने र आफ्नै सन्तान नभए पनि, विवाह नगरे तापनि आमा र बाबुको कर्तव्य पुरा गर्न सक्छन् भन्ने कुरा देखाइएको छ ।

मानव भएर मानव हितकै लागि बाँच्नु पर्दछ भन्ने विषयसँग सम्बद्ध गराएर यस कथालाई अगाडि सारिएको छ ।

यसरी यस कथामा समाजका विकृति, विसङ्गति जुनबाट मानव मनमा पर्ने प्रभाव, नारी हृदयको अध्ययन, परिस्थितिपूर्वक बदलिने हाम्रो मनस्थिति चारित्रिक ह्रास जस्ता अनेक सन्दर्भ र प्रसङ्गलाई कथानक संरचनामा आबद्ध गरी जीवनका सुखद पक्षको चित्रणभन्दा उदास, निरास, विवश र भग्नावशेषको चित्रण गर्दै कथा रचना गरेका छन् ।

**पात्र**

कथा योजनाको क्रममा पात्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् जसबाट कथाको संरचना तयार हुन्छ । पात्रहरूले नै कथालाई ऊर्जा प्रदान गर्ने भएकाले यो अङ्गविना कथा संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्वको प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा मानव होस् अथवा मानवेतर पात्र भन्नासाथ अभिप्रेरणा र स्थिरताको कसीमा सफल भएको हुनु आवश्यक छ । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खुबै ध्यान दिएको हुन्छ । यसका लागि प्रत्यक्ष वा नाटकीय मध्ये कुनै पनि वा दुबै विधिलाई प्रयोग गर्ने गरिन्छ । जुनसुकै विधिको प्रयोग गरिए तापनि कथामा पात्रको निजी पहिचान देखिनुपर्छ (श्रेष्ठ, २०५७ : १०) ।

भगवानचन्द्र ज्ञवालीको **दोभान** कथासङ्ग्रहका कथामा कथानकलाई धान्न नसक्ने खालका नभई सक्षम खालका सहभागी पात्रहरूको प्रयोग पाइन्छ । न्यून संख्यामा सहभागीको प्रयोग गरी तिनकै परिवृत्तबाट कथ्यलाई अघि बढाएर कथाको अन्त्य गर्ने परिपाटी यिनका अधिकांश कथामा भेटिन्छ । नारी र पुरुष दुवै पात्रहरूको समान प्रयोग गरिएका उनका पात्रहरू प्रायशः नारीबाट पुरुष पीडित नै देखिएका छन् । बालक, युवा, वृद्ध यी तीनै उमेर समूहका पात्रहरूको चयन यिनले आफ्ना कथाहरूमा गरेका छन् । प्रायश : तराई परिवेशका पात्रहरूको सहभागिता उनका कथामा पाइन्छ भने सत् चरित्र र सत् जीवन जिउने भए पनि समय परिस्थितिका कारण पात्रहरू असत् र तिनका क्रियाकलाप पनि असत् लाग्दछन् । यिनले सत् र असत् चरित्रलाई परम्परागत दृष्टिले प्रस्तुत नगरी यथार्थर्ताको धरातलमा रहेर विशुद्ध मानवीय चरित्रको केही नग्न रूप, प्रतीकात्मक र व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

प्रवृत्तिका आधारमा हेर्दा **बुढेसकालको लौरो**को म पात्र, गोविन्द, मास्टर जस्ता पात्र अनुकूल देखिन्छन् भने बुहारी, मास्टर्नी, लाम्काने, भुँडे, मधिसे, उत्तम आदि प्रतिकूल पात्रका रूपमा देखिन्छन् । प्रायः कथाहरूमा पात्र अनुकूल सत् पात्रका रूपमा देखिन्छन् तर कथाको अन्त्यतिर त्यही पात्र नै प्रतिकूल असत् बन्न जान्छ । त्यसले गर्दा एकातर्फ तिनीहरू प्रति दया पनि जाग्दछ भने अर्कोतर्फ तिनका क्रियाकलापलाई देखेर घृणा लाग्छ । **दोभान** कथाको रमेश मोहन र अनुराधा देख्दा गर्व लाग्छ भने सुरूमा राम्रैसँग छोराछोरी हेरेर बसेकी **किस्तीको मन** कथाकी पात्र पुतली देखेर कथाको अन्त्यमा रिस उठ्छ । **दुई अनुत्तरित प्रश्नको** ऊ पात्रलाई टिठ्याउने मन हुन्छ । त्यस्तै **सतिसाल** कथाकी पात्र राधाप्रति घृणा जाग्दछ भने उसकी छोरीप्रति सहानभूति आउँछ । यसरी पात्र चयनमा ज्ञवालीले कथानकलाई पूर्ण रूपमा धान्ने र चलाउन सक्ने खालका पात्रलाई अघि सारेका छन् । ज्ञवालीका कथामा प्रयुक्त प्रायः सबै पात्रहरू शिक्षित बौद्धिक देखिन्छन् भने केही पात्रहरू गाउँले जीवन भोगिरहेका निरक्षर पनि भेटिन्छन् । शिक्षित अनुराधा जस्ती नारी पात्र **दोभान** कथामा समाज सेवामा विश्वास गर्छे भने अर्कातर्फ **आँच** कथामा शिक्षित हुँदाहुँदै भूषणकी श्रीमती पुरुषको व्यवहार नारीमाथि हेला प्रकारको ठान्दै स्वच्छन्द तर विसङ्गत प्रकारको जीवनमा रुमलिन्छे । एकातर्फ गोरे, सिन्तेकामी, **दोभान** कथाको म पात्र, गोविन्द **बेष्ट पाटर्नर** की लच्छिमा जस्ता पात्रहरू निरक्षर पनि छन् ।

विशेष गरी कथाहरूमा कथानक अनुरूप चारित्रक ह्रास भएका पात्रहरूको संयोजन गरी सहरी जीवन, आधुनिक जीवनशैली र नयाँ सोचसँगै मानिसको मनमा र जीवनमा आएका विकृतिहरूको चित्रण गरिएको छ । कथासङ्ग्रहका स्त्री, पुरुष, बाल पात्र, मुख्य, सहायक, गौण, अनुकूल, प्रतिकूल, मञ्चीय, नेपथ्य, बद्ध र मुक्त सबै प्रकारका पात्रहरूको सहभागिता रहेको छ । यहाँ आएका पात्रहरूले कुनै न कुनै वर्गको प्रतिनिधित्व गर्दछन् तर देखाइएका समस्याको समाधान भने नगरी निस्क्रिय रूपमा पीडितको भूमिका खेल्दछन् ।

### परिवेश

कृतिमा प्रयुक्त चरित्रहरूले कार्यव्यापार सम्पन्न गर्ने तथा घटनाहरू घटित हुने ठाउँ समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण कार्य पीठिका, पृष्ठभूमि आदि भनेको पनि पाइन्छ (लुइटेलः २०६०:९१) ।

कथाको परिवेश ग्रामीण, सहरिया, प्राकृतिक, मानसिक, राजनीतिक, धार्मिक वैज्ञानिक, काल्पनिक आदि विषयसँग सम्बन्धित हुन सक्छ । मनोवैज्ञानिक कथाको परिवेश

मानसिक हुनुका साथै अन्य देशकाल वातावरण पनि आउन सक्छन् । प्रत्येक देश जाति, समाजको आ-आफ्नो सामाजिक, धार्मिक, रीति रिवाज, चाल चलन हुन्छ । सर्जक जे जस्ता वातावरणमा जन्म्यो, हुर्क्यो सोही वातावरणको प्रभाव उसमा पर्नु स्वभाविक हो । लेखकद्वारा आफूले अनुभूत गरिएको विषयलाई लिएर सिर्जना गर्ने भएकाले उसले बाँचेको समाज उसका कृतिमा केही न केही मात्रामा आएको हुन्छ । त्यसलाई नै परिवेश मानिन्छ । भौतिक जगतका प्राकृतिक वातावरण, जीवजन्तु वन्य र ग्रामीण वस्तुहरू, सहर र गाउँका परिदृश्यहरू, नदीनाला, आकाश, दिशा र समष्टि प्राकृतिक वस्तुहरू समेत देखिने परिवेशका रूपमा लिने गरेको पाइन्छ (सुवेदी, २०५७: ३०) ।

ज्ञवालीको **दोभान** कथासङ्ग्रहका कथामा विभिन्न स्थान, समय र वातावरणको प्रयोग भएकाले परिवेशमा विविधता पाइन्छ । यिनका यस सङ्ग्रहका केही कथामा स्थानको स्पष्ट रूपमा उल्लेख गरिएको पाइए तापनि कतिपय कथामा स्थानको सङ्क्षिप्त एवम सङ्केतात्मक प्रस्तुति मात्र भएको छ । **बुढेसकालको लौरो**मा सहरी परिवेश पाइन्छ भने **दुई अनुत्तरित प्रश्नमा** रिडी कालीगण्डकी बगरको परिवेश पाइन्छ । सुरूको कथा दिनको समयमा छ भने दोस्रो साझ करिब ६ बजेतिरको छ । त्यस्तै **किस्तीको मनमा** ग्रामीण परिवशेको प्रयोग छ भने **आत्मविश्वास**मा सहरी परिवेशको झलक पाइन्छ । **सम्मोहन, सतिसाल, साविती पत्र** ग्रामीण परिवेशमा आधारित छ भने **दोभान, आँच, बेष्ट पार्टनर, अन्तर्वार्ता, विचलन** जस्ता कथा सहरी परिवेशमा आधारित छन् । कथा वर्णनका क्रममा केही कथा बुटवल, रूपन्देही विराटनगर वरिपरि रहेको अनुमान लगाउन सकिन्छ भने **बेष्ट पार्टनर**मा त उल्लेख नै भएको छ । बाह्य परिवेश माथिका निम्न रहे पनि प्रस्तुत सङ्ग्रहको आन्तरिक परिवेश पात्रको मानसिक स्थिति र अवस्था नै रहेको छ । परिवेश चयनमा लेखक बसेको ठाउँले पनि प्रभाव पारेको अनुमान गर्न सकिन्छ ।

यसमा प्रयोग गरिएको परिवेशको समय विशेष नभई सार्वकालिक छ जुन हाल समाजमा घटिरहेको छ जस्तो भान कथा पढ्दा हुन्छ । समाजमा घटिरहेका घटना प्रसङ्ग विसङ्गति र विकृतिको परिवेशमा बसिरहेका लेखकको मनमा आएका अनेकन असन्तुष्टिको झलक यस कथामा देखिन्छ । यिनका कथामा पाइने समग्र परिवेश वर्णन र कृत्रिम र अस्वाभाविक नभई सहज र स्वभाविक रहेको छ ।

ग्रामीण, सहरी, तराई, निम्न, मध्यम, नवधनाढ्य वर्गीय परिवेशको चित्रण पाइने यस कथासङ्ग्रहका सबै कथामा स्थानलाई उचित महत्त्व दिँदै सुखद र दुःखद दुबै वातावरणमा सार्वकालिक गुणयुक्त कथाहरू रहेका छन् ।

### दृष्टिविन्दु

कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरेपछि कथाकार सामु के प्रश्न आउँछ भने कल्पित पात्रलाई कुन स्थानमा राखेर त्यस कथावस्तुलाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिविन्दुले गर्दछ (श्रेष्ठ, २०५७ : १०) । दृष्टिविन्दु पात्र चाहे जुनसुकै पुरुषमा होस्, त्यस पात्रको मानसिक अनुहारलाई कथाकारले कुन हदसम्म चिनाउन सकेको छ, त्यसबाट नै कथामा दृष्टिविन्दुको प्रयोजन स्पष्ट हुन्छ ( श्रेष्ठ २०५७ : ११) ।

**दोभान** कथासङ्ग्रहका १२ वटा कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ : **बुढेसकालको लौरो, दुई अनुतरित प्रश्न, साविती पत्र, अन्तर्वार्ता, वेष्ट पार्टनर, आँच** । बाँकीका ६ कथा तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग गरिएको छ । ती निम्न अनुसार रहेका छन् - **किस्तीको मन, आत्मविश्वास, सम्मोहन, सतिसाल, विचलन, दोभान** प्रथमपुरुष अर्थात् आन्तरिक दृष्टिबिन्दु प्रयोग गरिएका छन् । तिनमा 'म' पात्रको भूमिका कथामा गौण रहेको छ । केवल घटना र चरित्रको वर्णनका लागि प्रयोग गरिएको छ । तृतीय पुरुष अर्थात् बाह्य दृष्टिबिन्दु प्रयोग गरिएका कथामा कथाकारले सीमित दृष्टिबिन्दुको चयन गरेका छन् । जहाँ कथाकार एक पात्रको मानसिक संसारको विचरण गर्दछन् तर अन्य पात्रको सम्बन्धमा उनी खासै सक्रिय देखिँदैनन् । यस संग्रहको कथाहरूमा प्रयोग गरिएको 'म' पात्र केवल नामधारी रूपमा सहभागी देखिन्छन् । त्यसैले प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग गर्दा यिनले आफ्ना अधिकांश कथामा केन्द्रीय भन्दा परिधीय दृष्टिबिन्दुको प्रयोग गरेका छन् ।

### भाषाशैली

भाषाविना कथाको रचना नै असम्भव हुन्छ । कथा कथनको माध्यम नै भाषा हो । मूल विषय कथावस्तु, घटना, चरित्र आदि सामग्रीहरू पूर्णतया तयारी भई सके पछि तिनीहरूलाई रूप दिन कथाकारले जुन भाषिक कुशलता अपनाउँछ त्यस्तो ढाँचालाई शैली भनिन्छ । शैली नै कथाकारको व्यक्तित्वको परिचायक पनि मानिन्छ । वास्तवमा शैलीको कुनै रूप हुँदैन तापनि कथाको सीप, सौन्दर्य, भाव वैशिष्टय यसकै रूपाकृति हो । शैलीको

निर्माण भाषाकै माध्यमबाट गरिने भएकाले भाषाशैलीलाई एकै ठाउँमा राख्न सकिन्छ तापनि भाषा र शैली एउटै कुरा होइनन् भन्ने मानिन्छ । (शर्मा २०५९ : ८८/८९)

**दोभान** कथासंग्रहका कथाहरू छोटा छोटा अजटिल संरचनामा आवद्ध छन् । एक दुई कथा बाहेक घुमाउरो पाराका नभएर सोझो, सरल, सहज, स्वभाविक भाषाको प्रयोग यस कथासग्रहका कथाहरूमा पाइन्छ । कथाको अन्त्यमा घटेका घटना अभिधात्मक रूपमा नभई कतै लाक्षणिक कतै व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ भने पात्रको जीवनमा के हुन आयो भन्ने कुरा संकेत कथामा रहन्छ तर प्रष्ट रूपमा भने लेखिदैन । भाषाशैलीगत त्रुटिका रूपमा बीच बीचमा प्रयोग गरिएका संस्कृत श्लोक पात्रानुकूल नरहेको, निरक्षर व्यक्तिको मुखबाट पनि संस्कृत श्लोक भन्न लगाइएको अलिक अमिल्दो लाग्छ । कहीँ कतै कथामा नचाहिने गन्थन भएको भान पाठकलाई कथा पढ्दा हुन्छ । **बुढेसकालको लौरो र वेष्ट पार्टनर** कथाको बीचमा प्रयोग गरिएको एकालाप अलि दिक्कलाग्दो छ र त्यसले कथालाई पढ्न दिक्कलाग्ने तुल्याउँछ । अरू कथाहरू सरल, सहज र बुझ्ने प्रकारका छन् । कहीँ कतै अदालती शब्द : वादी, प्रतिवादी, जाहेरी, प्रत्युत्तर, अपराधी, मुद्दा छ भने कतै ग्राम्य जीवनमा लेखिने शब्दको प्रयोग पनि छ । काकताली, कापिरहेको, पञ्चभलादमी, थुम्केपाटा, ढिक, साँध, कुटमिरा, मुखेञ्जी, खिसिट्युरी आदि त्यस्तै भिरबाट लड्नेलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिन्न जस्ता उखानको प्रयोग पनि भएको छ । संस्कृतका श्लोकहरूको पनि प्रचुर मात्रामा प्रयोग गरिएको छः **सानंन्द सदनं सुतास्तु सुधियः कान्ता प्रियालापिनी** ... । **'भस्मीभूतस्य देहस्य ...' देवपरायण, पतिपरायणा,** द्रव्य, क्रोध, **भक्तिनी सच्चिन्तन, इषद, नगरबधू** आदि जस्ता संस्कृत शब्दको अनेकन प्रयोग यहाँ भएको छ । त्यस्तै आगन्तुक शब्द **मल्हमपट्टी, लरी, क्याविन, पी.सी.ओ, Charecter is gone, everything is gone, इधर आइए, क्या नाम है, न्यू ब्राण्ड गभर्नमेन्ट, Hysteria, स्क्वायर, मायक, सितम्बर, शिकागो** आदि जस्ता हिन्दी, अग्रेजी विविध भाषाको शब्दहरूको प्रयोग पनि यहाँ पाइन्छ । (ज्ञवाली, २०६१) समग्रमा **दोभान** सङ्ग्रहका कथाहरुको भाषाशैली संस्कृत श्लोकलाई छोडेर क्लिष्ट नभई साधारण पाठकका लागि पनि बोधगम्य हुने सरल सहज स्वभाविक छ ।

**उद्देश्य वा विचार**

कथाको सशक्त एवम् केन्द्रीय तत्त्वका रूपमा विचारलाई लिइन्छ । उद्देश्यलाई विचार वा जीवनदर्शन पनि भन्ने गरिन्छ । विचारशून्य अवस्थामा कथाले जीवन पाउन

सक्दैन । लेखकले आफ्ना विचारलाई रचनाद्वारा पाठक जगत्मा प्रक्षेपण गर्न चाहन्छ । त्यो प्रक्षेपित विचार मानव समाजका निम्ति रचनात्मक मार्गदर्शक बन्दछ । लेखक समाजको कुन पक्षसँग बढी प्रभावित छ र कुन पक्षसँग बढी संवेदनशील छ त्यही पक्ष नै स्रष्टाको वैचारिक सम्पत्ति भएर प्रकट हुन्छ । विचार सम्प्रेषण गर्ने नाममा कथा नै औपदेशिक शास्त्र भएर आयो भने त्यो कला नभएर कोरा उपदेश बन्छ तापनि उद्देश्यविना कथाको स्वरूप तयार हुन सक्दैन । प्रत्यक्ष वा अप्रत्यक्ष जनुसुकै रूपमा भए पनि कथाको उद्देश्य रहेकै हुन्छ । जीवनको व्यापक अनुभूति नै कथामा विचार भएर अभिव्यक्त हुन्छ । कथामा आउने विचार दर्शनशास्त्र होइन, वस्तु आचारण परिवेश र द्वन्द्वका सङ्गतिबाट कथा सिर्जना हुन्छ । यस्तै सङ्गतिबाट व्यक्त हुने स्रष्टाको परिपक्व अठोटलाई नै विचारका रूपमा लिने गरिन्छ ।

**दोभान** सङ्ग्रहका कथाहरूको उद्देश्य नेपाली समाजका विविध पक्षको यथार्थ प्रस्तुत गर्नु रहेको छ । जिन्दगीको भोगाइ, उतार चढाव र परिस्थितिको चित्रण कथामा गरिएको छ ।

यस सङ्ग्रहका कथामा समाजमा भइरहेका विकृत घटना, कमजोर प्रशासन व्यवस्था, स्वतन्त्रताको नाममा छाडा प्रवृतिको विकास जस्ता विविध परिस्थिति र घटनाका विषयमा पाठकको ध्यानाकर्षण गर्ने कोसिस र परिवर्तनको चाहना नै कथाकारको उद्देश्य रहेको छ ।

एक्लो वृद्ध जीवन व्यतीत गर्दा छोराछोरीका साथको चाहना बाबुआमाको रहन्छ र स्वच्छन्द जीवनको चाहना छोराछोरीमा हुन्छ । त्यस अवस्थामा यी दुई पिँढीले एक अर्काको स्थितिलाई बुझी समन्वयका साथ जीवन व्यतीत गर्नुपर्ने विचार लेखकले **बुढेसकालको लौरो** कथाबाट स्पष्ट गरेका छन् । ठूलाठालूप्रतिको जी हजुरीका कारण निम्न स्तरका मानिस दुःखद् परिस्थितिको शिकार हुन र ठूलाठालूलाई फरकै नपरेको देखाई **दुई अनुत्तरित प्रश्न**, **साविती पत्र** जस्ता कथाले यस्तो क्रियाकलापप्रति विरोध प्रस्तुत गरेको छ । गृहिणी घर गृहस्थीलाई बनाई राख्ने स्त्री जब आफ्नो अचेतन मनको तृप्तिमा लाग्छे तब उसको परिवार र समाजले नै दुःख भोग्नु पर्दछ भन्ने भाव पनि उनका कथाबाट प्रष्ट भएको छ । यसरी समाजका विकृति विसङ्गतिको नाङ्गो चित्रलाई मनोविज्ञानको सहायताले आफ्ना कथामा प्रस्तुत गरी ती समस्याको समाधान र पुनः ती स्थितिको सिर्जना कसैको जीवनमा नहोस् भन्ने सन्देश दिने उद्देश्यका साथ प्रस्तुत कथा अगाडि आएको छ । यसमा आएका केही कथाहरू अलिक नैतिक शिक्षा दिने तर्फ केन्द्रित देखिन्छन् । **बेष्ट पाटर्नर**मा बीचबीचमा

गरिएको गनथनले कथालाई अस्पष्ट समेत पारेको छ । कतिपय कथा लेखनको उद्देश्य स्पष्ट नरहेको अवस्था पनि यहाँ भेटिन्छ ।

**निष्कर्ष**

यसरी ज्ञवालीको **'दोभान'** कथासंग्रहमा सङ्गृहीत कथाहरू मूलतः सामाजिक, राजनीतिक प्रशासनिक, मनोवैज्ञानिक, ग्रामीण आदि क्षेत्रमा व्याप्त विकृति र विसंगतिका साथै अन्य विविध सर्न्दभ र प्रसंगलाई यथार्थमूलक ढंगले न्यून सहभागीहरूको सहभागितामा सहरी, ग्रामीण, परिवेशमा वर्तमान युगीन सामाजिक र मनोवैज्ञानिक यर्थाथका विविध पाटाहरूको समायोजन गरी लेखिएका छन् । सरल सहज कहीँ कतै क्लिष्ट भाषाको प्रयोग गरी लेखिएका यस संग्रहका कथाहरू आन्तरिक र बाह्य दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कतिपय कथाहरूमा एकै पात्र लच्छिमाको प्रयोगले नारी पात्रमा लच्छिमा नाम नै राख्नुको रहस्य के हो त्यो कथाकार आफू मात्र जान्दछन् । त्यसबाट कथाहरूको अध्ययन पश्चात् एउटा कुरा अलिक खटकिन जाने हुन्छ । नारीपात्रहरू पुरुषद्वारा पीडित भएका घटनामा आधारित अधिकाशं कथामा नारी चरित्रमा नै दोष देखाइनुले नारीप्रति आक्रोश, घृणा वा कुनै प्रकारको नैराश्यको प्रस्फुटन हो कि भन्ने शंका पैदा हुने गर्छ । यस सम्बन्धमा कथाकार स्वयं कथा लेखनको समयमा आफूमाथि पितृसतात्मक विचार नै हावी भइरहेको हुन सक्ने कुरा स्वीकार्दछन् । (परिशिष्ट : ७९) तापनि यी घटना आजका दिनमा कहीँ कतै घटिरहेको कारण विषयवस्तु अस्वीकार्य भने छैन । तर पुरुष पात्रको सङ्लो चित्रले नारी र पुरुष पात्र चित्रणमा केही हदसम्म समान न्याय गर्न नसकेको भान भने हुन्छ ।

## २.३.४.२ जब मरेकाहरू व्युँझन्छन् नाटक तथा एकाङ्कीहरूको समीक्षा :

**परिचय :**

**जब मरेकाहरू व्युँझन्छन्** (२०६१) नाटकसंग्रह (लेखन २०५१) भगवानचन्द्र ज्ञवालीको पहिलो नाटक तथा एकाङ्की संग्रह हो (परिशिष्ट : ७७) संग्रहको सुरूको पृष्ठ लेखकको आफ्नै भनाइबाट सुरूवात गरिएको छ भने यो संग्रह जम्मा ६४ पृष्ठमा संरचित छ । जनताका सहीदहरूलाई समर्पण गरी लेखिएको यस संग्रहको बाहिरी आवरण पृष्ठमा विविध रङ्गको समायोजन गरिएको कोलाज चित्र बनाइएको छ । आवरणको मध्यभागमा मानिसहरूको टाउको जस्तो आकृति देख्न सकिन्छ । आवरणको माथिल्लो भागमा **जब मरेकाहरू व्युँझन्छन्** लेखिएको छ भने अन्तिम आवरणमा लेखकको परिचय समेत छ । प्रस्तुत संग्रहमा एक नाटक र दुई एकाङ्की संकलन गरिएका छन् । **जब मरेकाहरू व्युँझन्छन्**

नाटक हो भने **स्वप्नभङ्ग र दृष्टान्त** एकाङ्की हुन् । नाट्य तत्त्व र एकाङ्की तत्त्वका आधारमा यी रचनाको समीक्षा छुट्टाछुटै खण्डमा गरिएको छ ।

### २.३.४.२.१. 'जब मरेकाहरू ब्युँझन्छन्' नाटकको समीक्षा :

**परिचय :**

पूर्वमा नाट्य, नृत्य जस्ता विविध शब्दले प्रचलित नाटकलाई पश्चिममा ड्रामा, प्ले, थिएटर जस्ता शब्दले चिन्ने चिनाउने गरिन्छ । पूर्वीय र पाश्चात्य दुवै साहित्यमा प्रचलित नाटकको इतिहास लामो छ । पूर्वीय नाट्य परम्पराको इतिहास खोज्दै जाँदा संस्कृत वाङ्मयमा वैदिक साहित्य अन्तर्गत संवादसूक्तहरूमा नै नाट्यबीज देखा पर्दछ । लौकिक संस्कृत साहित्यको थालनीसँग संस्कृत नाटकहरू देखापरेका हुन् । ईसाको प्रथम शताब्दीतिर **भरतको 'नाट्यशास्त्र'** को रचना भएको र त्यसभन्दा पहिलेदेखि नै संस्कृत नाटकको अस्तित्व रहेको पुष्टि हुन्छ । (शर्मा, २०६३ : १६) यसरी नै पाश्चात्य साहित्यमा पनि ग्रीसमा डायोनिसस देवीको सम्मानमा हुने त्रासदी नृत्य, वर्णित कथा, पशु मखुण्डो लगाएका विविध मानव चरित्रको प्रस्तुति र अभिनयले नाटकको सुरूवात गरेको मानिन्छ ।

पूर्वमा मिथिलाका राजा जनकले राम र सीताको विवाहमा विभिन्न देश देशावरका राजकुमारहरूको मनोरञ्जनका लागि नाट्य आयोजन गरेको कुरा रामायणमा उल्लिखित छ । (पौड्याल, २०६३ : २२) लौकिक जीवनको उल्लास प्रियताको स्वाङ र अनुकरणलाई नाटकको आधार मानिन्छ । यस्तै धार्मिक विश्वास साथ गरिने कृष्णलीला, रामलीला, जस्ता विविध लीलाले पनि यसको सुरूवात गरेको मान्नुपर्छ । नेपाली परिप्रेक्षमा नाटकको सुरूवात विन्दु खोज्ने हो भने किराँतकालीन एवम् लिच्छवीकालीन नेपालमा अभिनय गर्ने चलन भएको प्रमाण अनुसन्धानबाट प्राप्त हुन्छ (पौड्याल, २०६३ : २२) तर पनि नाटक मञ्चन र लेखन अनुवाद जस्ता कुराहरू मल्लकालबाट बढी प्रचलनमा आएको बुझिन्छ । जयानन्ददेवको शासन काल (वि.सं १३७५) पछि नेपालमा **'नागानन्द'** नाटक अभिनीत भएको पाइन्छ (पौड्याल २०६३ : २२) । यसरी दैवी, लौकिक, धार्मिक आधारबाट नाटकको उत्पत्ति र मञ्चन हुँदै आए पनि नेपाली नाटक साहित्यको सुरूवात शक्तिबल्लभ अर्यालले **'हास्यकदम्बम्'** (१८५५) अनुवाद गरेपछि नेपाली नाटकको इतिहास विविधत् आरम्भ भएको मानिन्छ (पौड्याल, २०६३: २३) । तत्पश्चात् माध्यमिक र आधुनिक काल हुँदै अगाडि बढेको नेपाली नाटक हाल विविध धारा र वादमा अगाडि बढेको छ भने विविध स्रष्टाहरू लेखन मञ्चन र प्रकाशन गर्दै यो विधा सुदृढीकरण तर्फ लागेका देखिन्छन् ।

पूर्वीय र पाश्चात्य दुबै क्षेत्रमा नाटकको प्रचलन भिन्न प्रकारले भएको हुनाले यसका तत्त्व संख्या एक समान देखिँदैन । पूर्वीय मान्यता अनुरूप अपरिहार्य तोकिएका तत्त्व पाश्चात्यमा अपरिहार्य नहुन सक्छन् भने पश्चिममा तोकिएका तत्त्व पूर्वमा केही महत्त्वको नमानिन पनि सक्छन् । पूर्वमा मुख्यतया नाटकका तत्त्वहरू निम्नानुसार मानिएका छन् :- इतिवृत्ति वा वस्तु, पात्र, नाट्योक्ति, अभिनय, रस, भाषा, गीत, वृत्ति प्रवृत्ति, नाट्याङ्कार, लास्याङ्ग, वीथ्यङ्ग, लक्षण, नान्दी, भरतवाक्य, (उपाध्याय २०५२ : ४८-६३)

यसरी नै पाश्चात्य नाट्यशास्त्रमा पाइने नाट्य तत्त्वहरू मानिएका छन् :- कथावस्तु, चरित्र, विचार, पदावली, गीत, दृश्यविधान (उपाध्याय, २०५२: ६४) ।

पूर्वीय र पाश्चात्य नाट्य साहित्यमा पाइने नाट्य तत्त्वहरूको समायोजन गरी आधुनिक नेपाली नाटकका तत्त्वहरू निम्नानुसार मान्न सकिन्छ :- कथानक, पात्र, परिवेश, संवाद वा कथोपकथन, भाषाशैली, अभिनेयता, उद्देश्य ।

यिनै नाट्य तत्त्वका आधारमा **जब मरेकाहरू व्युँझन्छन्** नाटकको समीक्षा तल गरिएको छ ।

**कथानक**

नाटकको महत्त्वपूर्ण तत्त्व हो । चरित्रले कथानकविना कार्य गर्न पाउँदैन । त्यसैले कथानक आवश्यक मानिन्छ । पात्रबाट मात्र नाटक रचिन सक्दैन उनीहरूको कुनै न कुनै कार्य देखिनै पर्छ । ती कार्य देखाउन कार्य कारणयुक्त केही घटना हुनैपर्छ (कोइराला, २०६६ : १७) । नाटकका लागि चयन गरिएको कथानकको घटना जीवन जगत्को चित्रण गर्न मञ्चन हुने र दर्शकलाई प्रभाव पार्ने खालको हुनु अनिवार्य हुन्छ । नाटकको कथानक जीवनको संश्लिष्टतामा आधारित भएर पनि मञ्चनीय र दर्शकलाई प्रभावित पार्ने तथा कालको सीमामा आबद्ध भएर पनि सङ्क्षिप्त हुन अनिवार्य मानिन्छ -पौड्याल, २०६३ : ७) ।

प्रस्तुत **जब मरेकाहरू व्युँझन्छन्** (२०६१) नाटकको कथावस्तु सामन्ती समाज र पुँजीवादी व्यवस्थामा फसेको फितलो सरकारका कारण आम जनताले भोग्नु परेका अनेकन समस्या पछि अब समाज परितर्वन हुनुपर्दछ भन्दै उठेको क्रान्तिकारी समूह वा संस्थासँग सम्बन्धित रहेको छ । यो दुई अङ्क र ११ दृश्यमा संरचित छ । विविध परिवेश र धेरै पात्रहरू प्रयोग गरी तयार पारिएको प्रस्तुत नाटक एउटा क्रान्तिकारी संघ वा संस्थाले कस्तो प्रकारले समाजमा परिवर्तन ल्याउन के कस्तो कदम चालिने स्थिति बाँकी रहेको छ भन्ने कुरा प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ ।

नाटकको सुरूवात ४-५ क्रान्तिकारीको सानो बैठकबाट हुन्छ । आफ्नो इलाकाको काम बाँडफाँडमा पहिलो अङ्कको पहिलो दृश्यको अन्त्य हुन्छ, दृश्य २ फेरि तिनै पात्रको अर्को बैठक र आफ्ना वरिपरि रहेकालाई तयारी पारिराख्ने विषयमा छलफल हुन्छ ।

द्वितीय अङ्कको दृश्य १ मा : सिद्धान्त महानगरपालिकामा क्रान्तिकारीले सभा सञ्चालन गर्दछन् र क्रान्तिका निम्ति आह्वान गर्दछन् ।

दृश्य २ मा : केन्द्रीय बैठक, जसमा बन्दीगृहमा रहेका आफ्ना कमरेडहरूलाई छुटाउने योजना र शाही सेनालाई पनि आफूमा मिलाउने विचार व्यक्त गर्दछन् ।

दृश्य ३ मा : क्षेत्रीय समितिको बैठक बन्दीगृहबाट आफ्ना कमरेड हटाउने तयारी चल्दछ ।

दृश्य ४ मा : जेल फुटाई आफ्ना साथीहरूलाई भाग्न मद्दत गर्नु, ब्यारेकमा बम विस्फोट गराउनु ।

दृश्य ५ मा : चारकोसे झाडीमा पुगेर जेलबाट फरार हुने क्रममा मारिएका जवानहरूको सहादतको खबर केन्द्रमा पठाइन्छ ।

दृश्य ६ मा : फर्कने क्रममा सौरपानीका जङ्गलमा क्रान्तिकारी समूह र सेनाको जम्काभेट, फायरिङ, मुडभेडको अवस्था, अन्त्यमा शाही सेनाले क्रान्तिकारीसँग समर्पण र घाइतेको उपचारका लागि क्रान्तिकारीहरू शिविर तर्फ लागेका हुन्छन् ।

दृश्य ७ मा : घाइते सेना क्रान्तिकारी सेनासँग त्रसित तर सेनामा रहेका अरू केहीले आत्मसमर्पण गरिसकेका हुन्छन् तिनबाट अन्य मित्रले सुरक्षाको आश्वासन पाउँछन् ।

दृश्य ८ मा : शाही सेना शिविरमा रातमा भएको मुढभेडको जानकारी पुग्दछ र खबर सुनेर तिनीहरु हतासिन्छन् ।

दृश्य ९ मा : पोलिट ब्यूरोको बैठक बस्दछ । क्रान्तिकारी पार्टीले आफ्नो जीतको खुसी मनाउँछ क्रान्तिकारी जनसत्ताको एघार सदस्यीय मन्त्रीमण्डल गठन गरेको अवस्थामा नाटकको अन्त्य हुन्छ ।

यसरी दृश्य १ मा सानो बैठक सुरू गरी क्रमबद्ध बैठक, लडाई, विजय र अन्त्यमा आन्तरिक मन्त्रीमण्डलसम्म गठन गरेको कार्यावस्थाको वर्णन यहाँ गरिएको छ भने कथावस्तुलाई आदि, मध्य र अन्त्यको सिलसिलामा बाँधिएको छ । राजनैतिक विषयलाई नाटकको कथावस्तु बनाए पनि अङ्क, दृश्य विभाजन, घटनाको क्रमिकताले कथानकलाई सबल तुल्याएको छ ।

**पात्र**

कथानकभित्र रहने व्यक्तिलाई पात्र वा चरित्र भनिन्छ । यी चरित्र वा पात्रका माध्यमबाट केही कार्य अभिनीत हुन्छन् र केही कार्य सूचित मात्र हुन्छन् । नाटककार यी पात्रले गर्ने अभिनयबाट नै नाटकको विषय प्रतिपादन गर्दछ । पहिले कथानक शिल्प नाटककारको कसी मानिन्थ्यो भने अहिले चरित्रचित्रण कलालाई नाटककारको कसी भनिन्छ । नाटकमा चरित्रले विषय चरितार्थ गर्नाका साथै मानवीय स्वभावको उद्घाटन र नाटककारको जीवनदृष्टि पनि व्यक्त गरिदिने मानिन्छ (कोइराला, २०६६ : १७) ।

प्रस्तुत नाटक चरित्र प्रयोगका दृष्टिले अलि फरक छ । सामान्यतया नाटकमा प्रयुक्त चरित्रलाई प्रमुख, सहायक, सत, असत, अनुकूल, प्रतिकूल, बद्ध, मुक्त, पात्र आदि जस्ता विविध ढङ्गबाट राखिएको हुन्छ तर यहाँ प्रस्तुत गरिएका पात्रको व्यक्तिगत पहिचान भन्दा क्रान्तिकारी वर्गको सिङ्गो वर्गीय चरित्र यहाँ प्रस्तुत गरिएको छ । त्यसैले यस नाटकमा कुनै एक पात्रको महत्त्व निर्क्यौल गर्न कठिन छ । कुन पात्र बद्ध, कुन पात्र मुक्त भनी छुट्याउन गाह्रो पर्ने प्रकारको छ । कुनै एउटा दृश्यमा मुख्य रूपमा देखा परेका पात्र कुनै अर्को दृश्यमा देख्दै नदेखिएका पनि छन् । जम्माजम्मी ३० पात्रको संवाद यहाँ देखिन आउँछ भने नेपथ्यमा १२ जना पात्रको नाम उल्लेख गरिएको छ भने ठूलो जनसमाजको उल्लेख पनि गरिएको छ । पात्र प्रयोगका दृष्टिले यहाँ पुरुष पात्रको बाहुल्य रहेको छ भने अन्त्यमा दुई महिला पात्रको नाम उल्लेख मात्र गरिएको छ । दृश्य १ मा देखिएका भेषराज, बोधराज, यादव, विक्रम जस्ता पात्रहरू शिक्षित, समाज परिवर्तन गर्न चाहने क्रान्तिकारी पात्रका रूपमा देखापर्दछन् र समाजप्रति केही बढी नै चिन्तित देखिन्छन् भने पछाडिका पात्रहरू जनयुद्ध र भीडन्तमा केन्द्रित कमरेड सिपाहीहरू नै देखापर्दछन् । पछिल्लो खण्डमा शाही सेनाका केही संवादहरू उल्लेख गरिएबाट उनीहरूका त्रासको केही अड्कल गर्न सकिन्छ । यसरी विविध पात्रको प्रयोग गरी कुनै एक विशिष्ट पात्र भन्दा वर्गीय पात्र र तिनको क्रियाकलापसँग सम्बन्धित विविध घटनाले यसमा प्रयुक्त चरित्रलाई जीवन्त तुल्याएको छ । केही वर्ष अगाडि शाही नेपाली सेना र क्रान्तिकारी पार्टीबीच भएको युद्धको झल्को यस नाटकमा प्रयोग गरिएको पात्रका माध्यमबाट प्रष्ट आँखा अगाडि आइपुग्छ । कतिपय पात्र गतिशील छन् भने कतिपय पात्र गतिहीन देखा पर्दछन् । सुरूका चार पात्र बाहेक अन्यको चरित्र यस्तै नै छ भनी अडकल गर्न मुस्किल छ किनभने एक वा दुई वाक्यमा पात्रहरू सीमित भएका छन् ।

यसरी प्रयोगमा अलिक भिन्न प्रकारले खडा भएका ज्ञवालीका पात्र यति हुँदा हुँदै पनि क्रान्तिकारी वर्गीय समाजको प्रतिनिधित्त्व गर्न सफल देखिन्छन् ।

## परिवेश

नाटकलाई समाजको दर्पण, रीति रिवाज चालचलन, भेषभूषा बोलीचाली देखाउने उत्कृष्ट सांस्कृतिक कला भनिन्छ । नाटकलाई अरू साहित्यिक विधाभन्दा भिन्न बनाउने तत्त्व नै परिवेश हो । परिवेशले नै नाटकलाई शक्तिशाली बनाउँछ । बाह्य वा आन्तरिक जनुसुकै किन नहोस् परिवेशमा स्थान र समय अनुसारका मानवीय व्यवहार अटाउँछन् । नाटकले मूलतः कुनै निश्चित स्थान र समयका मानवीय व्यवहार देखाउँछ (कोइराला, २०६६ : १८) । यति हुँदा हुँदै पनि परिवेश चित्रण नाटकको सीमा पनि हो । समग्र युग जीवनका हरेक स्थिति, प्रत्येक घटना, कार्य र प्रवृत्तिलाई नाटकमा समावेश गर्न सकिन्न तापनि यसलाई विश्वसनीय, यथार्थ र प्रभावकारी बनाउन देश काल र वातावरणको समुचित आयोजना गर्नुपर्ने मानिन्छ (पौड्याल, २०६३ : १४) ।

प्रस्तुत नाटकमा प्रयोग गरिएको बाह्य परिवेश दृश्य अनुरूप फरक फरक छ । सुरूमा सन्ध्यापछिको रात, फागुन महिना, गाउँको डहरमो पिपलको बोटमुनिको परिवेशमा नाटक सुरू गरिएको छ । त्यसै गरी खाल्टे पँधेरा, सिद्धार्थ महानगरपालिका, आहाले गाउँ, आमनाङ जिल्ला सदरमुकाम, चारकोसे झाडी, सौरपानीको जङ्गल, क्रान्तिकारी शिविर अर्थात् गाउँको सानो स्कूल, सैनिक शिविर, जलजला गा.वि.स. को विशाल मैदान जस्ता विविध परिवेशको प्रयोग भिन्न दृश्याङ्कन गरिएको छ । यहाँ समयमा रातको समय र दिनको समय तोकिएका छन् भने देशको राजनैतिक अवस्थामा सामन्ती समाज, पूँजीवादी व्यवस्था र फितलो सरकार रहेको समयावधि चित्रण गर्ने प्रयास गरिएको छ । यी परिवेशमा घटेका घटनाका आधारमा प्रस्तुत नाटकले २०५७-२०५८ पछिको समयावधिलाई आफ्नो नाटकमा समेटेको हो कि भन्ने भान पनि हुन्छ । धेरै ठूलो परिवेशमा अर्थात् धेरै ठाउँ नाटकमा समेटिएका कारणले गर्दा नाटक गतिशील रूपमा अगाडि बढेको भान भए तापनि मञ्चीयताका दृष्टिले यी सबै परिवेश मञ्चमा देखाउन अलि गाह्रो पर्ने अवस्था पनि यहाँ देखिएको छ । यति हुँदा हुँदै पनि कथावस्तु, पात्रको आधारमा नाटकको परिवेश समय सुहाउँदो मिल्ने प्रकारकै छ ।

## संवाद वा कथोपकथन

संवाद नाटकको अपरिहार्य तत्त्व हो । यसैबाट नाटकले निश्चित रूप वा आकार प्राप्त गर्दछ । नाटककारले आफ्नो सम्पूर्ण कुरा संवादकै माध्यमबाट व्यक्त गर्दछ । नाटकमा

संवाद कुराकानीका लागि मात्र नभएर पात्रको चरित्र चित्रण, रीति रिवाज, चालचलन संस्कार, मान्यता, संस्कृति आदिका साथै सम्पूर्ण नाटकीय वातावरण वाञ्छित रूपमा व्यञ्जित गर्न सकिन्छ । घटनाको सूचना, कथानकको विकास, परिस्थिति योजना, एक पात्रसँग अरू पात्रको सम्बन्ध, पात्रको मानसिक अवस्था, पात्रका बीच हुने संघर्ष, पात्रको अन्तर्द्वन्द्व आदिलाई पनि संवादले नै देखाउँछन् । उचित संवाद योजनाबाट नै नाटक सबल र सम्पन्न हुन सक्छ । दृश्य रूपमा प्रस्तुत गर्न नसकिने यावत् कुरालाई संवादले नै जीवन्त बनाएर प्रस्तुत गर्दछ । नाट्य संवाद स्वभाविक पात्र र परिस्थिति अनुकूल सरल, स्पष्ट, रोचक र प्रभावोत्पादक हुनुपर्छ (कोइराला, २०६६ : १८) ।

प्रस्तुत नाटकमा प्रयुक्त संवाद पात्रानुकूल रहेको छ । यस नाटकमा शिक्षित क्रान्तिकारीले प्रयोग गर्ने संवाद, सेनाका लडाकुले प्रयोग गर्ने संवाद, कुनै सभा वा बैठकमा प्रयोग हुने संवाद, विविध परिस्थिति अनुरूपका संवाद समय सुहाउँदा छन् । संवाद सरल स्पष्ट छन् । कतै घटना घट्ने आशङ्का त कतै त्रासको माहोल सिर्जना गर्न सफल प्रकारका रोचक छन् । प्रस्तुत नाटकमा प्रयोग गरिएको संवादले नै नाटकलाई जीवन्त र समय सुहाउँदो तुल्याएको छ । प्रस्तुत नाटकमा प्रयोग गरिएको संवादले नाटकमा बढ्दै गएको संघर्षलाई देखाउन मद्दत गर्दछ ।

- **जवानहरू ! फायरिङ जारी राख्दै पछि हट, घायल र वीरगति पाउनेको शव लिएर हिड । खबरदार ! कोही घायल रुने र चिच्याउने गर्लास्** ( पृ : २६) ।
- **दुष्मनको शक्ति पछि हट्दै छ, वीरतापूर्वक अघि बढ्नुहोस्** ( पृ : २६) ।

युद्धको समयमा प्रयोग भएको यो संवादले एकातिर युद्ध अवस्था लडाकुको मनस्थिति कस्तो छ भन्ने प्रष्ट पार्छ भने अर्कोतर्फ उनीहरूभित्र बढ्दै गएको त्रासलाई प्रष्ट पार्दछ । सामान्यतया युद्धमा हारेका र आत्मसमर्पण गरेका विपक्षी पक्षका लडाकुको मनमा के कस्ता प्रश्न उठ्छन् भन्ने कुरा पनि यहाँ युद्धपछिको अवस्थामा सैनिक बीच भएको कुराकानीबाट प्रष्ट हुन्छ ।

**घायल १ के यिनीहरूले हामीलाई मार्छन् त अब ?** (पृ : २९)

**घायल २ धत् ! मार्ने भए कसैले यत्रो दुःख गरेर यहाँ ल्याउथ्यो त ?** (पृ : २९)

**घायल १ मेले सुनेको थिए हतियार खोसेर जम्मैलाई मार्छन् रे भनेर सुब्दार साहवले भनेको** (पृ : ३०)

यसरी प्रस्तुत नाटकमा प्रयुक्त संवादले पात्रका बीचमा हुने संघर्ष, अन्तर्द्वन्द्व उनीहरूको मानसिक अवस्था, समाजको अवस्था, समाजका निमुखा जनताले भोगेका स्थितिको उद्घाटन गर्दै नाटकको कथानकलाई अगाडि बढाएर अन्त्यसम्म पुऱ्याइएको छ भने यसभित्रको कौतूहल कम हुन दिइएको छैन । नाटकमा सरल, परिस्थिति अनुकूल संवादको प्रयोग गरिएको छ । संवाद प्रयोगका दृष्टिले नाटक राम्रो छ । कहीँ कहीँ क्रान्तिकारी सङ्गठनको बैठकमा गरिएका केही कुराहरू वा संवाद अलि लामा र आदर्शका अनि नाटककारको आफ्नो विचार बोल्ने प्रकारका छन् । अन्यथा नाटकको विषय अनुसार संवाद प्रयोग सुहाउँदो छ ।

**भाषाशैली**

नाटक पढिने भन्दा खेलिने कुरा हो । रङ्गमञ्च अनुकूल नाटक सरल, सहज र प्रभावपरक हुन्छ र भाषाले नै नाटकलाई स्थानीय, चरित्र अनुकूल र रीतिस्थिति सापेक्ष बनाउँछ । शैली भन्ने कुरा व्यक्ति सापेक्ष, समय सापेक्ष हुन्छ । नाटककारको शिल्प क्षमता, विद्वता र प्रतिभाको परीक्षा शैलीबाट हुन्छ । किनभने शैलीले कृतिलाई सामान्य र विशिष्ट बनाउँछ (कोइराला, २०६६ : १८ )

प्रस्तुत नाटकमा प्रयुक्त भाषा सरल बुझ्न सकिने, पात्रानुकूल रहेको छ । भेषराज, बोधराज जस्ता साक्षर पात्रले प्रयोग गर्ने भाषा उनीहरूको स्तर सुहाउँदो छ भने सिपाहीहरूले प्रयोग गर्ने भाषाको स्तर **साप, हाम्ले, थुप्रा, भ्याएका** आदि उनीहरू सुहाउँदो छ ।

सिपाही - **अनि साप, गाउँ काटेर जङ्गलमा पस्न मात्रै भ्याएका थियौ कि खैलाबैला सुनियो हाम्ले ब्ल्याङ्ङ फायर गऱ्यौं । उनीहरूले ... त्यसपछि फायर गर्न सुरू गरी हाले । तिनीहरू त साप् ! आमामामा ! थुप्रा पो थियो त ।** (पृ : ३४)

बैठकहरूमा राजनैतिक शब्द, शब्दावलीको प्रयोग गरिएको छ भने युद्धमा सोही सम्बन्धी शब्द शब्दावलीको प्रयोग गरिएको छ । लेख्य र कथ्य दुवै भाषाको प्रयोग यस नाटकमा गरिएको छ भने प्रायः ग्रामीण जनजीवनमा प्रयोग हुने प्रकारका शब्दको प्रयोग पनि गरिएको छ । आस्कोट, तलेत्री, टुक्रुस्स, लेस, छोडी भाग, जम्मे, सुब्दार' साव आदि । यस्तै सुरक्षा निकाय र युद्धमा प्रयोग हुने शब्द शब्दावली पनि यहाँ निकै प्रयोग गरिएका छन् । प्लाटून, कमाण्डर, फायरिङ्ग, फ्ल्यासलाइट, भगौडा, आक्रमणकारी स्काइफायरिङ, ब्यारेक, बम, शहादत, सप्राइज, थ्रिलिङ्ग, कमरेड, स्क्वायड, क्वाटर आदि

त्यसका साथै हिन्दू तथा उर्दू भाषाको प्रयोग पनि प्रशस्तै मात्रामा यस नाटकमा भएको छ । अन्य पात्रहरू कमरेड, क्रान्तिकारी, बैठकमा सामेल भएका विविध पात्रले प्रयोग गरेको भाषा नेपाली लेख्य भाषा नै रहेको छ । यसरी तत्सम्, तद्भव, आगन्तुक र कथ्य नेपाली भाषाको विविध शब्दको प्रयोग र तिनको सही मिश्रणले नाटकको भाषाशैली वास्तविक सरल र बोधगम्य हुन आएको छ ।

**अभिनेयता**

अभियन नाटकको महत्त्वपूर्ण तत्त्व हो । नाट्यवस्तु वा कथानकलाई मञ्चमा अभिनेताबाट प्रस्तुत गर्नु नै अभिनय हो । नाटकको पूर्ण सफलताको श्रेय अभिनेताको कौशलमा निर्भर रहन्छ । अभिनय कौशलपूर्ण एवम् प्रभावपूर्ण हुनपर्छ । भाव सम्प्रेषणको सफलता र दर्शकको भावनासँग तदाकार हुनु नाटकको आधारभूत सर्त मानिन्छ ।

अभिनयका दृष्टिले **जब मरेकाहरू व्युँझन्छन्** नाटकलाई हेर्ने हो भने यो नाटक अभिनयात्मक भन्दा पनि पठनीय प्रकारको देखिन्छ । पात्र प्रयोगका दृष्टिले हेर्दा धेरै पात्रको प्रयोग गरिएकाले रङ्गमञ्चमा अत्यधिक पात्रको खाँचो एकातर्फ रहन्छ भने अर्कातर्फ भिन्न भिन्न प्रकारको परिवेश प्रस्तुत गरिएकाले :- युद्ध, चारकोसे झाडी, व्यारेक, गाउँ, स्कुल, दिनरात यी विविध स्थानको निर्माण र परिवर्तन गर्न रङ्गमञ्चमा असम्भव जस्तै देखिन्छ । त्यसमाथि कुनै एक पात्रको भूमिकाले रङ्गमञ्चमा अगाडि बढ्ने मौका पाउँदैन । अन्य थुप्रै पात्र बदल्नु पर्ने हुँदा दर्शकले नाटकको सामीप्य अनुभव गर्न गाह्रो पर्छ । नाटककारले नाटक लेख्दा पर्दा खुला, पर्दा बन्द जस्ता शब्दमा अभिनयात्मक भएको कुरा देखाउन खोजेका छन् तर नाटक अभिनयात्मक भन्दा पठनीय प्रकारको छ ।

## उद्देश्य

उद्देश्य नै नाटकको प्रयोजन हो । विना प्रयोजन कुनै कृतिको रचना हुँदैन । पहिलेका नाटकहरू मूलत : रसानुभूति, आनन्द प्राप्तिका लागि यश वा कीर्तिका लागि, व्यक्तिगत लाभ वा लोक कल्याणका लागि लेखिन्थे, लोकव्यवहार र शिक्षाका लागि नाटक लेखिन्थे । अहिले मनोरञ्जन, सौन्दर्यको खोज र लोककल्याणका उद्देश्यले नाटक लेखिने गरेको पाइन्छ (कोइराला, २०६६ : १९ )

प्रस्तुत नाटक समाज विकासको चरणमा अगाडि बढ्दै जाँदा यदि आम जनतामा नै कुनै राजनैतिक व्यवस्था, कुनै नीति नियमले असर पार्न थाल्छ भने त्यस अवस्थामा आम जनता खडा हुनुपर्दछ । र त्यो आम शक्तिलाई रोक्न सक्ने क्षमता कसैमा बाँकी रहँदैन भने

भाव प्रष्ट पार्नु नाटककारको उद्देश्य देखिन्छ । यस प्रकारको समाज परिवर्तनमा आम जनता आफ्नो अधिकारका लागि आफैं जागरुक हुनुपर्छ भन्ने बुझाउन खोज्नु पनि यस नाटकको उद्देश्य हो । अर्कोतर्फ आफ्नो फाइदा र सीमित व्यक्तिको फाइदाका निम्ति मात्र क्रान्ति गर्ने समूह बढी देखिएको वर्तमान अवस्थामा केही सङ्गठन यस्ता पनि छन् जसको ध्येय केवल आम जनताको कल्याण गर्नु रहन्छ भन्ने सन्देश प्रवाह गर्ने कोसिस नाटकमा प्रस्तुत सङ्गठन मार्फत गर्न खोजिएको छ । प्रतीकात्मक रूपमा यस नाटकको उद्देश्य नेपालको जनयुद्ध कालमा माओवादी पार्टीले गरेका सङ्घर्षको चित्र देखाउनु पनि रहेको बुझिन्छ । पार्टीको नाम नतोकिए पनि झण्डाका चिह्न, घटनावलीले सो कुरा प्रष्ट पार्दछन् भने त्यतिबेला वि.सं. २०५९ तिर एकीकृत माओवादीको चित्र जनमानसमा खराब रहेको अवस्थामा सो दृष्टिकोण परिवर्तनका निम्ति पनि यो नाटक लेखिएको हो कि भन्ने भान नाटक पढ्दा हुन्छ । यति हुँदाहुँदै पनि क्रान्ति र परिवर्तनको चाहना सहित रचिएको यस नाटकले हरेक थिचोमिचो सहेर बस्नुभन्दा प्रतिकारको प्रयास नै ठूलो हो भन्ने भाव प्रष्ट प्रेषित गर्दछ । त्यसैले उद्देश्यगत रूपमा नाटक सफल छ ।

**निष्कर्ष**

यसरी प्रस्तुत नाटक नाटकीय प्रमुख तत्त्वका आधारमा क्षीण कथानक, बहुल पात्र प्रयोग, बहुल परिवेश प्रयोग, संवाद, भाषाशैली, उद्देश्यका दृष्टिले नाटकीय रचना अन्तर्गत रहेको प्रष्ट हुन्छ । लोककल्याण र समाज परिवर्तनको चाहना राख्ने नाटककार प्रस्तुत कृतिमा पनि सोही कुरा देखाउन प्रयासरत छन् । जनयुद्धको तीतो अनुभव भोगेका नेपाली जनतालाई माओवादीहरू प्रति आफ्नो धारणा परिवर्तनका निम्ति एउटा प्रयासको रूपमा यो नाटक रहेको देखिन्छ । बाहिरी देखिएको चित्रभन्दा भित्रको चित्र कल्पना गर्न ज्ञवाली सफल छन् । उनले यो नाटक लेखनको क्रममा शाही सेना र माओवादी बीचमा एक प्रकारको तनावको स्थिति थियो जसलाई कम गर्नाका निम्ति नाटकमा पूर्व कल्पना गरी जनयुद्धका लागि यी दुईपक्ष मिलेको देखाइएको छ । यथार्थमा आज त्यस्तै नै भएको छ । त्यसैले उनको पूर्वकल्पना सही ठहरिन पुगेको छ । नेपालको परिप्रेक्ष्यमा घटनालाई एकापट्टि राखेर मात्र यो नाटकलाई हेर्ने हो भने जुनसुकै ठाउँमा हुन सक्ने जनयुद्धको तस्वीर यसले दिन्छ तापनि, घटिसकेको घटनाबाट पूर्ण प्रेरित भएर सिङ्गो त्यही घटनाको चित्र बनाउन लाग्नु भन्दा त्यसमा केही साहित्यिक र रोमाञ्चक तत्त्व पनि हाल्न सकिएको भए नाटक पढ्न अझै रोचक र बुझ्ने प्रकारको हुने थियो । नाटकका रूपमा यसको प्रस्तुति गरिए पनि एउटा

सङ्गठनले आफ्नो उद्देश्यपूर्तिका निम्ति लडेको लडाइँको घटनाक्रम मात्र प्रस्तुत गरिएको हुनाले पाठकलाई सुरूदेखि अन्त्यसम्म नाटक पढ्ने चाख नहुन सक्छ । ज्ञवालीका अनुसार भूमिगत संगठनको क्रियाकलाप र संघर्षको अवस्था प्रष्ट तरिकाले देखाइए पनि संघर्षको प्राप्ति भने खुलेर देखाउन नसकिएकोमा दर्शक र पाठकलाई समेत असन्तुष्टि रहनु स्वभाविक छ । (परिशिष्ट : ८०) केही कमजोरी केही बलिया पक्ष हरेकका हुन्छन् र यो नाटक पनि ती दुबै पक्षबाट रहित र मुक्त छैन । क्षीण विषयवस्तु यति लामो तान्न सक्नु नाटककारको खुबी देखिन्छ भने नाटकीय धर्मिता वा तत्त्वहरूको पूर्ण अनुसरण गर्ने प्रयास पनि नाटककारले यसमा गरेकै छन् ।

### २.३.४.२.२. 'स्वप्नभङ्ग' एकाङ्कीको समीक्षा :

### एकाङ्की परिचय :

पूर्वीय र पाश्चात्य दुबै मान्यता अनुरूप अत्यन्तै प्राचीन विधाका रूपमा परिचित नाटक विधा साहित्यको दृश्य विधा अन्तर्गत पर्दछ । नाटक विधालाई अङ्कका आधारमा एकाङ्की र पूर्णाङ्की नाटक भनी विभाजन गर्ने गरिन्छ । आधुनिक एकाङ्कीको विकासक्रमलाई नियाल्दा यसको व्यापक प्रचलन २० औँ शताब्दीको प्रारम्भिक समयदेखि भएको देखिन्छ तापनि एकाङ्की नाट्य प्रकारको प्रचलन प्राचीन कालदेखि नै नभएको चाहिँ होइन । संस्कृत नाट्य साहित्यमा आजको नाटकविधा बुझाउने तत्कालीन शब्द रूपकका अनेक भेद उपभेद मध्ये छोटा-छोटा खालका नाटकका अनेक प्रकार पाइनाका साथै प्रश्न जस्ता कुनै कुनै भेद एक अङ्का पाइन्छन् । तर पनि संस्कृत नाटकको छोटो खाले वा एक अङ्का भेदबाट आजको एकाङ्कीको विकास भएको चाहिँ होइन । (उपाध्याय र अन्य, २०४६ : ख) १० औँ शताब्दीदेखि एक अङ्का नाटकको प्रचलन रहे पनि १९ औँ शताब्दीको अन्त्यतिर युरोपका ठूला नगरहरूमा नाटकको सुरूमा र मध्यमा पत्यार नलागोस् भनी स-साना नाटको प्रदर्शन गर्ने प्रचलन चल्यो र तिनलाई पट उन्नायक भनियो । पछि पट -उन्नायक यति प्रख्यात भयो कि मानिसहरू ती पट उन्नायक मात्र हेर्न आउन थाले । त्यसमाथि युरोपेली नागर जीवन अति व्यस्त र जटिल भएको स्थितिमा लामो नाटकको ठाउँ यस पट उन्नायकले लियो र यस्तै नाटकको प्रचलन रहयो । यसरी नै वास्तवमा आजको एकाङ्की नाटकको विकास भएको बुझिन्छ । (उपाध्याय र अन्य, २०४६ : ग)

नेपालीमा एकाङ्कीको सुरूआत गर्ने प्रतिभाहरू मध्येका प्रमुख **बालकृष्ण सम** एकाङ्कीको विषयमा यसो भन्दछन् -

*यसमा एउटै विषय, एउटै समय र एउटै अंकका दृश्य हुनु आवश्यक छ । एक र अनेक जति टुक्रा पनि हुन सक्तछ तर एकचोटी नटुटेको सिङ्गो हुनुपर्दछ छोटो, सानो भए पनि । यो छोडदौडको एक दौडजस्तो हो, जसमा विश्राम हुनु हुँदैन । जसलाई दर्शकहरू सासको गति रोकेर भनेजस्तो, दौडको बीचमा उनीहरू जति रोकेर भनेजस्तो, आँखा झिम्म नगरेर भने जस्तो हेर्छन्, खेलको छिनाफाना भएपछि अथवा खेल खतम भएपछि मात्र ती संदिग्धको बाँधबाट खुस्कन्छन् अति खुकुलो भएर बगैचामा जस्तो कुरा गर्न थाल्छन् । यसमा दृश्यको अन्त्य नै पूणविराम हो, जसमा एक कथानक वाक्य टुङ्गिन्छ । एकाङ्की नाटकको रस बेग्लै छ जुन एकाग्र एकाग्र चित्तले मात्र पिइन्छ ।* (उपाध्याय र अन्य, २०४६ : घ)

यसरी छोटो छरितो पढ्न वा हेर्न धेरै समय खर्चनु नपर्ने तर मनोरञ्जन भरपुर पाउने साहित्यको दृश्य विधा अर्न्तगतको एकाङ्की विधामा रहेर लेखन, मञ्चन, प्रकाशनको कार्य विविध व्यक्तिहरूबाट भएको छ । आधुनिक नेपाली एकाङ्की क्षेत्रमा **बालकृष्ण सम, पुष्कर शमशेर, गोपालप्रसाद रिमाल, गोविन्द 'गोठाले' विजयमल्ल** आदि जस्ता व्यक्तिहरूले कलम चलाइसेकका छन् भने अन्य कति नयाँ स्रष्टाहरूले कलम चलाईरहेका छन् ।

यही विधा अन्तर्गत एकाङ्की तत्त्वका आधारमा भगवानचन्द्र ज्ञवालीको एकाङ्की **स्पप्नभङ्ग**को समीक्षा तल प्रस्तुत गरिएको छ ।

**कथानक :**

कथानक भनेको कथावस्तुका विभिन्न परिस्थिति, घटना र भावधाराको कालात्मक संयोजन हो । यो एकाङ्कीको मुख्य खाका वा रूप हो, एकाङ्कीका अरू तत्त्व यसै अन्तर्गत समाहित भए झैँ प्रतीत हुन्छन् । एकाङ्कीका प्रत्येक तत्त्वको आ-आफ्नो छुट्टै अस्तित्व हुन्छ । कथानकले यी विभिन्न तत्त्व बीच पारस्परिक सम्बन्ध कायम गर्ने काम गर्दछ । त्यसैले घटना, पात्र, कार्य, व्यापार र संवाद आदि बीच कार्यकारण वा पूर्वापर सम्बन्ध कायम गर्ने क्रममा कथानकभित्र कौतूहल, द्वन्द्व, संघर्ष, चरम सीमा, नाटकीय परिणति जस्ता विविध पक्ष समावेश हुन्छन् । (उपाध्याय र अन्य २०४६ : ङ)

**'स्वप्नभङ्ग'** एकाङ्कीको कथानक दुई मुख्य पात्र प्रवीण र लता रातीको बाह्र बजेको समयमा एक, ८/१२ फिटको कोठामा बसेर गरेका गन्थन र वादविवादबाट सुरु भई विहानको मिरमिरेमा सोही कोठाभित्र अन्त्य हुन्छ । थोरै पात्र र परिवेशको प्रयोग गरिएको यस एकाङ्कीको कथानकको सुरूआत प्रवीणले आधा रातमा आफ्नो कोठाको ढोका कसैले ढकढक्याएकोबाट सुरू हुन्छ । अल्छी गरी गरी ढोका खेल्नु, ढोका खोल्दा श्रीमती लता ढोका

बाहिर देखिन्छे । प्रवीण र लता कोठाभित्र पस्छन् । दुई बीच संवाद सुरू हुन्छ । त्यहीबाट कथानकको आदि भाग सुरू हुन्छ । श्रीमान्बाट क्षमाको आशा राखेर आएकी लतासँग लोग्नेको प्रश्न प्रतिप्रश्नले वादविवाद चर्कन थाल्छ । श्रीमान् नभएको अवस्थामा अन्य मानिससँगको गलत अर्थात् अनैतिक सम्बन्धले चारित्रिक दोष लगाउने प्रवीण लतालाई स्विकार्न चाहँदैन । त्यो चाहिँ कथानकको मध्य भाग हो भने विस्तारै लताले बहसमा आफू मात्रै दोषी नभएको, पुरुष प्रधान समाज पनि दोषी रहेको कुरामा जोड दिन्छे । जे जस्तो गल्ती भुल गरे तापनि सो भुलको अनुभव आफूलाई भएको र पश्चात्ताप र क्षमाको अनुरोध गर्छे र अन्त्यमा ऊ प्रवीणबाट स्विकारिन्छे । त्यहाँ पुगेर कथानकको अन्त्य भएको छ ।

**पात्र :**

कथानकको घटनाक्रम पात्रकै माध्यमबाट गतिशील हुने गर्दछ । पात्रको समस्या, विचार र निर्णय एवम् बोली तथा कार्यले नै कथानकमा अन्तर्निहित घटना घटित हुन्छ । पात्रका क्रियाकलाप नै कथानक घटनाका रूपमा प्रस्तुत हुन्छन् । यसरी कथानकले पात्रकै सहायताद्वारा मूर्तता प्राप्त गर्दछ । त्यसैले पात्र र कथानकबीच घनिष्टतम सम्बन्ध हुन्छ । एकाङ्कीको कथानक छोटो हुने भएकाले यसमा थोरै पात्र प्रयोग हुनु राम्रो मानिन्छ । एकाङ्कीले जीवनको एक विशिष्ट क्षणमात्र प्रस्तुत गर्ने भएकाले यसमा पात्रका चरित्रको क्रमिक विकास प्रस्तुत गर्न सम्भव हुँदैन । अतः पात्र आ-आफ्नै निश्चित् चरित्र लिएर नै एकाङ्कीमा देखा पर्दछन् र उनीहरूका क्रियाकलाप, संवाद र विचार आदिद्वारा तिनका चरित्रको प्रकाशन हुन्छ । (उपाध्याय र अन्य, २०४६ : छ) ।

प्रस्तुत एकाङ्कीमा मञ्चीयताका दृष्टिले दुई मुख्य पात्र रहेका छन् **लता** र **प्रवीण** । समाज, सचिव दाइ, लतालाई गलत काममा साथ दिने पुरुषका रूपमा उल्लेख मात्र गरिएको छ तर तिनको एकाङ्कीमा मुख्य भूमिका भने छैन ।

एकाङ्कीको प्रमुख नायक पात्र प्रवीण हो । शिक्षित देखिने प्रस्तुत पात्र शारीरिक पापभन्दा आत्मिक पापप्रति केन्द्रित देखिन्छ भने आफ्नी श्रीमती लताले गरेको क्षमा याचना क्षणिक रहेको तर मानिसले आफू पापबाट मुक्त हुन आत्मिक शुद्धीकरण अवश्य हुने विचार राख्दछ । सामान्य पुरुष सरह ऊ हरेक कुराका लागि श्रीमतीलाई मात्र दोष थोपार्ने पक्षमा देखिँदैन । तापनि श्रीमतीले आफूलाई सम्हाल्न नसकेकी हुँदा समाजका सामु के जवाफ दिने र के भन्नु भन्ने अन्योलमा प्रवीण देखिन्छ । कथानकको सुरूदेखि अन्त्यसम्म प्रवीण स्थिर पात्रका रूपमा देखापर्दछ भने श्रीमतीको धोका र विश्वासघातका कारण ऊ भित्रभित्रै टुटेको

र हारेको देखिन्छ तापनि उसले श्रीमतीप्रति त्यति घृणा देखाएको छैन । बरु ऊ श्रीमतीको चरित्रलाई आफ्ना कृतिमा समेट्ने विचार व्यक्त गर्दछ । सामान्य लोग्ने मानिस जस्तो हरेक गलत कामको जिम्मेवार श्रीमतीलाई नबनाई प्रवीण सो हुनमा विवाह भएको केही महिनामा आफूले श्रीमतीलाई समय नदिनुलाई मुख्य कारण मान्दछ । लामो क्षमायाचनापछि उसले लतालाई स्विकारेको सङ्केत एकाङ्कीको अन्त्यमा दिइएको छ । यसरी एकाङ्कीमा सुरूमा स्थिर पछि केही गतिशील मञ्चीय, बद्ध र अनुकूल प्रमुख पुरुषपात्रका रूपमा प्रवीणलाई प्रस्तुत गरिएको छ ।

लता यस एकाङ्कीकी प्रमुख नारी पात्र हुन् । प्रवीणकी श्रीमती हुँदा हुँदै पनि आफ्नो दैहिक तुष्टिका लागि समाज र पतिको वास्ता नगर्ने पात्रका रूपमा लताको भूतकालिक जीवनको परिचय एकातिर छ भने आफ्नो भुलको प्रायश्चित र क्षमाको आशामा लोग्ने प्रवीणका घरमा आइपुगेकी लताको वर्तमान चरित्र अर्को प्रकारको छ । समाजमा हुने गलत कामको दोष नारी एक्लैले खेप्नु पर्ने अवस्थामा ऊ हरेक गल्तीको पछाडि दुई पक्षको बराबरी हात हुन्छ भन्ने तर्क साथ अगाडि आएकी छ । आफूले गरेको काम गलत हो भनी ऊ एकातिर स्विकार गर्छे भने अर्कातिर सो हुनुमा त्यस सम्बन्धी समाजको दोष उति नै मान्दछे । यस एकाङ्कीमा उसले भौतिकवादी जीवनदृष्टि लिएको देखिन्छ । भुलको अन्त्य हुन्छ भन्ने विचार उसको देखिन्छ । लताभित्र एक प्रकारको हठ छ, क्षमा तत्काल दिनै पर्छ भन्ने विचार पनि रहेको छ । आफूले गरेका भुलको निम्ति उसले त्यति लज्जित अनुभव गरेको जस्तो लाग्दैन । जब हामी उसको संवाद खण्ड एकाङ्कीमा पढ्छौँ तब सो कुराको महसुस हुन्छ । यसरी सुरूदेखि अन्त्यसम्म स्थिर पात्रका रूपमा रहेकी लता आफ्नो कुरा जसरी पनि मनाउन सफल छे भने प्रतिकूल चरित्रबाट अनुकूलता तर्फ परिवर्तन भएकी छे । आफूमा चारित्रिक दोष हुँदाहुँदै सोको अनुभव गर्दा उसको गल्ती देखिन आउँछ । यसरी लता यस एकाङ्कीकी मञ्चीय, बद्ध, मुख्य नारीपात्र र व्यक्ति चरित्रका रूपमा देखा पर्दछे ।

यसरी दुई पात्र प्रयोग गरेर तयार पारिएको प्रस्तुत एकाङ्कीमा नेपाली पुरुषप्रधान समाजमा चारित्रिक गुण दोषको कुरा आउँदा पहिलो आक्षेप महिलामाथि आउने स्थितिमा त्यसका विरुद्धमा नारी पात्र मार्फत आवाज उठाइएको छ । यदि नारी दोषी हुन्छे भने साथसाथै त्यो पुरुष पनि त्यति नै मात्रामा दोषी हुन्छ र त्यस पुरुषसँग पनि प्रश्न गर्नुपर्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । अर्कोतर्फ प्रवीण पात्र मार्फत उदात्त पुरुष पात्रको चित्र प्रस्तुत गरिएको छ । जीवनभरि निराश भएर एक्लो जीवन जिउनु भन्दा साँचो हृदयले

मागेको क्षमा प्रदान गरी सुखी जीवन बिताउनु उचित हुन्छ भन्ने शिक्षा प्रवीण मार्फत दिइएको छ । यस प्रकार थोरै पात्र प्रयोग गरेर पनि एकाङ्कीलाई अर्थपूर्ण र शिक्षाप्रद तुल्याइएको छ ।

**परिवेश**

जुन देश, काल र वातावरणमा एकाङ्कीका घटना र पात्रको संयोजन गरिएको हुन्छ त्यही त्यस एकाङ्कीको परिवेश हो । घटना र पात्रका पृष्ठभूमिमा वातावरण रहेको हुन्छ, मान्छेका मनस्थितिको निर्धारण र घटनाको सिर्जनामा वातावरणको भूमिका हुन्छ । घटनाको सिर्जना र पात्रको मानसिकताले पनि अर्को वातावरणको निर्माण गर्दछ । वास्तवमा घटना, मानसिकता र वातावरणको घुलनबाट नै जीवन जगत् गतिशील र परिवर्तनशील रहेको हुन्छ । त्यसैले वातावरणको सजीव निर्वाहविना कथानक सबल हुन सक्दैन । (उपाध्याय, २०४६ : ज)

प्रस्तुत एकाङ्कीमा वातावरणको उल्लेख त्यति विस्तृत रूपमा पाइदैन तापनि रातको बाह्र बजेको समयदेखि विहानको मिर्मिरेसम्म करिब ६ घण्टा समय, ८/१२ को कोठा जस्ता समय र स्थानको उल्लेख पाइन्छ । कोठा लिएर प्रवीण एक्लै बसे जस्तो भान एकाङ्की पढदा हुन्छ, किन भने १२ बजे राती लता आउँदा ढोका खोल्ने त्यहाँ कोही हुन्न र भाडामा बस्ने चलन सहरतिर रहने हुँदा सहरी परिवेशको प्रयोग गरिएको अनुमान सजिलै गर्न सकिन्छ । प्रवीण र लताको तर्क/विर्तक सुन्दा पढेलेखेका साक्षर र शिक्षित हुन भन्ने स्वत : अड्कल लाउन सकिन्छ । यसरी प्रस्तुत एकाङ्कीको परिवेश साक्षर/शिक्षित, सहरी समाजको रहेको छ । यस एकाङ्कीमा प्रयोग गरिएको वातावरण एकाङ्की मञ्चनका दृष्टिले सजिलै उपयोग गर्न सकिने किसिमको छ ।

**संवाद / भाषाशैली :**

पात्रका संवादबाट नै पात्रका भावना, विस्तार र क्रियाकलाप बुझिने हुँदा संवाद सधैं पात्रको सामाजिक बौद्धिक स्तर तथा मनोविज्ञान अनुरूप हुनुपर्दछ । संवादले नै एकाङ्की र नाटकलाई अन्य साहित्यिक विधाबाट पृथक बनाउँदछ । संवाद अन्य साहित्यिक विधाका लागि बैकल्पिक शैली विशेषको रचना, गणना गर्न सकिन्छ भने नाटक र एकाङ्कीका निम्ति यो अपरिहार्य तत्त्व हो ।

प्रस्तुत एकाङ्कीको संवाद वा कथोपकथन त्यति सरल नभई केही जटिल प्रकृतिको देखिन्छ । मुख्य पुरुष पात्र प्रवीणद्वारा ठाउँ ठाउँमा प्रयोग गरिएको संस्कृत श्लोकले

एकाङ्कीलाई केही जटिल बनाएको छ भने तर्कका सर्न्दभमा प्रयोग गरिएका उदाहरण साक्षर र शिक्षित व्यक्तिको क्षताले मात्र भ्याउने प्रकृतिको छ । सामान्य पाठक केही अल्मलिने स्थिति देखिन्छ । उदाहरणका लागि सुकरातको विषपानको सन्दर्भ, **'मनुष्या : स्खलनशीला : '........ ध्रुवाणि परित्यज्य ..... ध्रुवाणि तस्य नश्यन्ति अध्रुवम् नष्टमेव हि'** आदि जस्ता संस्कृत श्लोक । (ज्ञवाली, २०६१)

यसै गरी यसमा कतिपय दार्शनिक विचारहरू र आर्दशका कुरा पनि प्रस्तुत गरिएका छन् - **जीवन त साधन हो ...... लक्ष्य त पूर्ण ज्ञानद्वारा मुक्ति प्राप्त गर्नु हो** (ज्ञवाली, २०६१), **नारी पुरुषका सम्बन्धले संसारलाई स्वर्ग बनाउनु पर्छ र सिर्जनाको मुहान खोल्न सक्नुपर्छ । जीवनलाई मृत्युपछि पनि जिउन लायक बनाउनुपर्छ** ( पृ : ६४), **नचपाऊ कुरा, बरु आत्मगत कमजोरीलाई पचाऊ** (पृ : ६१) ।

यसमा प्रयोग गरिएका संवाद एकलापी नभई दुई तर्फबाट नै लगातार सुरूबाट अन्त्यसम्म आएको छ । श्रीमान्‌को प्रश्न श्रीमतीको उत्तर, श्रीमतीको प्रश्न श्रीमानको उत्तर यसै क्रममा संवाद अगाडि बढेको छ । संवादका क्रममा विविध उखान, टुक्का र लोक जीवनमा चल्ने भनाइहरूको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ । **काँचको भाँडा फुटेपछि जोडिँदैन, साटो पाएपछि त लाटोको पनि चित्त बुभ्छ, गोमन सर्पले भैँ डस्नु, तोरी पेल्ने कोलले उखु पेल्न सक्दैन । भवराले चुसेको फूल, ढुङ्गाको भरमाटो, माटोको भर ढुङ्गा** आदि ।

सबल संवादको प्रयोग गरिएको यस एकाङ्कीमा सामान्य जीवनमा बोलीचालीको लागि प्रयोग हुने शब्दावलीदेखि लिएर पठित वर्गद्वारा प्रयोग गरिने शब्दशब्दावलीको पनि प्रचुर प्रयोग छ भने संवादले पात्रलाई यथेष्ट गतिशीलता प्रदान गरेको छ ।

**उद्देश्य :**

एकोद्देश्यता नै एकाङ्कीको एक विशेषता हो । त्यसैले एउटै उद्देश्य प्राप्तिका निम्ति सुरूदेखि अन्त्यसम्म आफ्नो रचना कौशलको प्रयोगको प्रयास एकाङ्कीकारले गर्दछ । प्राचीन नाटक र लघु नाट्यरूपमा धर्म प्रचार वा उपदेशात्मकता आदि उद्देश्य प्रत्यक्ष रूपमा रहे जस्तो आधुनिक नाट्य साहित्यमा सिधै उपदेश र कोरा आदर्श रहनु राम्रो मानिदैन तर साहित्यमा अन्ततः कुनै न कुनै सन्देश अर्न्तनिहित रहेकै हुन्छ । अतः आधुनिक एकाङ्कीको विषयवस्तुबाट पाठक वा दर्शकले जे भावनात्मक अनुभव गर्दछ त्यही एकाङ्कीको उद्देश्य हो भन्ने बुभ्नुपर्दछ (उपाध्याय र अन्य, २०६४: स) ।

प्रस्तुत एकाङ्कीलाई हेर्दा यसको विषयवस्तु आजको समाजको छ भने समस्या पनि आजको समाजको नै रहेको छ । विवाहित दम्पती हुँदाहुँदै श्रीमान् वा श्रीमतीको अन्य स्त्री वा पुरुषसँगको अनैतिक सम्बन्ध र सम्बन्ध विच्छेदका घटना आजको समाजका समस्या हुन् । कहीँ कतै वातचितबाट सम्हालिन्छन् भने कतै यथावत् नै रहन्छ तर प्रस्तुत एकाङ्की मार्फत एकाङ्कीकारले गल्तीलाई सधैं औल्याउनु भन्दा माफी दिएर नयाँ तवरले जीवन सुरू गर्दा जीवन सजिलो सहज हुन्छ भने तर्फ जोड दिएका छन् । पढाइका क्रममा आर्दशका कुराहरू जति गरे पनि आफू बस्ने समाजको सामना हरेकले गर्न जरुरी छ । जति नै आधुनिक बने पनि श्रीमान् श्रीमती बीचको व्यक्तिगत सम्बन्धलाई व्यक्तिगत स्तरमा हेर्ने भन्दा सामाजिक स्तरमा न्याय गर्नुले कतिपय स्थितिमा सो सम्बन्ध रहि रहने हो वा होइन भन्ने शंका रहिरहन्छ भन्ने कुरा पनि यहाँ प्रष्ट देखाइएको छ । तर पनि वैवाहिक सम्बन्धलाई सामाजिक विषय भन्दा आत्मिक वा व्यक्तिगत तुल्याउनु पर्ने र दम्पतीको सम्बन्ध शारीरिक भन्दा मन र विचारको सम्बन्ध भएमा जीवन सुखमय हुने सन्देश एकाङ्कीको अन्त्यमा दम्पतीको मेल गराएर दिलाइएको छ । यसरी एकाङ्कीको उद्देश्य दाम्पत्य जीवनमा मिलाप र नारीपुरुषको सम्बन्ध जैविक मात्र नभई आत्मिक पनि हो भन्ने देखाउनु रहेको स्पष्ट हुन्छ ।

**निष्कर्ष :**

थोरै पात्र, परिवेश र विषयलाई पूर्ण रूपमा प्रस्तुत गर्ने काम यस एकाङ्कीमा एकाङ्कीकारले गरेका छन् । समस्या छ भने समाधान पनि हुन्छ । खाली वातचित र विचारको आदान प्रदान गुर्न पर्दछ भन्ने भाव सहित प्रस्तुत भएको नाटक प्रेरणादायी, मनछुने प्रकारको छ । छोटो छरितो, आदि मध्य र अन्तको सिलसिला मिलेको कथानक, पात्र परिवेश, संवाद जस्ता नाटकका तत्त्वका आधारमा एकोहोरो गतिमा अगाडि बढेको एकाङ्की स्वरूपका आधारमा संरचना पक्ष सबल छ । धोका दिने र धोका पाउनेको मन मस्तिष्क र विचार के कस्तो रहन्छ भन्ने उदाहरण दुई पात्र लता र प्रवीणबाट प्रष्ट पारिएको छ । यति हुँदाहुँदै पनि केही केही पक्ष भने कमजोर देखिन्छन् । एकाङ्कीमा प्रयोग गरिएको पात्र लता नजानेर अन्जानमा गल्ती भएको एकातिर देखाउँछे तर अर्कोतर्फ उसको बहस पूर्ण शिक्षित, सबै जान्ने व्यक्ति जस्तो देखिन आउँछ । तर्कका क्रममा सन्दर्भित अंश वा पदावली विद्वान् व्यक्तिका झैँ भान हुन्छन् । अर्कोतर्फ पत्नीका व्यवहारले खाएको प्रवीणलाई पनि अति नै आदर्शवादी वा सत्यको मूर्तिका रूपमा देखाउने प्रयास गरिएको छ । त्यो अलि अपाच्य

लाग्छ । आफ्नो जीवन बर्बाद गर्न खोज्ने व्यक्तिप्रति कुनै आक्रोश र वैरभाव देखिनु अस्वाभाविक लागे पनि दाम्पत्य सम्बन्ध सधैँ अटल रहिरन्छ भन्ने भाव एकाङ्कीको अन्त्यमा देखाएर पति पत्नीको सम्बन्धलाई उच्च स्तरमा उचाल्नु उल्लेख्य नै मान्नु पर्ने हुन्छ ।

## २.३.४.२.३. दृष्टान्त एकाङ्कीको समीक्षा

### कथानक

**'दृष्टान्त'** एकाङ्कीको कथानक समाजको यथार्थ सामाजिक समस्याको सन्दर्भलाई लिएर अतियथार्थवादी शैलीमा प्रस्तुत गरिएको छ । सामन्ती समाजमा आम जनतामाथि हुने अन्याय, अत्याचार र हत्यासम्मको स्थितिमा आमजनता भित्रको आक्रोशलाई मृत्युपश्चात् भए पनि आफूमाथि भएको थिचोमिचोको विरोध गराएर देखाइएको छ ।

कथानकको सुरूआत घना जङ्गलको बीच सामूहिक चिहान डाँडामा मृत व्यक्तिहरू सुरूमा नाम रहित महिला पात्र १, २, ३ ५ पुरुष पात्र १, २, ३, ४ किशोर पात्र १, २, ३, ४ बाल बालिका जस्ता पात्रहरू देखापर्दछन् । केही समय पश्चात् एकअर्कालाई चिन्छन् र सविता, अभिमान सिंह, मीना, बस्नेत साउ, माने माष्टर आदि नामले परिचित हुन्छन् । तिनीहरू आफ्नो हत्या गर्ने व्यक्ति अभिमान सिंहलाई सराप्छन् तर केही गर्न नसकेर चुपचाप बस्छन् ।

समाजको सामन्त भनाउँदो अभिमान सिंह सरकारी कर्मचारीलाई गरिबको सामल खुवाई आफ्नो हातमा पार्छ, देशको सुरक्षा निकाय मानिने पुलिसलाई आफ्नो स्वार्थपूर्तिका निम्ति प्रयोग गर्छ, अरूको उन्नति देख्न नसकी धनसारको धान लुटेर आगो लगाउँछ, अरूका छोरी बुहारीलाई बलात्कार गर्छ । मन नपर्ने जातिलाई माओवादीको आरोपमा पक्राउ गराउँछ अनि किशोरहरूलाई स्कुलबाट फर्काउँदा डाँडाबाट खसाई मार्छ । माथिका ती पात्र यिनै घटनाबाट प्रताडित भई मृत्युको शरण परेका हुन्छन् र आफूमाथि भएका अत्याचारको बदला चाहन्छन् । मृत्युले कसैमाथि भेदभाव गर्दैन भने झैँ सबैलाई सताउने अभिमान सिंह आफैँमा निर्मम प्रकारले मारिन्छ र मृतकको माझमा पुग्छ । सबैले आफ्ना मृत्युको बदला चाहन्छन् तर मृत्यु नै ठूलो सजाय भएकाले छोडिदिन्छन् । मारिएका केटाकेटी र किशोर किशोरीका किताब कापी खोजी कसैलाई पढ्न दिन पाए हुने भन्ने विचार सहित सबैजना भीरतिर किताब टिप्न जाने क्रममा एकाङ्कीको अन्त्य भएको । यसरी शिक्षाको ज्योति आउनुपर्छ, परिस्थिति परिवर्तन हुनुपर्छ भन्ने सन्देश जनमानसमा प्रेषित गर्ने प्रयास अन्तमा गरी एकाङ्कीको कथानक टुङ्ग्याइएको छ ।

## पात्र

यस एकाङ्कीमा चयन गरिएको पात्र सुरूमा महिला १, २, ३, ५ पुरुष १, २, ३ किशोर १, २, ३ भनिए पनि बीच बीचमा ती मध्ये कसै कसैको नाम उल्लेख गरिएको छ । उनीहरूका कुन क्रियाकलापका कारण उनीहरुले समाज र शासकका आँखाको धूलो बनी प्रताडना सही मर्नु पऱ्यो भन्ने कुरा पात्रहरूले संस्मरण गरी एकअर्कालाई बताएका छन् ।

महिला १ नाम सविता, महिला, नेता, शोषण अन्याय अत्याचारका विरुद्ध सङ्घर्ष गर्न सिकाउने महिला पात्रका रूपमा उपस्थित छ । पुलिस घरमा पठाई गोली हानी घरमा आगो लगाई मारिएको र हत्याराहरूले नै मानवअधिकारवादीलाई उनी माओवादी भएको र जङ्गल पसेको झुटो विवरण दिएका छन् । समाज रूपान्तरण र परिवर्तनको चाहना राख्ने महिला नेतृको हत्या गरिनुले समाजमा केही भलो गर्न चाहनेको कहिल्यै भलो हुन सक्दैन भन्ने प्रकट गरिएको छ ।

महिला २ मीना सविताको अनुयायी अभिमान सिंह लगायत पुलिसहरू मिली सामूहिक बलात्कारमा परेकी र मारेर फालिएकी हुन्छे ।

महिला ५ नाम उल्लेख गरिएको छैन, अभिमान सिंहका छोराले भऱ्याङ मुनि बन्दुक लुकाएर साथैमा पुलिस ल्याई खानतलासी गरी महिला ५ र बच्चालाई पनि गोली हानी मारेको हुन्छ ।

पुरुष १ अभिमान सिंह, सबै षड्यन्त्रको निर्माणकर्ता समाजका निम्न वर्गीय जनताको शोषण गर्ने सरकारी कर्मचारी आफ्नो हातमा पारी आफ्नो काम गराउने, अर्काको जग्गा जमिनको नक्कली तमसुक बनाई ब्याजको स्याज चढाएर उठीबास लाउने, आफ्नो पोल खोल्न सक्ने जतिलाई मारिदिने, अन्त्यमा आफू पनि षड्यन्त्रको शिकार भई निर्मम प्रकारले मारिएको हुन्छ ।

पुरुष ४ माने माष्टर, शिक्षक, गाउँलेहरूलाई अत्याचार नसहन सिकाउने, बन्दुकले हानी मारिएको हुन्छ भने पुरुष २ वस्नेत साहु अभिमान सिंहद्वारा उग्रवादीको आरोप लागी सरकारी गुण्डा र पुलिस पछाडि लागेर सताएको अनि मारिएको हुन्छ ।

किशोर १, २, ३, अभिमान सिंहको छोरो विनोदले पुलिस पक्राएर कुटाइ खुवाइ भीरबाट खसाएर मारिएको हुन्छ भने,

किशोर ४, माने माष्टर सँगै मारिएको हुन्छ ।

यसरी पुरुष १ खल पात्र र उसको छोरो विनोदबाट प्रताडित भई मृत्युमा पुगेका अन्य पात्र सत् तर पीडित पात्रको रूपमा प्रस्तुत छन् । मृत्युपछिको संस्मरणको आधारमा उनीहरूको जीवित अवस्थामा घटेका घटनाको विवरण मात्र एकाङ्कीमा रहेको कारण कुनै एक पात्रको सूक्ष्म वा विशिष्ट जानकारी यहाँ छैन । समग्रमा समाजमा हुने बालक, बच्चा, युवा, किशोर, अधवैँसे जवान जस्ता व्यक्तिहरूको सामान्य चरित्र र क्रूर खल पात्र अभिमान सिंहको क्रियाकलापको लामो विवरण यहाँ प्रस्तुत छ ।

यसरी सामान्य गृहिणी, स्कुले किशोर, बालबालिका, माष्टर, महिला नेता, कार्यकर्ता, जस्ता समाजका विविध अङ्गलाई आफ्ना एकाङ्कीमा समेटेर परिवर्तनको चाहना राख्नेलाई आफ्नो चम्चे भरौटेको सहयोगमा मारिने र रचिने षड्यन्त्रको खुलासा एकातिर भएकोमा छ भने अर्कातिर शक्तिधारीद्वारा सर्वसाधारणको जीवन खतरापूर्ण बनेको समाजको यथार्थ चित्र प्रस्तुत भएको छ । अभिमान सिंहको मृत्युले भने निरङ्कुशता ढल्नुपर्दछ, यसले हार्नुपर्दछ भन्ने कुरालाई प्रपुष्ट तुल्याइएको छ ।

यसरी सम्पूर्ण आफ्नो अस्तित्व गुमाएर केवल अङ्कमा सीमित भइसकेका पात्रलाई आफ्नो अस्तित्व संस्मरण गराएर घटेका घटनाहरूको सम्झना गराउनुले मानिसको अस्तित्व मृत्युपछि पनि मेटिदैन भन्ने पक्षको उद्घाटन लेखकले अतियथार्थवादी ढङ्गबाट गरेका छन् । अन्त्यमा यी हरेक पात्र प्रतिशोध भन्दा समाज परिवर्तनको आग्रह सहित खडा भएका छन् । यसरी पात्र प्रयोगका दृष्टिले दृष्टान्त एकाङ्की अझ रोचक, यथार्थपरक, समकालिक ग्रामीण समाजको सचित्र वर्णन गर्ने प्रकारको छ ।

## परिवेश

प्रस्तुत **दृष्टान्त** एकाङ्कीमा बाह्य परिवेशको रूपमा सुदूर पश्चिमको कुनै पहाडी भूगोल गाउँ वस्तीसँग जोडिएको घना जङ्गलका बीच गुफा र गुफाका सम्मुख खुला मैदान र चिहान डाँडाको भू-भागमा सीमित छ । रातको प्रथम प्रहरको समय यसमा प्रस्तुत गरिएको छ भने सोही परिवेशको रूपमा सामन्ती जमिन्दारी प्रकारको समाजको उल्लेख छ । जहाँ जनचेतना त सुरू भएको छ तर अधिकार जन मानसको पहुँच बाहिर रहेको वर्तमान स्थिति छ । यस्तो स्थितिमा सर्वसाधारणले के कस्तो समस्या झेल्न बाध्य हुनुपर्छ भन्ने कुरा प्रस्तुत एकाङ्कीमा प्रष्ट पार्न खोजिएको छ ।

**संवाद /भाषाशैली**

यस एकाङ्कीमा संवाद पात्रहरू विस्मृतिबाट व्युँझेर चलमलाउन थालेदेखि सुरू हुन्छ ।

- महिला २ (चिहानबाट अचानक बीचैमा उठेर) **यहाँ म एक्लै भएका बखत कुन पुरुष हो यो यतातिर बोल्दै आउने ? फेरी कुनै फटाहाले मेरो मासु लुछ्न खौज्दै छ कि क्या हो याँ पनि** ? ( पृ : ४०) ।
- एकले अर्कालाई चिन्न थालेपछि यहाँ दोहोरो संवाद सुरू भएको छ ।
  **तिमी त मीना पो रे छौ त ल ! तिमी यहाँ कसरी आयौ हँ** ( पृ : ४१) ? यिनै विविध पात्रहरूको आपसी संवादले प्रस्तुत एकाङ्कीलाई गतिशील तुल्याएको छ भने एकाङ्की कथानकलाई अगाडि बढाएको छ मुख्य अपराधीको पोल खुलेको छ ।
- किशोर ४ **केही भन्दै न भनी बन्दुकले हानेर भुटिहाल** ( पृ : ४२) ।
- पुरुष ४ **...तिम्रै छोराले त होनि बुढारेकी भक्खर बिहे गरेर ल्याएकी कान्छी बुहारीलाई बाटामा घेरा हालेर बलात्कार गरेका** ( पृ : ४४) । यसरी यस एकाङ्कीमा प्रयुक्त संवाद आकर्षक गतिशील र विश्वासिलो ढङ्गले प्रवाहित भएको देखिन्छ । संवादको माध्यमबाट तिनको घृणा व्याकुलता व्यक्त गरिएको छ र बदला लिन असमर्थ भएको स्थिति पनि प्रष्ट गरिएको छ ।
- पुरुष -४ **मारे नि बाबै अधर्मीहरूले लालाबाला टुहुरा पारे** ( पृ : ४३)
- महिला २ **मलाई त प्रतिशोधका आगोले छोडेकै छैन मैले त बदला लिनै छ** (पृ : ४६) ।
- महिला ४ **तर कसरी ज्यानै नभएपछि** ( पृ : ४६) ।

यसरी संवादका दृष्टिले एकाङ्की सुन्दर र सुगठित छ । यसमा प्रयुक्त भाषाशैली सरल, सहज र पात्रानुकूल रहेको छ भने ठेट नेपाली शब्दको प्रयोग अर्थात् ग्रामीण जीवनमा प्रयोग हुने कथ्य भाषाको प्रयोग पनि प्रचुर मात्रामा भएको छ । उदाहरणका लागि इच्छुक ( रक्षक), (ह्या, हुन्त -हुन त, भकुरे-कुटे, दुखेथ्यो -दुखेको थियो, माउवादी -माओवादी, बिसाअर -बिसाएर, शिच्छक -शिक्षक, तम्सुक -तमसुक, चेत्न -च्यात्न, लाको -लगाएको, राच्छेस् -राक्षस, बड्डा घरे -बडा घर, लुकाको -लुकाएको, रै चन् -रहेछन्, त्यसका साथसाथै ग्रामीण जनजीवनमा प्रयोग हुने पडेल्ना, पनेरा सियाला जस्ता शब्द शब्दावलीहरूको प्रयोग बढी मात्रामा पाइन्छ ।

## उद्देश्य

प्रस्तुत **दृष्टान्त** एकाङ्कीमा शोषक र शोषित वर्गबीचको द्वन्द्व र समाजमा भइरहेको थिचोमिचोको अवस्था देखाउनु नै मुख्य उद्देश्य रहेको देखा पर्दछ । सामन्ती समाजमा हुने खानेको हातमा शक्ति निर्भर रहने हुँदा गरिब, निमुखा र समाजलाई बदल्न चाहने विचारधारा भएका व्यक्तिहरू आँखाको तारो बन्न सक्छन् भन्ने कुरा अभिमान सिंहले गाउँका सोझासाझा मानिसलाई मारेको कुराबाट प्रष्ट हुन्छ । आफ्नो इज्जत, मान र पकड समाजमा बनाई राख्न मानिस मार्नसम्म पनि पछाडि नपर्ने अभिमान सिंह जस्ता पात्र मार्फत हाम्रो समाज परिवर्तन हुनुपर्दछ । सबैले समान हक पाउनु पर्छ भने अर्कातर्फ समाज परिवर्तन हुनुपर्दछ, सबैले समान हक पाउनुपर्छ भन्ने शिक्षा र चेतनाका साथ प्रस्तुत एकाङ्कीमा समाजका सर्वसाधारण जनताको ज्युँदो चित्र प्रस्तुत भएको छ ।

एकाङ्कीमा मृत्युपछिको चेतना परिकल्पना गरी मृत्युपछि पनि एक पटक जाग्न पाउने हो भने मानिसको क्रोध, प्रतिशोध र पीडा यथावत् नै पो रहन्छ कि भन्ने स्वैरकल्पना रचनाकारले गरेका छन् । मृत्युलाई कसैले रोक्न नसक्ने भए पनि प्राणी जातिका लागि यो सबभन्दा ठूलो दण्डका रूपमा सरह रहेको छ । एकाङ्कीका अन्य पात्र अभिमान सिंह ताडनाबाट मृत्युमा पुगे पनि मृत्युले कसैलाई भेदभाव गर्दैन भन्ने प्रष्ट पार्न अभिमान सिंहको पनि मृत्यु यहाँ देखाइएको छ । मृत्युलोकमा पुगेपछि न कोही धनी न कोही गरिब, भेदभाव नरहने सर्वमान्य सत्यको सम्झना दिलाई रचनाकारले क्षणिक इच्छा तुष्टिको निम्ति मानिसले जे जति क्रियाकलाप गरे पनि अन्त्य त सबैको एकै हो भन्ने भाव प्रष्ट पारेका छन् । अन्त्यमा किशोरहरू भीरबाट खसेका पुस्तक टिपेर कोही पढ्ने व्यक्तिलाई पढ्न छोडिदिने इच्छाले परिवर्तन र क्रान्ति शिक्षाको ज्योतिले नै आउन सक्ने र समाज परिवर्तन हुन सक्ने आशा अन्त्यमा छोडिएको छ ।

किशोर १ त्यो भीरबाट ती झोलाहरू त झिकौं ? पुस्तक किन्न नसकेर पढ्न नपाएका केटाकेटीहरूलाई दिन त हुन्छ, विचरा केही त सिक्लान् कि ( पृ. ४६) ।

**निष्कर्ष :**

यसरी धेरै पात्र, सीमित परिवेश, यथार्थ विषयवस्तु र अतियथार्थवादी शैलीमा प्रस्तुत गरिएको प्रस्तुत एकाङ्की कथानक, पात्र, परिवेश, संवादका दृष्टिले सफल देखिन्छ । समसामयिक सामाजिक विकृतिको विषय चयन गरी जीवन्त ढङ्गबाट प्रस्तुत गर्न सक्नु लेखकको खुबी देखिन्छ । प्रायः सीमित पात्रको विशिष्ट क्रियाकलापमा केन्द्रित हुने एकाङ्की

परम्परालाई नअंगाली धेरै पात्र र तिनको सामान्य क्रियाकलापको वर्णनले नै कथानकलाई अगाडि बढाउन ज्ञवाली सक्षम छन् । कुनै एक पात्र प्रमुख नभई सम्पूर्ण पात्रको भूमिका समान रूपले महत्त्वपूर्ण देखिनु यस एकाङ्कीको विशिष्ट पक्ष हो । मञ्चीयताका दृष्टिले थोरै परिवेश प्रयोग गरिएको प्रस्तुत एकाङ्की मञ्चनका दृष्टिले सजिलो, स्वाभाविक र आकर्षक छ । विषयवस्तु र पात्रानुकूल भाषाको प्रयोगले एकाङ्कीलाई संप्रेषणीय तुल्याएको छ ।

भगवानचन्द्र ज्ञवालीको प्रस्तुत **'दृष्टान्त'** एकाङ्कीको विषय **विजय मल्ल**को **पत्थरको कथा** एकाङ्कीको कथानकबाट कहीँ कतै प्रभावित भएको भान पाठक दर्शक वर्गलाई हुन्छ ( मल्ल : २०२८) तापनि मल्लको एकाङ्कीका पात्र अन्त्यमा पत्थरकै रूपमा रहेर एकाङ्कीको अन्त्य भएको छ भने यस एकाङ्कीका पात्रहरू अन्त्यसम्म शिक्षाको ज्योतिले आम मानिसमा चेतना जगाउन प्रयासरत छन् । त्यसले गर्दा सामाजिक विकास र परिवर्तनका निम्ति प्रस्तुत एकाङ्की मल्लको **'पत्थरको कथा'** एकाङ्की भन्दा अझ बढी प्रभावकारी बनेको देखिन्छ । यी कुराहरूलाई एक पाटोमा राखी प्रस्तुत एकाङ्कीलाई नियाल्दा एकाङ्की एकोन्मुख,उत्साहित तुल्याउने प्रकारको र सजीव चित्रको कल्पना गर्न बाध्य तुल्याउने चेतनामूलक छ । यो एकाङ्की तत्त्वका दृष्टिले पनि सफल नै देखिन्छ ।

# तेस्रो परिच्छेद

## मूल्याङ्कन र उपसंहार

### ३.१ मूल्याङ्कन

साहित्यकार **भगवानचन्द्र ज्ञवाली** (२०१३) को जीवनी, व्यक्तित्व र उनको हालसम्म कृतिहरूको आधारमा मूल्याङ्कन गर्नुपर्दा जीवनगत आधारमा सुरूदेखि हालसम्म सङ्घर्षमय जीवन यापन गरी परिवार, समाजको हित चाहने उनको जीवनको ध्येय समाजसेवा नै देखिन्छ । लामो समयदेखि शिक्षण पेसामा लागेका ज्ञवालीले उनको जीवनमा आउने हरेक पिढीलाई शिक्षा दीक्षामा प्रेरित गर्दै आइरहेका छन् । आफ्नो परिवारप्रतिको दायित्व, जागिरप्रतिको दायित्व, समाजप्रतिको दायित्व यी सबै दायित्व यिनले इमान्दारीका साथ पुरा गरेका छन् ।

साहित्यिक व्यक्तित्वका रूपमा ज्ञवालीलाई नियाल्दा विविध साहित्यिक विधामा कलम चलाउने उनको कथाकार, नाटककार, निबन्धकार, कवि, सम्पादक, समालोचक, अनुवादक र राजनैतिक गरी बहुमुखी व्यक्तित्त्व हाम्रो सामु आएको छ । ज्ञवाली विभिन्न पत्रपत्रिकामा कथाहरू, एकाङ्की, निबन्ध, कविता, सम्पादकीय समालोचनात्मक लेख, किताब अनुवाद र राजनैतिक लेखहरूका माध्यमबाट नेपाली साहित्यिक र साहित्येतर क्षेत्रमा आफ्नो योगदान दिइरहेका छन् ।

ज्ञवालीका प्रकाशित र फुटकर रचनाका आधारमा उनको साहित्यिक स्थानको खोजी गर्ने हो भने हालसम्म उनको प्रकाशित एक कथासङ्ग्रह **दोभान, जबमरेकाहरू ब्युँझन्छन्** ( २०६१) **यात्रा समालोचनाको** २०६८ र उनका अनुवाद रचना र समालोचनात्मक लेखहरूलाई आधार मान्नुपर्ने हुन्छ ।

**'दोभान'** कथासङ्ग्रहमा सङ्गृहीत जम्माजम्मी १२ वटा कथाका आधारमा कथाकारका रूपमा ज्ञवालीको मूल्याङ्कन गर्नु पर्दा उनी मनोवैज्ञानिक धारामा कथा लेख्न रुचाउने कथाकारको रूपमा प्रस्तुत हुन्छन् । सामान्य, असामान्य, यौन मनोविज्ञान जस्ता मनोविज्ञानका विविध क्षेत्रमा रहेर सामाजिक विषयवस्तु, बहुल पात्र र परिवेशको प्रयोगमा उनी सफल देखिन्छन् । एउटै मात्र कथासङ्ग्रहको प्रकाशन गरे तापनि आफ्ना कथा मार्फत समाज परिवर्तन, विकास र सामाजिक समस्याका विविध पाटोलाई आफ्नो कथामा संलग्न गराउन उनी सफल छन । १२ वटा कथामध्ये उनको एउटा कथा **आत्मविश्वास** बालमनोविज्ञानसँग पनि सम्बन्धित छ ।

यसरी नेपाली साहित्यमा मनोवैज्ञानिक कथा धारा अन्तर्गत रहेर प्रस्तुत गरिएका उनका कथा **किस्तीको मन, सम्मोहन, तिसाल, विचलन, साविति पत्र, दोभान, बेष्ट पाटर्नर, आँच, अर्न्तवार्ताका** आधारमा उनलाई मनोवैज्ञानिक कथाकार हुन् भन्न सकिन्छ ।

यस्तैगरी उनको दुई एकाङ्की **स्वप्नभङ्ग र दृष्टान्त** एकाङ्कीलाई हेर्दा उनी एकाङ्कीका क्षेत्रमा पनि सफल देखिन्छन् । समसामयिक विषयलाई कथावस्तु बनाई सुरू गरेका उनका एकाङ्की एकोन्मुख, मन छुने र रोचक प्रकारका छन् । एकाङ्कीको राम्रोसँगको अध्ययनपछि उनलाई नेपाली साहित्यमा एकाङ्कीकार व्यक्तिको रूपमा स्वीकार गर्न सकिन्छ ।

उनको एउटा नाटक प्रकाशन भए पनि केवल एक नाटकको आधारमा उनको नाटककार व्यक्तित्वको मूल्याङ्कन गर्न अलिक कठिन छ । त्यसै गरी उनको कविता निबन्ध, पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित भए तापनि कुनै पुस्तकाकार कृति देखा परेको छैन । त्यसमाथि लेखिएका कविता र निबन्ध पनि भिन्न भिन्न विषयलाई समेटेर लेखिएको कारण उनको कवि व्यक्तित्वको रूपमा उनको स्थान कस्तो प्रकारको छ र निबन्ध लेखन कस्तो प्रकारको गर्दछन् अथवा कस्तो प्रकारको निबन्धकार व्यक्तित्व हुन भनी निर्क्यौल गर्न अलि कठिन छ । तर उनको प्रकाशित सम्पादकीय र अनूदित कृतिहरूलाई हेर्दा अनुवाद र सम्पादनका क्षेत्रमा यिनी निकै सफल देखिन्छन् । यस आधारमा यिनमा अनुवादक र सम्पादक व्यक्तित्व रहेको कुरा प्रष्ट हुन्छ । नेपाली साहित्यमा यिनका समालाचोत्मक लेखकहरू पनि महत्त्वका छन् । उनको समालोचना संग्रह र फुटकर समालोचनाका आधारमा उनमा समालोचक व्यक्तित्व छ भनी किटान गर्न मुस्किल पर्दैन ।

यस्तै गरी उपन्यास, खण्डकाव्य जस्ता रचनामा यिनको कलम चलिरहेका भए तापनि ती कृतिहरू प्रकाशन नभएको अवस्थामा उनको खण्डकाव्य र उपन्यासको आधारमा साहित्यको ती क्षेत्रमा उनको मूल्याङ्कन गर्न सकिदैन । यति हुँदाहुँदै पनि उनको कथा, एकाङ्की, समालोचना र अनूदित पुस्तकका आधारमा उनलाई नेपाली साहित्यको आधुनिक कालका मनोवैज्ञानिक कथाकार, एकाङ्कीकार, समालोचक, अनुवादक र सम्पादकका रूपमा स्वीकार गर्नु उचित ठहर्छ ।

## ३.२ उपसंहार

प्रस्तुत खण्डमा शोधपत्रको समग्र मूल्याङ्कन गरिएको छ । यस क्रममा पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ । त्यसअन्तर्गत विषय प्रवेश, शोध समस्या,

शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोध कार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा रहेका छन् ।

दोस्रो परिच्छेदमा साहित्यकार भगवानचन्द्र ज्ञवालीको जीवन, व्यक्तित्त्व र कृतित्त्वको बारेमा अध्ययन गरिएको छ । यस क्रममा वंशपरम्परा, जन्म र जन्मस्थान, बाल्यकाल, उपनयन, शिक्षा दीक्षा, अक्षरारम्भ, विद्यालय शिक्षा, उच्च शिक्षा, बसोबास, विवाह, दाम्पत्य जीवन र सन्तान, व्यवसायिक जीवन, निष्कर्ष, भगवानचन्द्र ज्ञवाली व्यक्तित्त्व, निजी व्यक्तित्त्व, सार्वजनिक व्यक्तित्त्व, साहित्यिक व्यक्तित्त्व, साहित्येतर व्यक्तित्त्व, जीवनी, व्यक्तित्त्व र साहित्यिक लेखनका बीच अन्त : सम्बन्ध, ज्ञवालीका कृतिको अध्ययन, सृजनाको प्रेरणा र प्रभाव, लेखन कार्य, कृतिको परिचय र वर्गीकरण, साहित्यिक कृति, साहित्येतर कृति, फुटकर रचनाहरूको प्रकाशन विवरण, **दोभान** कथासङ्ग्रहको समीक्षा, **जब मरेकाहरू ब्युँभन्छन्** नाटक र एकाङ्की सङ्ग्रहहरूको समीक्षा, जस अन्तर्गत **जब मरेकाहरु ब्युँझन्छन्** नाटकको समीक्षा, **स्वप्नभङ्ग** एकाङ्कीको समीक्षा, **दृष्टान्त** एकाङ्कीको समीक्षा गरिएको छ ।

त्यस्तै गरी तेस्रो परिच्छेदको मूल्याङ्कन शीर्षक अन्तर्गत भगवानचन्द्र ज्ञवालीको व्यक्तित्व कृतित्वको मूल्याङ्कनका आधारमा साहित्यमा उनको स्थानको खोजी गरिएको छ ।

वि.सं २०१३ श्रावण १८ गते मङ्गलबारका दिन पाल्पामा बालकृष्ण ज्ञवाली र माता पार्वती ज्ञवालीको चौथो सन्तानका रूपमा साहित्यकार भगवानचन्द्र ज्ञवालीको जन्म भएको थियो । ग्रामीण परिवेशमा आमाविनाको बाल्यकाल उनले निकै कष्टकर र सङ्घर्षमय तरिकाले बिताएका थिए । उनको अक्षरारम्भ उनकै पिताले ३ वर्षको उमेरमा गराएका थिए भने प्राथमिक तह बालविनोद विद्यालय पाल्पा र माध्यमिक तहको पढाइ खिदिम हरिहर संस्कृत पाठशालामा पूरा गरी यू.पि. बोर्ड इलाहावादबाट २०२९ सालमा एस.एल.सी. पूरा गरेका थिए । प्रवीणता तह यू.पि. बोर्डबाट पूरा गरेका ज्ञवालीले स्नातक त्रिचन्द्र क्याम्पस स्नातकोत्तर त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी र नेपाली दुई विषयमा गरेका छन् ।

वि.सं. २०३२ मा १९ वर्षको उमेरमा पाल्पाकी पार्वती ज्ञवालीसँग वैवाहिक सम्बन्धमा गाँसिएका ज्ञवालीको एक छोरा र छोरी छन् । छोरा अध्ययनरत छन् भने ज्ञवालीकी छोरी अहिले जागिरे जीवन बिताउँदै छिन् । हाल कुपण्डोलमा भाडामा बसिरहेका ज्ञवाली, साधारण नेपाली खाना रुचाउँछन् भने सर्ट पाइन्ट साधारण पोसाक नै लगाउन मन पराउँछन् । वि.सं. २०३२ मा शिक्षण पेसाबाट आफ्नो जागिर जीवन सुरू गरेका ज्ञवाली

हालसम्म यही पेसामा संलग्न छन् भने सोही समयावधिमा साहित्य पनि अगाडि बढाइरहेका छन् । कथा, नाटक, एकाङ्की, कविता, समालोचना सम्पादकीय खण्डकाव्य उपन्यासमा समेत उनले कलम चलाएका छन् । त्यसैले यिनलाई कुशल कथाकार, एकाङ्कीकार र समालोचकका रूपमा पनि चिन्न सकिन्छ । वि.सं. २०४८ सालमा **नवस्रष्टा** पत्रिकामा **बादल** एकाङ्की लेखनबाट साहित्य लेखनमा प्रवेश गरेका ज्ञवालीको **दोभान** (२०६१) कथासङ्ग्रह प्रकाशित भएको छ । प्रकाशनका दृष्टिले यो कथासङ्ग्रह उनको पहिलो पुस्तकाकार कृति हो । यस पछि **जब मरेकाहरू ब्युँझन्छन्** (२०६१) नाटक र **यात्रा समालोचनाको** २०६८ पुस्तक पनि प्रकाशित छ । यसको अलावा साहित्येतर पुस्तकमा विशेषतः अनुवाद गरिएका पुस्तकहरू प्रकाशित छन् । हालसम्म प्रकाशित कृतिमध्ये **दोभान** कथा सङ्ग्रह र नाटकमा सामाजिक विकृति, विसङ्गति, विविध सन्दर्भ र यथार्थ प्रसङ्गलाई कथा, नाटक र एकाङ्कीहरूमा जीवन प्रस्तुति गर्ने प्रयास गरिएको छ । अत्यधिक नारी चरित्रको प्रयोग र नारीबाट पुरुष प्रताडित भएको नकारात्मक पक्षको प्रस्तुतीकरण भएका उनका कथा, नाटक, एकाङ्कीको परिवेश सहरिया रहे तापनि सोही आधारमा त्यस समाजको सामाजिक र मनोवैज्ञानिक यथार्थका विविध पाटाहरूको प्रकटीकरण गर्न ज्ञबाली सफल भएका छन् । यी रचनाहरूका अतिरिक्त ज्ञवालीको साहित्येतर कृतिहरू पनि प्रकाशित छन् तर यहाँ तिनीहरूको विस्तृत अध्ययन नगरी सामान्य विवरण मात्र दिइएको छ । त्यस्तै उनको तयारी तर अप्रकाशित कृतिहरूको सूची निम्नानुसार रहेको छ ।

- **"वीरभूमि" खण्डकाव्य**
- **"सङ्घर्षको बाटो" कथासङ्ग्रह**
- **"गरहित" उपन्यास**
- **"दुई सत्ताको कथा"** (परिशिष्ट : ७८)

यसरी पाल्पाबाट विविध ठाउँमा पढाइ र जागिरका क्रममा पुगेका भगवानचन्द्र ज्ञवाली विविध अनुभवहरू सङ्गाल्दै हाल काठमाडौंमा साहित्यिक यात्रा अगाडि बढाउँदै गइरहेका छन् । नेपाली साहित्यको श्रीवृद्धिमा सहयोगी भूमिका खेल्दै आएको कुरा यसले स्पष्ट पार्दछ । भगवानचन्द्र ज्ञवाली सम्बन्धमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भए तापनि विस्तृत रूपमा उनको कथाकारिता, नाट्यकारिता, कविव्यक्तित्व र समालोचनाको क्षेत्रमा अध्ययनको सम्भाव्यता अझै बाँकी नै रहेको छ ।

## सन्दर्भ सामग्री सूची

### (क) सन्दर्भ पुस्तक सूची

आचार्य, कृष्ण प्रसाद (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा**, काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन ।

उपाध्याय, केशव प्रसाद (२०५७) **नाटकको अध्ययन**, काठमाडौं : साझा प्रकाशन ।

..........., (२०६१), **नेपाली नाटक र नाटकार,** काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५२), **नाटक र रङ्गमञ्च**, काठमाडौं : रुमु प्रकाशन ।

.................... र अन्य (सम्पा) (२०४६) **नेपाली एकाङ्की भाग ३**, काठमाडौं : साझा प्रकाशन ।

कोइराला, कुमार प्रसाद (२०६६) **केही आधुनिक नाटक र नाटककार,** काठमाडौं : ओरिएन्टल पब्लिकेशन प्रा.लि. ।

गैरे, ईश्वरी प्रसाद (२०६६), **आधुनिक नेपाली नाटक**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

ज्ञवाली, भगवानचन्द्र (२०६१), **अनिवार्य नेपाली,** पाल्पा : बालचन्द्र पुस्तकालय ।

.........., (२०६१), **जब मरेकाहरू ब्युँझन्छन्**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.........., (२०६१), **दोभान**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

.........., (२०६३), **असामान्य मनोविज्ञान परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.........., (२०६३), **मार्क्सदेखि माओत्सेतुङसम्म**, काठमाडौं : विविध पुस्तक भण्डार ।

..........., (२०६४), **आधुनिक चीनको आवधिक इतिहास,** काठमाडौं : ऐरावती प्रकाशन ।

..........., (२०६४), **विश्वचर्चित पश्चिमेली उपन्यासको कथासार,** काठमाडौं : नवदीप प्रकाशन प्रा.लि. ।

........., (२०६८), **यात्रा समालोचनाको**, काठमाडौं : स्वदेश प्रकाशन प्रा.लि. ।

पौड्याल, कृष्ण विलास (२०६२), **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** काठमाडौं : नवीन प्रकाशन ।

.............., (२०६३), **नेपाली नाटक र नाटककार,** काठमाडौं : नवीन प्रकाशन ।

बन्धु चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदनलेखन**, काठमाडौं : रत्नपुस्तक भण्डार ।

बराल, ऋषिराज (२०५५), **नेपाली कथा भाग ३**, ललितपुर : साझा प्रकाशन ।

मल्ल, विजय (२०२८), **पत्थरको कथा**, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौं : ने.रा.प्र.प्र. ।

श्रेष्ठ दयाराम (२०५७), **नेपाली कथा भाग ४**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, गोपीकृष्ण (२०६३), **संस्कृत साहित्यको रूपरेखा**, काठमाडौं : अभिनव प्रकाशन ।

शर्मा, हरि प्रसाद (२०५९), **कथाको सिद्धान्त विवेचना,** काठमाडौं : ने.रा.प्र.प्र. ।

सुवेदी, राजेन्द्र (सम्पा)(२०५७), **स्नातकोत्तर नेपाली कथा** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

**(ख) सन्दर्भ शोधपत्र सूची**

अर्याल, शेषकान्त (२०६७) **इल्या भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन विश्वविद्यालय, काठमाडौं ।

देवान, कुल प्रसाद (२०५७) **साहित्यकार कृष्ण जोशीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

बलामी, पुण्यराज (२०६५) **सिरुमारानी नाटकको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।

सुवेदी, दामोदर (२०५६) **शिव अधिकारीको जीवनी व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

**(ग) सन्दर्भ पत्रिका सूची**

ज्ञवाली, भगवानचन्द्र (मार्ग १४), "भूतकाल कविता", **ऐजेरु, मासिक** (वर्ष १ अङ्क ५, ६), पृ. ३ ।

........, (चैत २२, २०५३), "सम्पादकको कलम", **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १), पृ. २ ।

........, (चैत्र २९, २०५३), "सम्पादकको कलम", **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क २), पृ. २ ।

........, (वैशाख ६, २०५४), "सम्पादकको कलम", **नवसौगात साप्ताहिक** (वर्ष १, अङ्क ३), पृ. २ ।

........, (वैशाख १३, २०५४), "सम्पादकको कलम", **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ४), पृ. २ ।

........, (वैशाख २०, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ५), पृ. २ ।

........, (वैशाख २७, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ६), पृ. २ ।

........, (जेठ ३, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ७), पृ. २ ।

........, (जेठ १७, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ९), पृ. २ ।

........, (जेठ २४, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १०), पृ. २ ।

........, (जेठ ३१, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क ११), पृ. २ ।

........, (आषाढ ६, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १२), पृ. २ ।

........, (आषाढ १३, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १३), पृ. २ ।

........, (आषाढ २०, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १४), पृ. २ ।

........, (श्रावण ३, २०५४), “सम्पादकको कलम”, **नव सौगात साप्ताहिक** (वर्ष १, अङ्क १६), पृ. २ ।

........, (आश्विन ९, २०५४), विशुद्ध सेवाको लक्ष्य, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क १), पृ. २ ।

........, (आश्विन १६, २०५४), “दसैंको रन्को”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २), पृ. २ ।

........, (आश्विन ३०, २०५४), “सत्ताको लुछाचुडी र नेपाली राजनीति”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ३), पृ. २ ।

........, (कात्तिक ७, २०५४), “सम्पादकीय”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ४), पृ. २ ।

........, (कात्तिक १४, २०५४), "महाकवि देवकोटाको सम्झनामा", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ५), पृ. २ ।

........, (कात्तिक २८, २०५४), "कुर्ची मोह", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ६), पृ. २ ।

........, (मंसिर ५, २०५४), "श्रद्धाञ्जलि डा. बरालप्रति", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ७), पृ. २ ।

........, (मंसिर १२, २०५४), "भ्याटको औचित्य", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ८), पृ. २ ।

........, (मंसिर १९, २०५४), "सन्दर्भ : एडस् दिवस", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ९), पृ. २ ।

........, (मंसिर २६, २०५४), "पुनर्मुसिको भव :", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क १०), पृ. ३ ।

........, (पुस ३, २०५४), "काँग्रेस सत्तामा पुग्नु मुलुकका लागि दुर्भाग्य", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ११), पृ. २ ।

........, (पुस १७, २०५४), "वर्तमान नेपालीको अवस्था", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क १३), पृ. ३ ।

........, (माघ ९, २०५४), "मध्यावधि", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क १६), पृ. २ ।

........, (माघ १६, २०५४), "वीर सहीदहरूप्रति", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क १७), पृ. २ ।

........, (फागुन ७, २०५४), "एमालेको विभाजनले पार्न सक्ने प्रभाव", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २०), पृ. २ ।

........, (फागुन १४, २०५४), "शिक्षा दिवसको औचित्य", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २१), पृ. २ ।

........, (फागुन २१, २०५४), "मानवअधिकारको अवहेलना", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २२), पृ. २ ।

........, (फागुन २८, २०५४), "गजल", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २३), पृ. ३ ।

........, (चैत्र ६, २०५४), "प्रगतिशील प्राध्यापक सङ्गठन साझा मञ्च हो", **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २४), पृ. २ ।

........, (चैत्र १३, २०५४), “क्षयरोग दिवस”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २५), पृ. २ ।

........, (चैत्र २०, २०५४), “कार्यगत एकताको खाँचो”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २६), पृ. २ ।

........, (चैत्र २७, २०५४), “नेपाल बन्द”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २७), पृ. २ ।

........, (वैशाख ३, २०५५), “२२५५ को शुभकामना”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २८), पृ. २ ।

........, (वैशाख १७, २०५५), “मई दिवस”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क २९), पृ. २ ।

........, (जेठ ७, २०५५), “उज्यालो मृत्यु”, **नयाँ बिहानी साप्ताहिक** (वर्ष १, अङ्क ३२), पृ. २ ।

........, (भदौ २६, २०५०), “गीत”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क २४), पृ. २ ।

........, (भदौ २७, २०५०), “किसान”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क २५), पृ. २ ।

........, (असोज १०, २०५०), “एकलास”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क २७), पृ. ३ ।

........, (असोज १७, २०५०), “औपन्यासिक गुरुआमा”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क २८), पृ. ३ ।

........, (असोज २४, २०५०), “म चाहन्छु”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क २९), पृ. ३ ।

........, (मंसिर २७, २०५०), “अन्तर्चक्षु” **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ३४), पृ. ३ ।

........, (पौष ४, २०५०), “अर्थ के ?”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ३५), पृ. ३ ।

........, (पौष ११, २०५०), “युद्ध अझै जारी छ”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ३६), पृ. ३ ।

........, (पौष १८, २०५०), “जनआन्दोलन र एकतन्त्र”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ३७), पृ. ३-४ ।

........, (माघ, ३ २०५०), “छोराको चित्त बुझाउँदा” **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ३९), पृ. ३ ।

........, (फागुन १, २०५०), “सहीदको सम्झनामा”, **नारायणी धारा साप्ताहिक** (वर्ष १, अङ्क ४३), पृ. ४ ।

........, (भदौ १६, २०५३), “नेपाल भारत सीमा समस्याहरू”, **प्रतीक दैनिक** (वर्ष १०, अङ्क १), पृ. २ ।

........, (जेठ २२, २०५४), “अस्तित्वको खोजी”, **प्रतीक दैनिक** (वर्ष १०, अङ्क २५६), पृ. २ ।

........, (असार २, २०५४), “भारतीय प्र.म. गुजरालको नेपाल भ्रमण : एक दृष्टि'', **प्रतीक दैनिक** (वर्ष १०, अङ्क २७७), पृ. २ ।

........, (भदौ ३०, २०५६), “नेपाली भूमि र भारतीय भ्रमको खेती”, **प्रतीक दैनिक** (वर्ष १३, अङ्क ३०), पृ. २ ।

........, (श्रावण २१, २०५८), “नेपाली जनताले बुझ्नुपर्ने कुरा एक”, **प्रतीक दैनिक** (वर्ष १४, अङ्क ३३९), पृ. २ ।

........, (श्रावण २२, २०५८), “नेपाली जनताले बुझ्नुपर्ने कुरा दुई”, **प्रतीक दैनिक** (वर्ष १४, अङ्क ३४०), पृ. २ ।

........, (आषाढ २५, २०५८), “विश्व साम्राज्यवाद र दरबार हत्याकाण्ड”, **प्रतीक दैनिक** ( वर्ष १४, अङ्क ३१२), पृ. २ ।

........, (२०६३), “मेरो देश”**, गौरी** ।

........, (२०५१), “श्रीमैयाको इयर्लिङमाथि मेरो नजर पर्दा”, **नवपल्लव**, पृ. १८-२१ ।

........, (मंसिर २९, २०६८), “समाज रूपान्तरणको बाटो”, **जनजिब्रो साप्ताहिक** (वर्ष १७, अङ्क १५), पृ. २ ।

........, ( ), “अप्रकाशित रचनामा अरूण मिश्रको विम्ब खोज्दा,” **युद्ध -४** अरूण प्रकाश मिश्र विशेषाङ्क, पृ. ५६-५८ ।

........, (फागुन २०६६), “स्मृतिको पर्खालभित्र चियाएर हेर्दा”, **शब्दाङ्कुर,** (वर्ष ९, अङ्क ५ पूर्णाङ्क १०१), पृ. १५-१९ ।

........, (२०५०), “स्वर्ग र देवताको विश्लेषण'', **गौतम** साहित्यिक पत्रिका (वर्ष १, अङ्क १), पृ. ४५-४८ ।

........, (फागुन, २०६३), “जेलमा एक रात”, **मिर्मिरे मासिक**, (वर्ष ३५, अङ्क ११, पूर्णाङ्क २५८), पृ. ४७-५५ ।

........, (२०६५), “अन्धवेग नाटकमा, असामान्य मनोदशाको अभिव्यक्ति”, **इतिहास प्रवाह वार्षिक** (वर्ष ३, अङ्क ३), पृ. ४७-५५ ।

........, (२०५४), “असलीदेखि सावधान”, **प्रतिभा स्मारिका** (वर्ष १, अङ्क १), पृ. ३३-३५ ।

........, (चैत्र, २०६६), “स्मृतिको पर्खालभित्र चियाएर हेर्दा”, **मधुपर्क,** (वर्ष ४२, अङ्क ११, पूर्णाङ्क ४९०), पृ. ५१-५६ ।

........, (२०६५), “अ म्यान ह्यान्डिक्याप”, **द सी मिरर हेरल्ड**, पृ. ७८-७९ ।

........, (२०६१), “जासुस लडाकुको डायरी”, **उन्मेष** (अङ्क ८), पृ. १४४-१४८ ।

........, (२०६४), “हाम्रा सामान्य त्रुटिलाई कसरी हेर्ने”, **उन्मेष** (अङ्क ९), पृ. ८५-८८ ।

........, (२०६६), “मनोविज्ञानका नजरभित्र ‘मसान’को स्वरूप”, **उन्मेष** (अङ्क १०), पृ. ७३-७८ ।

........, (२०६८), “तासको जामा नाटकमा द्वन्द्वको अवस्था”, **उन्मेष** (अङ्क ११), पृ. ८१-८८ ।

# परिशिष्ट

**शोधार्थीका रूपमा सविता थापाद्वारा मिति २०६८/९/१२ मा शोधनायक भगवानचन्द्र ज्ञवालीसँग लिइएको लिखित अन्तर्वाताको विवरण**

भगवानचन्द्र ज्ञवाली
जन्म वि.सं. २०१३/४/१०
हाल कुपण्डोल, ललितपुर

**तपाईंको जन्म कहाँ र कहिले भयो ?**

मेरो जन्म पाल्याको भुवनपोखरी गा.वि.स. वडा नं. ९ (तत्काल ८ नं ) खान्टुङ भन्ने गाउँमा वि.सं २०१३ श्रावण १८ गते मङ्गलबार बिहान करिब ७ बजेतिर आफ्नै घरको करेसाबारीमा भएको हो ।

**आफ्नो पुर्ख्यौली र वंश परम्पराबारे केही जानकारी दिनुहोस् न ।**

हाम्रो पुर्ख्यौली मूल थलो कर्णालीको सिञ्जा हो । गुल्मीका राजाले पण्डितका रूपमा सुमेरु नामक व्यक्तिलाई ल्याएको र उनै सुमेरुले बुढ्यौलीमा विवाह गरी तिनैबाट भएको सन्तानका वंशज नै अहिलेका ज्ञवाली हुन् । सुमेरु यज्ञवाल पण्डित थिए । उनको मृत्युपछि उनकै श्रीमतीलाई यज्ञवाली भन्दा भन्दै **य** कर्तन भएर ज्ञवाली बाँकी रहेको र त्यसैलाई थरका रूपमा प्रयोग गरिँदै आएको हो । सोही यज्ञवालीका वंशज ११ औं पुस्तामा विर्ता पाएर गुल्मीबाट पाल्पाको गोसुङ्गामा बसाइँ सरी आएका हुन् । त्यसैले ज्ञवालीहरूको मूल थलो हाल पाल्पा गोसुङ्गा भएको छ । तर मेरो हजुरबुबा भने पाल्पा गोसुङ्गाबाट बसाइँ सरी बगुवा बेसीमा वस्नु हुन्थ्यो । पछि मेरो बुबा बगुवा बेसीबाट बसाई सरी पुनः गोसुङ्गामा बस्न थाल्नुभयो ।

**तपाईंका माता पिताको नाम ?**

मेरो आमाको नाम गङ्गादेवी र बाबुको नाम बालकृष्ण ज्ञवाली हो । उहाँहरू दुवै स्वर्गीय भइ सक्नु भएको छ ।

**तपाईंलाई मातृशोक र पितृशोक कहिले-कहिले आइपरेको हो ?**

वि.सं २०२३ साल चैत्र २८ गते मातृ शोकबाट गुज्रिएँ र वि.सं २०५६ मा बुबा पनि बित्नु भयो ।

**तपाईंको न्वारनको नाम के हो ?**

जन्मदाको समयमा धनु राशि परेकाले सोही अनुसार मेरो न्वारनको नाम जगदीश ज्ञवाली रहेको छ ।

**जम्मा कति जना दाजुभाइ दिदी बहिनी हुनुहुन्छ र तपाई कुन चाहिँ हो, उहाँहरूको बारेमा केही बताइ दिनुहोस् न ?**

हामी माता पिताका ८ सन्तान मध्ये ५ जना दाजुभाइ छौं र ३ वटी दिदी हुनुहुन्छ । म पूर्व तीन दिदीहरू मध्ये क्रमश : शारदा, राधा र लक्ष्मी हुनुहुन्छ । पाँच भाइमध्ये म जेठो हुँ, पछिका चार भाइ क्रमश : लक्ष्मीचन्द्र, ईश्वरचन्द्र, कृष्णचन्द्र र सूर्यचन्द्र ज्ञवाली हुन् । भाइहरू क्रमशः रूपन्देही, तिनथाना, तिनथाना र अमेरिकामा हाल बस्दै आएका छन् । दिदीहरू शारदा दिदी गोखुङ्गा, माहिली दिदी लक्ष्मी गुल्मी र कान्छी दिदी राधा रूपन्देहीमा विवाहित जीवन व्यतीत गरि रहेका छन् ।

**तपाईंको उपनयन कहिले भएको हो ?**

मेरो उपनयन ८ वर्षको उमेरमा पाल्पामा नै भएको थियो ।

**तपाईंको बाल्यकाल के कसरी बितेको थियो ?**

मेरो पूरै बाल्यकाल पाल्पाको गोसुङ्गा र बगुवा बेसीमा नै बितेको थियो । म घरमा चौथो नानीका रूपमा जन्मिएको थिएँ, थोरै समयको अन्तरमा भाइहरू जन्मिएका कारण मनोवैज्ञानिक रूपले उपेक्षित जस्तो अनुभव गर्थें । हुन त जानेर उपेक्षा त भएको थिएन तर एउटै घरमा ८-८ जना छोराछोरी हेर्न त आमा बुबालाई सायद गाह्रै हुन्थ्यो होला, अहिले बुझ्छु । घरमा साथै गाउँमै पनि बुबा पढे लेखेको व्यक्ति हुनाले उहाँले बोल्नु भएको वचन अकाट्य जस्तै हुन्थ्यो । त्यसले गर्दा बुबाको नजिक जान भने म डराउँथे । आमाको मृत्युपछि आफ्नो अलिक नजिक भएकी आमा पनि साथमा नहुँदा सानामै एक्लो अनुभव हुन्थ्यो । मैले पढाइ सुरू गर्दा कक्षामा म भन्दा ८ -१० वर्ष बढी उमेरका नानीहरू हुन्थे । डरले गर्दा पनि होला अथवा भनुँ पढ्नमा राम्रै थिएँ । त्यसले गर्दा आफूभन्दा ठूला केटाका बीच पनि मलाई तिनीहरू भन्दा बढी आउँछ भन्ने आत्मविश्वास आउँथ्यो ।

**तपाईंको अक्षरारम्भ, प्राथमिक र माध्यमिक तहको शिक्षा कहाँ कहाँ सम्पन्न भयो ?**

अक्षरारम्भ बुबाले घरमै ३ वर्षको उमेरमा आफैँले गराउनु भएको हो । प्राथमिक तहको अध्ययनका लागि बुबाले नै स्थापित गरेको झिर्वासको बालविनोद विद्यालय र ढुकुर खोला पाल्पाको बालोदय प्रा.वि. मा गएँ । खिदिम, हरिहर संस्कृत पाठाशालामा कक्षा ६ देखि कक्षा ९ सम्म पढैं । यू.पी. बोर्डबाट सन् १९७३ (२०२९) मा एस.एल.सी दिएको थिएँ ।

**आफ्नो उच्च शिक्षाका बारेमा केही बताइदिनुस् न ?**

एस.एल.सी. सिध्याएको लगत्तै आई, ए. को पढाइ सुरू गरेर वि.सं. २०३१ मा यू.पी. बोर्ड इलाहावादबाट पूरा पनि गरे । त्यसपछि सम्पूर्णानन्द विश्वविद्यालय बनारसबाट नव्य व्याकरण, नेपाली, अङ्ग्रेजी विषय लिएर वि.सं २०३३ मा आफ्नो स्नातक पूरा गरें । यसै बीचमा २०३२ सालमा नेपाल आएर विवाह पनि गरें । स्नातक सकेपछि नेपाल आएर काम धन्दामा लागें । आफ्नो पढाइ केही समयका लागि मैले स्थगित गर्नुपर्थ्यो । तत्पश्चात् दिउँसो जागिर खाएर बेलुका त्रिचन्द्रमा फेरि स्नातक अध्ययन सुरू गरें । वि.सं २०३४ र २०३५ मा सो पूरा गरें । काम गर्दै वि. २०३६-२०३९ को समयावधिमा अङ्ग्रेजीमा स्नातकोत्तर गरें । त्यतिखेर घरमै गरिएको अध्ययनका भरमा स्नातकोत्तर सकें, कलेज भने गइन । त्यसपछि २०३९-४१ सम्मको समयावधिमा त्रिभुवन विश्वविद्यालयबाट फेरि नेपाली विषयमा स्नातकोत्तर गरें । पछि २०५२ मा .वि.एड. पनि सोही विद्यालयबाट गरे । पढ्ने चाहना हुँदाहुँदै पनि परिस्थिति अनुकूल नभएर मेरठमा गर्न आँटेको स्नातक एकै वर्षमा छोड्नु पऱ्यो भने ल क्याम्पसमा सुरू गरिएको बि.एल. पनि पूरा गर्न सकिन । यसरी नै पढ्ने क्रम रोकियो अब पढाउने काममै व्यस्त छु तापनि घरमा फुर्सदको समयमा पढ्छु ।

**साहित्य, सृजनाका क्षेत्रमा कसरी आउनुभयो र तपाईको प्रेरणाको स्रोत को हुनुहुन्छ ?**

प्रायः आत्मीय जनसँगको वियोगजन्य पीडाबाट धेरै साहित्यकारको साहित्य यात्रा सुरू भएको देखिन्छ । मातृवियोगजन्य भावुकता नै मेरो पनि साहित्यिक यात्राको कारक बन्यो । त्यसपछिको अर्को आधार वा प्रेरणा मोदनाथ प्रश्रितको **"बुबा खै ?"** भन्ने काव्य र अन्य साहित्यको अध्ययन नै रह्यो । **"आमा खै ?"** शीर्षकमा ४०, ५० पङ्क्ति कविता लेखें तिनको मूल भाव शोक थियो । अहिले त्यो मसँग पनि छैन, सम्झन खोज्छु केही याद त छ तर सबै छैन । त्यसपछि त उमेरको वृद्धि सँगै

साहित्यका विविध विधाको अध्ययन र लेखनमा चाख लाग्न थाल्यो । अलिकति प्रेरणा पाल्पाको हावापानी र वरिपरिको वातावरणले पनि दिएको कुरा म मान्छु ।

**जागिरे जीवन कहिले सुरू गर्नु भयो र कसरी अगाडि बढाउनु भयो ?**

पढाइको क्रममा हरिद्वारमा छ महिना जति काम गरेको थिएँ तर त्यसलाई निरन्तर अगाडि लैजान सकिनँ । पछि २०३२ चैतमा नेपाल फर्किएपछि जनज्योति नि.मा.वि. पण्डित पौवामा गणित विज्ञान र अङ्ग्रेजी शिक्षकका रूपमा आफ्नो जागिरे जीवन सुरू गरें । २०३३ मा फेरि फर्किएर सम्पूर्णानन्द विश्वविद्यालयको स्नातक दोस्रो वर्षको जाँच दिन गएँ । त्यहाँ स्कुलमा १ वर्ष पढाएँ । पछि एकवर्ष मैले पण्डित्याइँ पनि गरें । सप्ताह, देवी पुराण, भागवत, गरुण पुराण भन्ने काम पनि गरी हेरें तर अन्त्यमा शिक्षण पेसामा नै सन्तुष्टिको अनुभव भयो । २०३५ सालको विद्यार्थी आन्दोलनमा लागे वापत जागिर खोसियो । त्यसपछि २०३७ मा बुटवल बोर्डिङ स्कुलमा एक वर्ष पढाएँ अनि गजडी मा.वि. रूपन्देहीमा २०४१/१/१८-२०४२/४/२५) पनि शिक्षकको रूपमा काम गरें । त्यस बखत शिक्षक आन्दोलनमा सहभागी भए वापत तीन महिना जेल परें र मेरो जागिर पनि खोसियो । त्यसबाट निस्केर देउले अर्चले पाल्पा संस्कृत मा.वि. मा अङ्ग्रेजी शिक्षकका रूपमा काम गरें । अनि बास्तरा चौराली मा.वि. (२०४४-४५) स्याङ्जामा सुरूमा शिक्षकका रूपमा काम गरेो थिएँ पछि प्रधानाध्यापकका रूपमा पनि काम गरें । तत्पश्चात् २०४६-४७ सालमा **दोभान** मा.वि. पाल्पामा अङ्गेजी शिक्षकका रूपमा अध्ययन गराएर त्यसपछि चाहिँ २०५७ मा स्कुलबाट कलेजतर्फ अध्यापनको सिलसिलामा सुरू भयो । २०४७ मंसिरमा द्रव्यशाह क्याम्पसमा उपप्राध्यापकका रूपमा पढाएँ तर राजनैतिक दवावका कारण २०४९/८/१८ मा ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जमा सरुवा भएर त्यहीं पढाउन थाले । त्यसै समयमा नर्सिङ क्याम्पसमा अङ्ग्रेजी र नेपाली विषय पढाएँ तर नियति नै भन्नुपर्‍यो वि.सं २०५८ साल मंसिर २८ गते माओवादीका नाममा डेढ वर्ष जेल जीवन बिताउन बाध्य भएँ । जेलबाट निस्केपछि ठाकुरराम क्याम्पसबाट सरुवा लिएर रत्न राज्यलक्ष्मी क्याम्पसमा पढाउन थालेँ । अहिलेसम्म म त्यहीँ नै छु ।

**तपाईंको विवाह कहिले र कहाँ भएको थियो ?**

मेरो विवाह २०३२ सालमा हानगादी, पाल्पाका बाबुराम घिमिरेकी छोरी पार्वती घिमिरेसँग पाल्पामा भएको थियो ।

**हाल परिवारमा को को हुनुहुन्छ ?**

मेरा परिवारमा म, मेरी श्रीमती पार्वती, छोरी सरिता र छोरा भाष्कर ज्ञवाली गरी चार जना छौं । छोरी व्यवस्थापन स्नातकोत्तर सकेर एउटा जापानी प्रोजेक्टमा जागिर खादै छे भने छोरा इन्जिनियरिङमा स्नातकोत्तर गर्दैछ । हाल ऊ जर्मनीमा छ । आमाबुबा बितिसक्नु भयो, दाजुभाइ दिदीबहिनी व्यवस्थित जीवन बिताउँदै छन् ।

**विशेष गरी साहित्यमा केबाट बढी प्रभावित हुनुहुन्छ ?**

पाश्चात्य साहित्यमा मलाई **लियो टोल्सटोय, हेनरिक इब्सेन, म्याक्सिम गोर्की** जस्ता साहित्यकार र कृतिको अध्ययनमा बढी चाख लाग्छ र तिनीहरुबाट प्रभावित छु नै भन्नु पऱ्यो । नेपाली साहित्यकाहरूरमा **लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, युद्धप्रसाद मिश्र**बाट म बढी प्रभावित छु ।

**साहित्य लेखन कहिले र कसरी सुरू गर्नुभयो ?**

**आमा खोई** ? कविता २०२३ सालमा लेखेदेखि म लेखनमा जुटेको हुँ तत्पश्चात् २०२५ सालमा हरिद्वार छात्र सङ्घको मुखपत्र **'सगरमाथा'** नामक पत्रिकामा **सपना** कविता प्रकाशित भयो । जागिरका क्रममा विविध ठाउँमा पुग्दा विविध पत्रपत्रिकामा स्तम्भ लेखन, पत्रपत्रिका सम्पादन गर्ने क्रममा केही फुटकर रचना, कविता, एकाङ्की, निबन्ध, गीत गजल प्रकाशित भए अनि लेख्ने क्रम जारी नै रह्यो ।

**कुन कुन पत्रिकामा काम गर्नु भयो ?**

मैले वीरगञ्जको **नारायणी धारा** साप्ताहिक पत्रिका (२०५०) मा स्तम्भ लेखन गरें साथै **नवसौगात** २०५३, **प्रतीक** २०५८ **नयाँ बिहानी** २०५४ जस्ता पत्रिकाको सम्पादन गरें । तिनमा मेरा केही फुटकर रचना र सम्पादकीयहरू प्रकाशित छन् ।

**पुस्तकाकार कृति कहिले कसरी लेखन र प्रकाशन गर्नुभयो ?**

ठाकुराम क्याम्पसमा पढाउँदै थिएँ । २०५८ साल मंसिर २८ गते माओवादीका नाममा कैद परें । डेढ वर्षको समय जेलमा बिताएँ । सायद एक मौका नै भयो मेरो लागि, सधैं काम, जागिर, कर्तव्य यी कुराले छोपेको हुनाले साहित्यलाई पूर्ण समय

दिएको थिइन । जब जेल परेँ सायद, मैले  भावना प्रस्फुटनको सही समय पाएँ । जेल जानुपूर्व नै केही कथा लेखेको भए पनि **दोभान** कथा सङ्ग्रह त्यही समयमा पूरा गरेँ अनि **जब मरेकाहरू ब्युँझन्छन्** चाहिँ २०५१ तिरै लेखिएको थियो । पछि २०६१ सालमा सँगै प्रकाशन गरेँ । **असामान्य मनोविज्ञान**को पुस्तक पनि जेलभित्रै लेखेँ । अरू अनुवाद रचनाका पुस्तकहरू पनि प्रकाशित गरेको छु ।

**साथी मित्र बनाउन कतिको हतारिनु हुन्छ ?**

म मानिससँग अलि ढिलो सम्पर्क गर्ने खालको छु । सीमित मानिससँग नजिकिन सक्छु अनि जतिसँग मिल्छु जीवनभरको गाढा सम्बन्ध बनाउँछु । त्यसैले मेरो सीमित र कालान्तरका साथी मित्र हुनुहुन्छ ।

**कुन कुरा सहन सक्नु हुन्न ?**

चाकडी चाप्लुसी गरेको म देख्न पनि सक्दिन सहनु त परै जाओस्, अनि मलाई मनमा कुरा लुकाउनु पऱ्यो भने पनि गाह्रो पर्छ । अरूले थोपरेको विचार म सहन सक्दिन, तर्क विर्तक गरेर चित्त नबुझेको कुरा स्पष्टीकरण दिन्छु र लिन्छु पनि ।

**दिनचर्याको सुरूवात र अन्त्य कुन कुन समयमा गर्नुहुन्छ ?**

प्रायः दश साढे दश बजे सुतिसक्ने र बिहान सबेरै चार या साढे चार बजे उठ्ने र दिनचर्या सुरूवात गर्ने बानी छ ।

**आफूलाई धेरै मन पर्ने खाद्य र पेय के के हुन् ?**

साधारण नेपाली खाना शाकाहार, मासांहार दुबै खान्छु । गुन्द्रक मलाई साह्रै मनपर्छ साग पनि मन पर्छ तर चिल्लो पिरो र मसलादार खाना त्यति मन पर्दैन ।

**कस्तो प्रकारको पहिरनलाई प्राथमिकता दिनुहुन्छ ?**

शरीरलाई सजिलो हुने लुगा रुचाउँछु । विशेष गरी सर्ट पाइन्ट

**फुर्सदको समय कसरी बिताउनुहुन्छ ?**

मार्क्सवादी कृति पढेर र साहित्य सिर्जनामा लागेर फुर्सदको समय बिताउने गर्छु ।

**साहित्य सिर्जनाको स्रोत के लाई मान्नु हुन्छ ?**

आफू बाँचिरहेको समाज र परिवेश नै साहित्य सिर्जनाको मुख्य स्रोत हो । आँखा अगाडि घटेका हरेक घटनाले कहिले गीत गजलको रूप लिन्छ कहिले कथा एकाङ्कीको त कहिले लेखेको मान्छेले भोगिरहेको यथार्थता हेरेर नै साहित्य सिर्जना अगाडि बढ्ने हुँदा समाजलाई नै साहित्यको स्रोत मान्नु पर्छ ।

**कुन कुन विधामा कलम चलाउनु भएको छ ?**

कथा, नाटक, निबन्ध, एकाङ्की, गद्य कविता, गीत गजल, खण्डकाव्य, समालोचनात्मक लेख लेखेको छु कथा र नाटकका पुस्तक प्रकाशित छन् । खण्डकाव्य लेखेको छु तर प्रकाशन भएको छैन । बाँकी फुटकर रूपमा पत्र पत्रिकामा प्रकाशित भइरहन्छन् ।

**साहित्येतर कुन कुन क्षेत्रमा कलम चलाउनु भएको छ ?**

**असामान्य मनोविज्ञान** सम्बन्धमा पुस्तक निकालेको छु अनि तीन वर्षे बी.एड को **अनिवार्य नेपालीको** पाठ्यपुस्तक पनि प्रकाशित छ । त्यस्तै अनूदित रचना पनि प्रकाशित छन् । **आधुनिक चीनको आवधिक इतिहास २०६४, विश्वचर्चित पश्चिमेली उपन्यासहरूको कथासार २०६४ मार्क टु माओ**को अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गरी प्रकाशित गरेको छु ।

**हाल कुन कुन रचना तयारी अवस्थामा छन् ?**

**वीरभूमि** खण्डकाव्य र **"संघर्षको बाटो"** कथासङ्ग्रह, **गरहित** उपन्यास, **दुई सत्ताको कथा** यी तयारी अवस्थामा छन् ।

**हाल के गर्दैहुनुहन्छ ?**

अहिले त रत्न राज्यलक्ष्मी क्याम्पस भृकुटी मण्डपमा उपप्राध्यापकका रूपमा कार्यरत छु ।

**कुन कुन भाषामा बोल्न र लेख्न सक्नु हुन्छ ?**

अङ्ग्रेजी, नेपाली, हिन्दी, अङ्ग्रेजी र नेपाली भाषा अन्तर्गत रहेर स्नातकोत्तर गरेँ, अध्यापन पनि गराएको छु अनि हिन्दी भाषा त भारतमा अध्ययनको क्रममा यसै नै सिकियो । हिन्दीमा पनि कविता लेख्छु कहिले कहीँ, अङ्गेजी र नेपाली भाषामा त जति पनि रचना भेट्नु हुन्छ ।

**समाजमा आफूलाई कुन स्थानमा हेर्नु हुन्छ ?**

एउटा जनसेवीका स्थानमा राख्छु, अहिले शिक्षकका रूपमा पनि सेवा दिँदैछु । कहीँ कतै अप्ठ्यारो, गाह्रो घटना, दुर्घटनामा परेको छ भने सहयोग नगरी बस्न सक्दिन । भनिन्छ नि, सेवा नै धर्म हो अरू गरेर धर्म नकमाइएला तर सेवा गरेर आत्मशान्ति चाहिँ साच्चै नै कमाउँछु । आफूले सक्ने जति क्षेत्रमा सहायता गर्न चाहन्छु चाहे

त्यो आर्थिक होस् वा अन्य । हालै पनि मैले नेत्रदान गरेको छु । मेरो मृत्युपछि सायद यी आँखाले अरू कसैको कल्याण पक्कै गर्लान् ।

**तपाईंले पत्रिका पनि सम्पादन कार्य गर्नुभएको छ, होइन त ? त्यसमा तपाईंको भूमिका के थियो ?**

**नव सौगात** साप्ताहिक वीरगञ्ज २०५३ **नयाँ बिहानी** वीरगञ्ज २०५४ **प्रतीक** (२०५३-०५६) **नारायणी धारा** (२०५०), यी पत्रिका मध्ये **प्रतीक र नारायणी धारा**मा स्तम्भ लेखन गरैं । **नव सौगात** साप्ताहिक र **नयाँ बिहानीमा** सम्पादकको भूमिका निभाएँ । साहित्यिक र साहित्येतर दुबै प्रकारका रचना छन् । साहित्येतरमा जनमानसमा जागरण ल्याउने विषयवस्तु बढी चयन गर्थें । हाल : समाजमा भएका विविध राजनैतिक घटना र ती घटनाले जनतामा पार्ने नकारात्मक असरको वर्णन मेरो मुख्य विषय हुन्छ भने त्यसबाट जति सक्दो मानव हृदयलाई सचेत रूपमा उजागर गर्ने कोसिस गर्छु । **प्रतीक** दैनिकमा स्तम्भ लेखन गर्दा उठाएको नेपाली भूमि र भारतीय हस्तक्षेप सम्बन्धका लेखहरूका कारण भारतीय दूतावासले स्पष्टीकरणसम्म मागेको थियो ।

**तपाइँको पुर्ख्यौली घर हाल पनि पाल्पा गोखुङ्गा नै हो ?**

होइन २०४६ सालमा बुबा बसाइँ सरी रूपन्देही आउनु भयो । अहिले पुर्ख्यौली जायजेथा रूपन्देही मै छ । अब त बुबा पनि स्वर्गीय भइ सक्नु भयो ।

**'दोभान' कथासङ्ग्रहको विषयमा केही भनिदिनुहोस् न ?**

**दोभान** कथासङ्ग्रहमा सङ्गृहीत कथाको मूल उद्देश्य नै समाजको विसङ्गतिमय अवस्थाको चिरफार गर्नु हो । समाजिक विसंगतिको विरेचन र समाज सुधारको लक्ष्यले यो लेखेको छु । त्यसैले प्राय : सहरी समाजमा हुने वास्तविक घटनालाई कथावस्तु बनाएको छु । यस सङ्ग्रहमा रहेको एउटा कमजोर पक्षचाहिँ मैले खुलाउनु नै पर्छ । सबैले भन्छन्, सङ्ग्रहका नारी चरित्र मात्रै किन चरित्रहीनका रूपमा प्रस्तुत गर्नुहुन्छन् । सायद, त्यति बेला पितृसत्तात्मक दृष्टिकोणबाट म पूर्ण रूपले मुक्त हुन सकेको थिइनँ होला मेरो जवाफ यही हुन्छ । अहिले फर्केर त्यो सङ्ग्रहलाई हेर्दा आफ्नो मूल्याङ्कन त्यसरी गर्छु ।

**जब मरेकाहरू ब्युँझन्छन् नाटकका विषयमा केही भन्न चाहनु हुन्छ ?**

समाजको आजको स्थिति देखाउनु मेरो प्रमुख लक्ष्य थियो । दिनहुँ सत्तामा आउने परिवर्तन, निम्न जनताको हालतको विरुद्ध अब परिर्वतन हुनुपर्छ, सर्वसाधारण जाग्नुपर्छ भन्ने परिवर्तनको सोच यसमा राखेको छु । भूमिगत सङ्गठनद्वारा संचालित क्रान्तिको एक झलक दिने प्रयास पनि गरेको छु । यसको अन्त्यमा चाहिँ अहिले म त्यति सन्तुष्ट छैन । जसरी सङ्घर्ष देखाइएको छ त्यसरी नै सङ्घर्षको परिणाम अलि खुलाएर बाहिर ल्याउन नसकेको हो कि भन्ने विचार मेरो मनमा आउँछ तापनि सर्वसाधारणको विद्रोही भावना र साहसले हामी समाज र देश परिवर्तन गर्न सक्छौं भन्ने सन्देश दिन सकेकोमा सन्तुष्ट छु ।

............................

भगवानचन्द्र ज्ञवाली